# अभिग्रहण 2

म...केवल केहि ढिला भएछु। म कोहि क्रूर व्यक्ति संग उल्झिएको थिए, र म केवल त्यसबाट भएर जान पर्ने भएको थियो त्यस बेलामा, किनकि तिनीहरु अत्यन्तै खराब थिए। मिचिगान देखि चलाउदै ल्याएर, शेरिफ प्रहरीले बोलाएको थियो, र अरु त्यस्तै भयो, तिनीहरु एकदमै, एकदमै खराब थिए। अब, तर यी सबै ठिक हुनेछ; सबैकुरा—सबै कुरा अहिले नियन्त्रणमा नै छ, त्यसैले यो ठिकै छ। जब परमप्रभु भित्र आउनुहुन्छ, तब सबै कुरा नियन्त्रणमा नै रहन्छ, होइन र? ओ, उहा—उहा यति असल हुनुहुन्छ: उहाको भालाई र कृपाको बारेमा सोच्दा, उहा हाम्रो लागि कति अर्थ राख्नुहुन्छ, र उहाको प्रशंशाहरु हाम्रो निम्ति कति मूल्यवान् छ।

ठिक छ, हामीले यो भनेर शुरू गर्न कोशिष गर्दै थियौ कि हामीले एफिसीको पुस्तकको पहिलो तिन ओटा अध्याय लिन्छौ। र मलाई लाग्छ हामीले पहिलो तिन ओटा शब्दहरु लिएका छौ, वा पहिलो तिन ओटा *केहि* कुराहरु त्यहाँ लिएका छौ। हामी धेरै टाढासम्म गएका थिएनौ, तर हुनसक्छ आज राति हामी केहि थोरै अगाडि सम्म जान सक्छौ। अब, म यो भन्न चाहन्छु कि म एउटा बाईबलको विद्यार्थी होइन, म एउटा धर्मज्ञानीबाट धेरै भन्दा धेरै टाढा छु, तर म—म परमप्रभुलाई प्रेम गर्छु, र म उहाको सेवा गर्न मन पराउछु र...[एउटा भाईले भाई ब्रन्हामसंग बोल्नुहुन्छ—सम्पा।]

कसैले, भर्खरै अपर्झट भन्नुभयो, हामीले यसलाई अगाडि बढाउनुभंदा अगाडि, एउटा सानी केटि लुइसभिलको एउटा अस्पतालमा हुनुहुन्छ, र सबै उत्तम विषेशज्ञहरुले आशा मारिसक्नुभएको छ, उनी अहिले मर्दैछिन्, र यस बच्चीको निम्ति अनुरोध आएको छ। इसाई भएको नाताले, अहिले प्रार्थनाको निम्ति हाम्रो शिरहरु झुकाउनु हाम्रो दायित्व हो।

हाम्रो अनुग्रहि परमप्रभु, यो केवल हाम्रो दायित्व मात्रै होइन तर सौभाग्य पनि हो, र यो हाम्रो—हाम्रो चाहना हो कि आज राति एउटा मण्डलीको रूपमा हामी हाम्रा शिरहरु झूकाउदछौ, एउटा बोलाएका समूहको रूपमा, विश्वास गरेका मानिसहरुको रूपमा आज राति, तपाईको वचन सिकाउन,

शरीरमा हामीलाई उपयुक्त स्थानमा राखेर, जुन ठाउका हामी हौं, र जहाँ हामी अटाएर ख्रीष्टको शरीरमा संगै काम गर्न सक्छौ।

2 र अब हामीलाई परमेश्वरमा तुरुन्तै जानको निम्ति भनिएको छ। र हामी हरेक पिताहरुले सोच्छौ कि, के हुन्थ्यो यदि त्यो सानी केटि हाम्रो छोरी भईदिएको भए, कसरी हाम्रा हृदयहरु भित्र भित्रै जलेर पिडामा हुनेथियो, र हामीले मण्डलीलाई झट्टै प्रार्थनाको निम्ति बोलाउथ्यौ। र कुनै पिताको मुटु जलिरहेको छ, दुखिरहेको छ प्रभु, हुनसकोस् कि त्यो पवित्र आत्माको महान् व्यक्ति केवल त्यस पिताको हृदयमा आएको होस्। हरेक संकाको छाया टाढा हटाईदिनुहोस्, र हरेक दुखी, र उनलाई थाहा दिनुहोस् कि तपाई परमेश्वर हुनुहुन्छ र जब तपाईको दिव्य आज्ञा तपाईको मण्डली र तपाईका मानिसहरुले बोकेका छन् त्यहाँ कुनै रोग छैन जुन तपाईको उपस्थितिमा खडा हुनसक्छ।

3 र हप्तै भरी, हामीले प्रार्थना गरिरहेका छौ, गत आईतबार देखि मैले यी तरिकाहरुमा वा यी माध्यमका प्रार्थनाहरुमा सोचेको छु। हामीसंग धेरै हातहतियार हरु छैन जति सम्म संसारमा भएको देखिन्छ, तर यो सानो घुएत्रो नै घातक हुन्छ जब यो विश्वासको औलाहरुमा आयोजित हुन्छ। ओ परमप्रभु, हाम्रा प्रार्थनाहरुले घरमा ठोक्किन सकेको होस्, त्यस मृत्युलाई जुन त्यस बच्चीको माथि झुन्डिरहेको छ, र त्यो ध्वस्त पारिन सकेको होस्; त्यस अन्धकार, धमिलोपन, त्यस शिशुको पलंगबाट हटि गएको होस्, त्यस शिशु वा बच्चा, सानी केटिबाट। र परमेश्वरको उपस्थितिको महान् ज्योति त्यसमा चम्किएको होस्। त्यस अस्पतालबाट एउटा निको भएको बच्ची आउन सकेको होस्।

4 प्रभु, हामी जान्दछौ कि मात्रै नदिको पार् हाम्रा प्रियहरुले हामीलाई पर्खीरहेका छन्, र त्यो महिमामय छ। तर हामीले हाम्रा सानाहरुलाई प्रेम गर्छौं। र हामी प्रार्थना गर्छौं, प्रभु, कि तपाईको महिमाको लागि, तपाईले बच्चाको जीवन छोडिदिनुहुनेछ। हामीहरु, तपाईको मण्डलीको रूपमा, त्यस मृत्युलाई हप्काउदछौ, र भन्दछौ, "त्यहि टाढा खडा हु। तैले त्यस बच्चालाई लिनसक्दैनस्, किनभने हामीले त्यस बच्चाको जीवनलाई परमेश्वरको राज्यको खातिर दाबि गर्छौं।" यी कुराहरु प्रदान गर्नुहोस्, प्रभु, जस्तो हामी यसलाई निर्देशित गर्दछौ, येशू ख्रीष्ट हाम्रो मुक्तिदाताको नाउमा, आमेन।

5 के हामी विश्वास गर्छौं? मलाई थाहा छैन यदि म इसाई नभईदेको भए के नै गर्न सक्थे होला। म केवल जिउन चाहदिन थिए होला। त्यहाँ जिउनको लागि केहि रहदैन थियो, मलाई थाहा भएको भनेको केवल अरुलाई बचाउनु मात्रै उत्तम कुरा हो।

6 अब, आज राति हामी केवल हाम्रो पुरानो पाठको एउटा सानो पृष्ठभूमि शुरू गर्न चाहन्छौ। र म पढ्ने कोशिष गर्नेछु, किनभने, पुरै अध्याय, यदि मैले आज राति सके भने। त्यसैले आईतबार विहान मैले हुनसक्छ आईबारको दुवै विहान र रातिको लागि तानेर, यदि त्यो ठिकै हुन्छ भने, मण्डलीले देखोस भन्ने मैले चाहेको यस तयारीमा कोशिष गर्नेछु। ओ तपाईको उपयुक्त स्थान भेट्टाउनु महिमामय कुरा हो! र कसैले पनि केहि पनि गर्न सक्दैनन् जबसम्म तपाईले राम्रो संग जान्नुहुन्न कि तपाईले के गर्दै हुनुहुन्छ।

7 के हुन्थ्यो यदि तपाईको...शैल्यक्रिया हुन जादै थियो, र त्यहाँ एउटा जवान डाक्टर थियो जो भर्खरै विद्यालयबाट आएको थियो...जसले पहिले कहिल्यै शैल्य क्रिया गरेको थिएन। तरै पनि ऊ जवान र सुन्दर थियो, र उनको कपाल राम्ररी कोरिएको थियो, र उनले राम्रोसंग पोशाक लगाएको थियो, सबै थोक ठिकै थियो। र उनले भन्यो, "मैले चाकू तिखो बनाएको छु, र सबै सुइ र उपकरणहरु निष्किटित गरिसकेको छु।" तपाईलाई त्यस बारेमा थोरै ठट्टाको भावना आउन सक्छ। मेरो चिरफार हुनुभन्दा अगाडि बरु म पुरानो डाक्टरलाई नै चाहन्छु जसले पहिले नै त्यो शैल्य क्रिया धेरै पटक गरेको छ। म—म त्यो व्यक्तिलाई चिन्न चाहन्छु जो केवल विद्यालयको भरमा छैन, म त्यो व्यक्ति चाहन्छु जसमा केहि अनुभव छ।

8 र सबैभन्दा उत्तम एउटा अनुभवी जो मैले चिनेको छु, जसलाई म आज राति बोलाउछु, उहा पवित्र आत्मा हुनुहुन्छ। उहा परमेश्वरको महान् चिकित्सक र महान् शिक्षक हुनुहुन्छ।

9 र जस्तो आज रातिको मेरो संदेशको पृष्ठभूमी जुतौदै गर्दा, अझै पनि आईतबारको प्रवचनबाट, जुन यो...तिनीहरुले शामूएललाई परमप्रभुको वचनसंग इन्कार गरे; र शाऊललाई चाहि ग्रहण गरे, जो किशको पुत्र थिए; र शामूएललाई इन्कार गरे, जसले पवित्र आत्माको चित्रण गर्दथ्यो, किनभने उनले केवल त्यो बोल्थ्यो जुन आत्माले उनलाई बोल्नको लागि अगुवाई गर्दथ्यो। र जब उनले ती कुरामा तिनीहरुको ध्यान लगाउनलाई भने। उनले भने, "याद गर, परमप्रभुले पूरा गर्नुभएको भन्दा बाहेक मैले तिमीहरुलाई

परमप्रभुको नाउमा केहि पनि भनेको छैन। न त मैले तिमीहरुको सामुन्ने दुर्व्यवहारपूर्ण तरिकाले हिडेको छु। र कसैले पनि मलाई पापको लागि दोष लगाउन पाउने छैनौ।"

जस्तो येशूले भन्नुभएको थियो, "कसले मलाई पापको लागि दोष्याउन सक्छ?" बुझ्नुभयो?

10 र उनले फेरी भने, कि, "म तिमीहरु कहा आएर पैसा र त्यस्तै कुरा मागेर बिन्ति गरेको छुईन। मैले तिमीहरुबाट केहि पनि लिएको छैन। तर जे जति पनि मैले भने ती कुरा तिमीहरुको भलाई कै लागि थियो, जुन मैले तिमीहरुमा परमप्रभुको मुखबाट ल्याएको थिए।"

11 र सबै मानिसहरुले साक्षी दिए, "त्यो सत्य हो। ती सबै सत्य हो, तरै पनि हामी एउटा राजा चाहन्छौ। हामी बाकि संसार जस्तै हुन चाहन्छौ।"

12 अब, आज राति, हाम्रो धर्मशास्त्रले एफिसीको पुस्तकलाई विभाजित गर्दैछ, यो नया करारको यहोशूको पुस्तक हो। यसले "विजयीहरुलाई" विभाजित गरेको छ र क्रममा स्थापित गरको छ। अब, यो केवल एउटा केहि मिनेटको पृष्ठभूमी मात्रै थियो, हामीले पढ्नुभन्दा पहिले त्यस स्थानमा जानको लागि, तेस्रो पदबाट। अब हामीले पाउछौ कि गत आईतबारको रातमा कि...परमेश्वरले पुरानो करारमा इस्राएललाई एउटा विश्रामको देशको लागि एउटा प्रतिज्ञा गर्नुभएको थियो, किनभने तिनीहरु तिर्थयात्री र फिरन्ते भएका थिए। र तिनीहरु त्यस देशमा थिए जुन तिनीहरुको आफ्नो थिएन, र परमेश्वरले अब्राहामको माध्यमबाट प्रतिज्ञा गर्नुभएको थियो कि उनी यात्रा गर्ने छैन, र उनको सन्तान चार सय वर्षसम्म अन्जान मानिसहरुको विचमा यात्रा गर्ने छन्, र तिनीहरुलाई दुर्व्यवहार गरिनेछ, तर उहाको बलियो हातबाट उहाले तिनीहरुलाई असल भूमिमा ल्याउनुहुनेछ जहाँ दूध र मह बगेको हुनेछ।

13 र, अब, जब प्रतिज्ञाको समय नजिक आयो, परमेश्वरले कसैलाई उठाउनुभयो जसले तिनीहरुलाई त्यस भूमिमा ल्याउने थिए। कति जना आज कक्षामा हुनुहुन्छ जो त्यो एक जना...जसलाई थाहा छ को त्यो एक व्यक्ति हो भनि? मोसा। ध्यान दिनुहोस्, एउटा अत्यन्त, एकदमै वास्तविक हाम्रो वालाको चित्रण हो जसलाई प्रतिज्ञाको देशमा हामीलाई लानको लागि दिईएको थियो, ख्रीष्ट हुनुहुन्छ। अब हामीसंग एउटा प्रतिज्ञा छ, 'किनभने हाम्रो प्रतिज्ञा आत्मिक विश्राम हो, जबकी तिनीहरुको चाहि

शारीरिक विश्राम थियो। र त्यसैले तिनीहरुले त्यस भूमीमा आउदै थिए जहाँ तिनीहरुले भन्न सक्थे कि, “यो हाम्रो भूमि हो, हामी अब कुनै फिरन्ते होइनौ, हामी स्थापित भएका छौ, यो हाम्रो भूमि हो, र यहाँ हामीमा विश्राम छ। हामीले हाम्रा अन्नहरु रोप्नेछौ, हाम्रो दाखबारीहरु हुनेछ, र हामीले हाम्रा दाखबारीहरुबाट खानेछौ। र जब हामी मर्दै जानेछौ हामीले हाम्रा छोराछोरीहरुको निम्ति छोड्ने छौ।”

14 ओ, कसरी हामी यसको भूमीमा जानसक्छौ, उत्तराधिकारको व्यवस्था, जस्तो नाओमी र रुथ, बोआज थियो। ती सबै फर्काएर ल्याओ। कसरी इस्राएलमा एउटा भई, कसरी उनले...कुनै पनि कुरा उनले हराएको छ भने एउटा कुटुम्बी छुटकाराद्वारा उद्दार गरिनु पर्छ। ओ, कति सुन्दर! यसले हप्ताको पनि हप्तौ देखि हप्तौ र हप्तौसम्म लिन्छ, हामीलेयसमा जानको निम्ति कहिल्यै पनि यस अध्यायलाई छोड्दैनौ। हामीले पूरा बाईबलनै यसमा जोड्न सक्छौ, ठिक यो एउटा अध्यायमा।

15 र, ओ, म केवल यसलाई अध्ययन गर्न मन पराउछु। हामीले यसलाई साँडे एक वर्षसम्म लिने गर्थ्यौं, र यो पुस्तक कहिल्यै छोड्दैन थियौ। केवल ठिक यसैमा रहन्थ्यौ।

16 अब, तर, यो यस्तो एउटा महान् कुरा थियो कि उत्तराधिकार, यो त्यस भूमिमा एउटा यस्तो सम्पति थियो जुन अरु कसैले नभएर मात्र एउटा नजिकको कुटुम्बले त्यस पैत्रिक धन उद्धार गर्न सक्थ्यो। अब, मलाई यहाँ एउटा सानो टोकन खसाउन दिनुहोस् जुन मैले पहिले राति थोरै छोएको थिए, तपाई आमाहरुलाई। कतिजना यहाँ भएकाहरुले आफ्ना हराएका आफ्ना प्रियहरुको निम्ति प्रार्थना गर्नुभएको छ? ठिक छ। त्यहाँ तपाई फेरी हुनुहुन्छ, बुझ्नुभयो, “तपाईको उत्तराधिकारी” बुझ्नुभयो?

17 रोमीलाई पावलले भनेका थिए, “प्रभु येशू ख्रीष्टमा विश्वास गर्न र तिमी र तिम्रो परिवार बाच्ने छन्।” यदि तपाईसंग बाच्नको निम्ति आफैमा पर्याप्त विश्वास छ भने, पर्याप्त विश्वास गर्नुहोस्, जति सुकै त्यो केटा बाटोबाट टाढा किन नहोस्, वा त्यो केटि, तिनीहरु जसरी पनि बचाईनेछन्। परमेश्वर, कुनै तरिकाले! यदि उनी आफ्नो पछाडि लेट्न परेको होस्, त्यस अस्पतालमा लेट्न किन नपरेको होस्, तिनीहरु बचाईने छन्, परमेश्वरले यो प्रतिज्ञा गर्नुभएको हो। उत्तराधिकारी! ओ! “र तिनीहरु त्यहाँ हुनेछन्,” यशैयाले भन्छन्, “र सबै तिनीहरुका छोराछोरी तिनीहरु संगै हुनेछन्। मेरो पवित्र

पर्वतमा तिनीहरुलाई न त कोहि हानि न नोक्सानी गर्नेछन्, परमप्रभु भन्नुहुन्छ।”

18 ओ, म संग एउटा सानो ठाउ छ म आशा गर्छु कि आज राति तपाईहरुल्को लागि, म त्यसमा जानेछु। केवल मेरो हृदयमा जलिरहेको छ, कि यसको लागि वापस आउनेछ।

19 तर अब, अगाडि तिर।के तपाईले मोसालाई ध्यान दिनुभयो, त्यस महान चमत्कारको काम गर्ने व्यक्ति जसले इस्राएललाई त्यस भूमिबाट भएर ल्याए, र तिनीहरुलाई प्रतिज्ञाको देशमा ल्याए, तर तिनीहरुको उत्तराधिकार राखिदिएनन्? उनले तिनीहरुलाई तिनीहरुको उत्तराधिकार दिएनन्; उनले त्यस देश सम्म ड़ोहोर्याए, तर यहोशूले मानिसहरुमा जमिन विभाजन गरे। के त्यो ठिक हो? र ख्रीष्टले मण्डलीलाई त्यस स्थानसम्म ल्याउनुभयो जहाँ तिनीहरुको कब्जा तिनीहरुको निम्ति बनाईएको थियो, त्यो तिनीहरुलाई दिईयो, केवल यर्दन पार गर्न, तर पवित्र आत्मा हुनुहुन्छ जसले मण्डलीलाई ठिक स्थानमा राख्दछ। आजको यहोशूले मण्डलीलाई क्रममा राख्दछ, हरेकलाई, वरदानहरु, स्थानहरु, पदहरु दिएर। र उहा नै परमेश्वरको आवाज हुनुहुन्छ जो आन्तरिक मनुष्यत्वबाट बोलिरहेको छ जसलाई ख्रीष्टले बचाउनभयो, पवित्र आत्मा। अब तपाईले यी कुराहरु बुझ्दै हुनुहुन्छ? अब हामी एफिसीको पुस्तकतिर जादैछौ। अब, त्यहि तरिकामा, उहाले मण्डलीलाइ पदिय स्थानमा राख्दैहुनुहुन्छ जहाँ तिनीहरु सम्बन्धित छन्। अब, यहोशूले तिनीहरुलाई प्राकृतिक भूमीमा स्थापित गरिदिए। अब, पवित्र आत्माले मण्डलीलाई स्थापित गर्दै हुनुहुन्छ, पदिय स्थानमा, त्यस भूमिमा, कि तिनीहरु, जहाँ तिनीहरुको उपयुक्त स्थान छ जुनमा तिनीहरु सम्बन्धित छन्, तिनीहरुको धरोहरमा।

20 अब, पहिलो कुरा जुन उनले यहाँ शुरू गर्छन्, उनले आफ्नो पत्र सम्बोधन गर्छन्, “पावल।” जुन, हामीले केहि समय पछि पत्ता लगाउने छौ कि यी सबै रहस्य उनलाई प्रकट गरिएको थियो, कुनै समारोहमा प्रकट गरिएको होइन, कुनै धर्म ज्ञानी बाट होइन, तर यो पवित्र आत्माको एउटा दिव्य प्रकाश थियो जुन परमेश्वरले पावललाई दिनुभयो। परमेश्वरको रहस्य जानेर उनले भने, जुन संसारको उत्पत्ति भन्दा पहिले देखि लुकाईएको थियो, पवित्र आत्माद्वारा उनलाई प्रकट गरियो। र मानिसहरुको विचमा

पवित्र आत्माले हरेकलाई क्रमिक स्थानमा राख्दै हुनुहुन्थ्यो, मण्डलीलाई उपयुक्त पदमा राख्दै थियो।

21 अब, पहिलो कुरा जुन पावलले मानिसहरुलाई भन्नको लागि शुरू गर्छन्, त्यो यी सबै पाउनु हो कि…याद गर्नुहोस्, यो मण्डलीको लागि हो, बाहिरीको लागि होइन, यो बाहिरीको लागि पहेलीमा भएको एउटा रहस्य हो, कहिल्यै पनि बुझ्न सक्दैन, उसको शिरको माथितिर जान्छ, त्यसले यसको बारेका केहि पनि जान्दैन। तर मण्डलीको लागि, यो चट्टान माथिको मह हो, यो अवर्णनीय आनन्द हो, यो एउटा आशिषित सुनिश्चितता हो, यो प्राणको आश्रय हो, यो हाम्रो आशा र शरणस्थान हो, युगौको चट्टान, ओ, यो सबै ती कुरा हो जुन असल छ। किनकि स्वर्ग र पृथ्वी टलेर जानेछ तर परमेश्वरको वचन कहिल्यै टल्नेछैन।

22 तर कनानभन्दा बाहिरको मानिसलाई यसको बारेमा केहि पनि थाहा छैन, त्यो व्यक्ति अझै पनि भौतारीदैछ। यो भनेको होइन कि त्यस व्यक्ति राम्रो मानिस होइन, मैले त्यसो भन्दिन। म यो पनि भन्दिन कि त्यस व्यक्ति जो मिश्रमा छ त्यो एउटा असल मान्छे होइन, तर उ, यस अधिकारमा आएको छैन।

23 र अधिकार, जुन प्रतिज्ञा मण्डलीलाई दिएको थियो त्यो एउटा प्राकृतिक भूमि होइन, तर आत्मिक भूमि हो, किनकि हामी राजकीय पूजाहारी हौ, एउटा पवित्र जाति। त्यसो भए यस राजकीय पूजाहारीमा, पवित्र जाति, बेग्लै मानिहरु, बोलाईका, चुनिएका, नियुक्त, एकतर्फी अलग्याईएका, जहाँ सबै संसार बाहिर मृत छन्। र हामी पवित्र आत्माद्वारा अगुवाई गरिएका। परमेश्वरका छोरा र छोरीहरु परमेश्वरको आत्माद्वारा अगुवाई गरिएका हुन्छन, कुनै मानिसबाट होइन तर आत्माबाट।

24 सबैकुरा अब प्रेममा बाँधीएको छ। यो धेरै पटक सिकाउन कोशिष गरिएको थियो, र यसमा कुनै संका छैन कि महान् धर्मज्ञानीहरुले यसलाई मैले देख्न सक्ने भन्दा गहिराईमा देखेका छन्। तर जुन कुरा म तपाईलाई सिकाउन कोशिष गर्दैछु त्यो यो कुरा हो, कि एउटा मानिस जो ख्रीष्टमा छ, पवित्र आत्मा सहित छ, जब मानिस गलत छ तब सहन गर्न सक्छ, धैर्य, विनम्र, धिरज छ। उनी कोमल, नम्र, विश्वासयोग्य, आत्माद्वारा भरिपूर्ण, कहिल्यै नकारात्मक छैन, सधै सकारात्मक छ। त्यो व्यक्ति फरक मानिस हो।

25 केवल त्यो व्यक्ति होइन जो, "हामीसंग एकपटक थियो। यदि हामी करायौ भने, हामी त्यो हुन्थ्यो, हामी मेथोडिष्टहरु। ओ, जब हामी कराउथ्यौ, हामी भूमिमा हुन्थ्यौ।" त्यो राम्रो हो, त्यो सबै ठिक हो, म त्यो पनि विश्वास गर्छु।

26 त्यसपछि त्यससंगै पेन्टिकोष्टल अन्यभाषाहरुमा बोल्दै आए, तिनीहरू, "तिनीहरु संग थियो; ती सबै अन्यभाषामा बोल्नेहरुसंग त्यो थियो।" म त्यो पनि विश्वास गर्छु। तर अझै पनि हामीले यो पायौ कि अधिकांश मानिसहरुमा त्यो अझै पनि थिएन, तपाईले देख्नुभयो। बुझ्नुभयो? अब तिनीहरु...

27 हामी अब यस महान् लुकिएको रहस्यमा आउदै छौ जुन संसारको उत्पत्ति हुनभन्दा अगि देखि नै लुकेको थियो र अब अन्तिम दिनहरुमा परमेश्वरको छोराहरुमा प्रकट गरिको छ। के तपाई यो सत्य हो भनि विश्वास गर्नुहुन्छ, कि परमेश्वरको छोराहरु प्रकट गरिएको छ? हामी कहिँ जानु भन्दा पहिले, केहि मिनेटको लागि रोमीको ८ औ अध्याय पल्टाउने छौ, तपाईको लागि मलाई केहि पढ्न दिनुहोस्। हेर्नुहोस् म यहाँ के बोल्दैछु त्यसमा यो आउछ कि आउदैन। अब हामी रोमी ८ को, १९ औ पद यस रोमी को ८ औ अध्यायबाट पढ्नेछौ।

> सृष्टि बडो *उत्कण्ठाले परमेश्वरका पुत्रहरु* प्रकट हुने कुराको *प्रतिक्षा गर्छ।*

28 बडो उत्कण्ठाले प्रतिक्षा गर्दै, पूरा सृष्टिले प्रकटको प्रतिक्षा गर्दैछन्। बुझ्नुभयो, प्रकट! प्रकट भनेको के हो? थाहा दिलाउनु हो।

29 सारा संसार। मुसलमानहरु त्यहाँ पर, तिनीहरुले यसको लागि हेर्दै छन्। चारै तिर, सबै ठाउमा, तिनीहरुले यसको लागि हेरिरहेका छन्। "यी मानिसहरु कहाँ छन्" हामीसंग...हामीसंग एउटा शक्तिशालि आएरहेको बतास छ, हामीसंग मेघ गर्जन र चट्यांग छ, हामीसंग तेल र रगत छ, हामीसंग सबैथरीका कुराहरु छन्; तर हामीले त्यो सानो स्थिर आवाज सुन्न असफल भयौ जसले अगमवक्तालाई आकर्षित गरेको थियो, त्यसले उनको चारैतिर पोशाकलाई बेर्‍यो र बाहिर हिड्यो, र भन्यो, "यहाँ म छु, प्रभु।" बुझ्नुभयो?

30 अब यहाँ सारा सृष्टिले उत्कण्ठाले परमेश्वरको छोराहरु प्रकट हुने कुरा पर्खिरहेको छ। अब, पावल पहिलो स्थानमा जादै छन् जहाँ मण्डली

वास्तविक रूपमा सम्बन्धित छ। अब केवल पृष्ठभूमि पाउनको लागि हामी फेरी पढौं।

*परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको प्रेरित पावलबाट, ख्रीष्ट येशूमा...विश्वासी एफिससमा भएका सन्तहरुलाई* (सन्तगणहरु)

31 अब, कक्षा यो नभुल्नुहोस्, हामी कसरी ख्रीष्टमा जानसक्छौ? के हामी मण्डलीमा सदस्यता लिएर ख्रीष्टमा जान्छौ? ख्रीष्टसम्म जानको लागि के हामीले व्यवसाय गर्छौं? ख्रीष्टसम्म जानको लागि के हामी पानीमा डूब्छौ? ख्रीष्टसम्म हामी कसरी जान सक्छौ? पहिलो कोरिन्थी १२ औ अध्याय, "किनकि एउटै आत्माद्वारा," एउटा, ठूलो अक्षरको आत्मा, जो पवित्र आत्मा हुनुहुन्छ, "हामी सबैजना प्रतिज्ञाको देशमा बप्तिष्मा भएका छौ।"

32 यो प्रतिज्ञाको देशमा, सबैथोक हाम्रो नै हो यो प्रतिज्ञाको देशमा। यसलाई हेर्नुहोस् भाई कोलिन्स? हेर्नुहोस्, सबैकुरा प्रतिज्ञाको देशमा! जब इस्राएलले यो यर्दनलाई जब पार गरे, प्रतिज्ञाको देशमा सबै कुराको लागि लडे!

33 अब याद गर्नुहोस्, यो प्रतिज्ञाको देशमा, त्यसको अर्थ यो होइन कि तपाई बिमारीबाट प्रतिरक्षा गर्दै हुनुहुन्छ, त्यसको मतलब यो होइन कि तपाई समस्याहरुबाट प्रतिरक्षा गर्दै हुनुहुन्छ। तर यसले यो पक्कै भन्छ (ओ, यसलाई गहिराईमा डुब्न दिनुहोस्), यसले यो भन्छ कि यो तपाईको हो! केवल उठ्नुहोस् र लिनुहोस्! बुझ्नुभयो? जब...

34 र, याद गर्नुहोस्, एउटै मात्र तरिका जहाँ इस्राएलले कोहि मानिस गुमाएको थियो, त्यो त्यसबेला हो जब पाप शिविरमा आयो। त्यो मात्रै केवल एउटा तरिका हो जसबाट हामी जित बाट पराजय हुनसक्छौ, त्यो पाप शिविरमा छिर्न दिनु हो, कुनै ठाउमा केहि गलत हुनु हो। जब आकानले त्यस धातूहरु र त्यस बेबिलोनको वस्त्र चोरे, पाप शिविरमा आयो, तब युद्धमा खराबी आयो।

35 तपाईले मलाई आज राति यो—यो मण्डली दिनुहोस्, यी मानिसहरुको समूह दिनुहोस्, सिद्ध रुपमा, सिद्ध रूपमा परमेश्वरको प्रतिज्ञामा, पवित्र आत्मा संगै, आत्मामा हिडेर, म कुनै पनि रोग वा बिमारीलाई चुनौती दिन्छु, वा कुनै पनि कुरा जुन त्यहाँ छ, हरेक जो लेविस हो यस देशमा छन्, त्यसको आफ्नो सबै अधर्म सहित, र ती सबै अविश्वासी जो त्यहाँ छैन, यस ढोकामा बिमारी र रोग सहित बसेको छ भने, तिनीहरु

यहाँबाट सिद्ध रूपमा निको भएर बाहिर जाने छन्। हो, श्रीमान्। परमेश्वरले प्रतिज्ञा दिनुभयो, केवल अविश्वासको पापले त्यसलाई टाढा राख्न सक्छ। अब हामी यो सानो पाप के हो भनि अब केहि समय पछि हेर्न जादैछौ।

*जुन ख्रीष्ट येशूमा छ...*

*हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।*

*हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरुमा हरेक आत्मिक आशिषले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ।*

36 जब हामी ख्रीष्टमा हुन्छौ, हामीमा आत्मिक आशिष हुन्छ। ख्रीष्टभन्दा बाहिर, हामीसंग संवेदनाहरु मात्रै हुन्छ। ख्रीष्टभित्र हामी सकारात्मक आशिष हुन्छ। देखावटि विश्वास होइन, बनावटि होइन, झुठको होइन। तर जबसम्म तपाईले तपाई प्रतिज्ञाको देशमा हुनुहुन्छ भनि भन्ने कोषिस गर्दै हुनुहुन्छ, र त्यहाँ हुनु चाहि हुन्न भने, तपाईले पापले तपाईलाई भेट्टाउने नै छ। र, पहिलो कुरा जुन तपाईलाई थाहा छ, तपाईले आफैलाई पाखण्डी र त्यस्तै कुरा पाउनुहुन्छ, जस्तो हामीले संसारमा बोलाउने गर्छौं, अल्झिएको। तपाईले जे बारेमा बोल्दै हुनुहुन्छ त्यो तपाईसंग नभएको पाउनुहुन्छ। तर जब तपाई ख्रीष्ट येशूमा हुनुहुन्छ, उहाले तपाईलाई स्वर्गीय शान्ति प्रतिज्ञा गर्नुभयो, स्वर्गीय आशिषहरु, स्वर्गीय आत्मा, सबै कुरा तपाईको भएको पाउनुहुन्छ। तपाई प्रतिज्ञाको देशमा हुनुहुन्छ र सबै कुरामा पूर्ण अधिकारमा हुनुहुन्छ। आमेन। कति सुन्दर छ! ओ, हामी अध्ययन गरौ।

*उहाले हामीलाई चुन्नुभए बमोजिम...*

37 अब, यहाँ निर हो जहाँ मण्डली एकदममै ठेस खान्छ।

*उहामा* (कसमा?) ख्रीष्टमा *हामीलाई उहाले चुन्नु भए बमोजिम।*

38 अब हामीले पाउछौ कि, पछाडि उत्पत्तिमा र प्रकासमा, प्रकास १७:८, कि उहाले हामीलाई ख्रीष्टमा संसारको उत्पत्ति हुनभन्दा अगाडि चुन्नुभयो। अब, वचन...मलाई अर्को पढ्न दिनुहोस्

*...उहाको सामुन्ने पवित्र र निष्कलंक होऔ भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उँहाले हामीलाई पूर्व नियुक्त गर्नुभयो*

*हामीलाई पहिले बाट नै नियुक्त गर्नुभई...*

39 अब म त्यो शब्द “पूर्व नियुक्त” मा रोकिन चाहन्छु, अब, *पूर्व नियुक्त* भनेको यो भने जस्तो होइन कि, “म भाई नेभिललाई चुन्छु र, म——म——म——म——म भाई बिलरलाई चाहि चुन्दिन।” त्यो त्यस्तो होइन। यो परमेश्वरको पूर्व ज्ञान हो जसलाई थाहा थियो कि कुन चाहि सहि हो र कुन चाहि सहि होइन। त्यसैले, पूर्व ज्ञानद्वारा, यसले के गर्न जादैछ भन्ने परमेश्वरले जानेर, उहाले आफ्नो पूर्व ज्ञानद्वारा परमेश्वरलाई प्रेम गर्नेहरुलाई हरेक कुरामा तिनीहरुको भलाईको लागि पूर्व नियुक्त गर्नुभयो, ताकि उहाले आउने युगमा सबै कुरा एकसाथ एकजनामा बोलाउन सक्नको लागि जो ख्रीष्ट येशू हुनुहुन्छ।

40 तपाईको लागि यहाँ एउटा सानो चित्रण कोर्न मलाई दिनुहोस्। यो राम्रो छ। हामी पछाडि जान्छौ, मलाई विश्वास छ मैले यस विषयमा थोरै गत राति कुरा गरेको थिए, या थोरै छोएको थिए, उत्पत्तिमा, पहिलो अध्याय, १:२६, जब परमेश्वरले आफ्नो नाउ “परमप्रभु परमेश्वर” भनि बोलाउनुभयो, यो त्यस शब्दमा छ एल, एला, एलोहिम, जसको अर्थ हो, “स्व–विद्यमान, स्व–उपस्थित।” त्यहाँ केहि पनि अस्तित्वमा थिएन मात्र उहा हुनुहुन्थ्यो। त्यहाँ कुनै हावा थिएन, त्यहाँ कुनै उज्यालो थिएन, त्यहाँ कुनै ताराहरु थिएन, त्यहाँ कुनै संसार थिएन, त्यहाँ केहि पनि थिएन। केवल परमेश्वर र परमेश्वर एक्लो हुनुहुन्थ्यो, एल, एला, एलोहिम। अब, उहाले त्यो बनाउनुभयो।

41 त्यसको भित्र विशेषताहरु थियो जसको अर्थ हो उहा एउटा...यो महान् एल, एला, एलोहिम, भित्र गुण थियो वा एउटा...तपाईलाई थाहा छ *गुण* भनेको के भनेर, वा मलाई यसरी भन्न दिनुहोस्, एउटा “स्वभाव” थियो। यो सानो मान्छेले पनि बुझ्छ, र त्यो बाटोमा जानलाई म एउटा सानो मान्छे हो। उहा भित्र पिता बन्ने एउटा स्वभाव थियो, तर उहा स्व–उपस्थित हुनुहुन्थ्यो। उहालाई पिता बनाउनको लागि त्यहाँ केहि पनि थिएन। र, अब, त्यसमा त्यहाँ भित्र केहि कुरा थियो, कि उहा परमेश्वर हुनुहुन्थ्यो; र परमेश्वर उपासनाको वस्तु हो; तर उहा स्व–उपस्थित हुनुहुन्थ्यो, एल, एला, एलोहिम, त्यसैले त्यहाँ उहालाई उपासना गर्ने कोहि पनि थिएन। त्यस भित्र उहा मुक्तिदाता हुनुहुन्थ्यो, र त्यहाँ कोहि पनि पतन भएको थिएन बचाउनको लागि। बुझ्नुभयो? त्यहाँ भित्र, उहा एउटा चंगाईदाता हुनुहुन्थ्यो, बुझ्नुभयो, तर त्यहाँ निको पार्नको लागि केहि पनि बिमार थिएन, वा रोगी हुनको लागि कोहि पनि थिएन। अब के तपाईले

चित्र पाउनुभयो? त्यसैले उहाको गुणले, जे आज छ उहाको स्वभावले उत्पादन गर्यो।

42 कोहि मानिसहरुले भन्छन, "ठिक छ, किन परमेश्वरले सुरुवातमा नै बन्द गर्नुभएन?" "उहा एउटा क्रूर–हृदय भएको निर्दयी हुनुहुदोरहेछ," जो लेविसले भनेका थिए, त्यो व्यक्ति जसले जो लाइ दोषी बनाए, वा ज्याक को, बुझ्नुभयो। भनेको थियो, "उहा केवल एउटा क्रूर हृदय भएको निर्दयी हुनुहुदो रहेछ। त्यहाँ परमेश्वर भन्ने जस्तो केहि कुरा छैन। यदि त्यहाँ परमेश्वर भईदिएको भए। उहा एउटा..." ओ, मैले...उहालाई हरेक प्रकारको नामले बोलाए, बुझ्नुभयो। तर यो केवल उसंग *यहाँ* माथि अत्यन्त धेरै ज्ञान छ, तर *यहाँ* तल उ संग केहि पनि छैन।

43 अब, त्यो त्यहि नै ठाउ हो। बुझ्नुभयो? यो शब्दले यहाँ भन्छ, र उहाले यसलाई लुकाउनुभयो। र यी रहस्यहरु अहिले लुकेको छ, याद गर्नुहोस्, बाईबलले भनेको छ, "संसारको उत्पत्तिभन्दा अघिबाटै, परमेश्वरको छोराहरु प्रकट हुने कुराको प्रतिक्षा गरिरहेको छ।" तिनीहरुलाई मण्डलीमा प्रकासन गर्नको लागि। ओ, प्रभु, तपाईले बुझ्नुभयो?

44 अब म मेरो कथामा थोरै रोकिन्छु, या म...यसमा जानको लागि म अर्को विचारमा जानेछु। अब याद गर्नुहोस्, मोसाको युगदेखि लिएर, पछाडि अगमवक्ताहरुको युग देखि लिएर, ती पुराना युगहरु देखि लिएर, तिनीहरुले धर्मशास्त्र अनुसार यी अन्तिम दिनहरु सम्म यी कुराहरु प्रकासित हुनको निम्ति पर्खिरहे। त्यो सहि हो, यो परमेश्वरको छोराहरुमा प्रकट हुनको लागि। किन? हराएकाहरु बाट...पिरामिडको जस्तो, जस्तो मैले भनेको थिए, नजिक, नजिक, नजिक निर्माण गर्दै।

45 जस्तो मैले अक्सर यो टिप्पणी गर्ने गरेको थिए, र भनेको थिए, परमेश्वरले तिनओटा बाईबल बनाउनुभयो। पहिलो, उहाले यसलाई आकाशमा राख्नुभयो, राशिमण्डल। के तपाईले कहिल्यै राशिमण्डल हेर्नुभएको छ? राशिमण्डलमा पहिलो आकार के हो? कन्या। राशिमण्डलमा अन्तिम आकार के हो? सिंह। उहा पहिलो पटक कन्यामा आउनुभयो, उहा दोश्रो पटक यहूदाको कूलको सिंहको रूपमा आउनुहुन्छ। बुझ्नुभयो?

46 उहाले दोश्रो पिरामिडमा बनाउनुभयो, त्यो पुरानो हनोकको दिनहरुमा बनाउनुभयो, जब तिनीहरुले पिरामिड बनाएका थिए। र तिनीहरुले त्यसको नाप लिए। म त्यो बुझ्दिन। तर युद्धहरुको लागि, जहाँ तिनीहरु झुक्छन्

र तिनीहरुको घुडामा लामो समयसम्म जान्छन्, युद्धको दूरीलाई नाप्न सक्दछन्। तपाईलाई तिनीहरुले अहिले कहाँ मापन गर्छन्? राजाको कक्षमा मापन गर्छन्। र जसै यो पिरामिड माथि गयो...हामीसंग भएका सबै थोक प्रयोग गरेर पनि हामीले त्यसलाई निर्माण गर्न सकेनौ। हामीले त्यसलाई निर्माण गर्न सकेनौ।

47 त्यो ठिक *यसरी* माथि बनाईएको छ, एउटा बिन्दुमा। र ढुंगा...शिर्ष ढुंगा कहिल्यै पनि भेटिएन। तिनीहरुले पिरामिडको टुप्पोमा कहिल्यै पनि शिर्ष ढुंगा राखेनन्। मलाई थाहा छैन कतै तपाई यो कुरामा जानकार हुनुहुन्छ वा हुनुहुन्न, मिश्रको विशाल पिरामिड, त्यसमा कहिल्यै पनि टुप्पाको ढुंगा थिएन। किन? शिर्ष ढुंगालाई इन्कार गरिएको थियो, ख्रीष्ट, त्यस शिर्ष ढुंगा, जसलाई इन्कार गरियो, बुझ्नुभयो?

48 तर जसै हामी लूथरन युग, ब्याप्टिष्ट युग, मेथोडिष्ट युग, पेन्टिकोष्टल युगबाट विकासित हुदै आयौ, हामी ठिक अहिले शिर्ष ढुंगा निर छौ, बुझ्नुभयो, त्यस शिर्ष ढुंगालाई निर्माण पूरा गर्न पर्खिदै र इच्छा गर्दैछौ। के तपाईले धर्मशास्त्रमा पढ्नुभएको छैन, "ढुंगा रद्द गरियो"? अवश्य, हामी जान्दछौ कि त्यो सोलोमनको मन्दिरको बारेमा बोलिरहेको थियो। "तर इन्कार गरिएको ढुंगा नै कुनाको शिर ढुंगा बन्यो।" र मैले यो केवल तपाईहरुमा एउटा—एउटा—एउटा—एउटा चित्र बनाउनको लागि भनिरहेको छु।

49 अब, र बाईबलमा, हामी अन्तिम दिनहरुमा जिईरहेका छौ, पिरामिडको टुप्पोमा, राशिचक्रमा मिनको कर्कट युगको नागेर, सिंह आउने समयमा, शिर ढुंगाको बेलामा, र बाईबलमा भएको परमेश्वरको छोराहरु प्रकट हुने दिनहरुमा, बुझ्नुभयो। हेर्नुहोस् हामी कहाँ छौ? हामी ठिक अन्तिम समयमा छौ।

50 कतिजनाले यस हप्ता पत्रिका पढिरहनुभएको छ, क्रुसेव र तिनीहरुले के भनेका छन्? ओ, तिनीहरु तयार छन्; त्यस्तै नै हामी पनि छौ। आमेन। तयार छौ! यो सबै ठिक छ, बुझ्नुभयो। ओ, कस्तो—कस्तो सौभाग्य, कस्तो दिन! यदि इसाईले हामीले जिईरहेको दिन मात्रै जाने त। प्रभु!

51 तपाईलाई के लाग्छ? यस पुस्तकको लेखक, जसले यो देखेको छ, र यो अन्तिम दिनहरुमा कहाँ प्रकट हुन्छ भनि देखेको छ, ती परमेश्वरका छोराहरु अन्तिम दिनहरुमा यस युगको अन्त्य तिर पवित्र आत्माको शक्ति

सहित उठ्नको लागि उत्कण्ठाले प्रतिक्षा गरिरहेको छ, संसारको उत्पत्ति अघि देखि लुकिएको कुरा प्रकट गर्न र ल्याउनको निम्ति।

52 अब फेरी "संसारको उत्पत्ति" तिर फर्केर जाऔ, प्रकास पाउनको लागि, हामी सहि छौ या छैन हेर्नको लागि जाऔ। मलाई आशा छ कि परमेश्वरलाई "पापा" बोलाएर मैले आफैलाई पवित्र बनाउन खोजेको छुइन, तर म यसलाई त्यस तरिकामा भन्न चाहन्छु ताकि तपाईहरुले त्यो बुझ्न सकोस्। पापा! पापाले केहि छोराछोरी चाहनुहुन्थ्यो, त्यसैले उहाले के गर्नुभयो? उहाले भन्नुभयो, "त्यहाँ स्वर्गदूतहरु होस्।" र तिनीहरु उहाको वरीपरी आए। ओ, त्यो राम्रो थियो। तिनीहरुले उहाको उपासना गरे, तब उहा परमेश्वर हुनुभयो, उहाको गुणहरु। याद गर्नुहोस्, उहा एल (ई–एल्), एला, एलोहिम, स्व–विद्यमान, अरु केहि थिएन केवल उहा मात्रै। पहिलो कुरा जुन आयो त्यो स्वर्गदुतहरु थियो। त्यसपछि, स्वर्गदुतहरुले उपासना भन्दा बाहेक धेरै कुराहरु गर्नसक्थे। तिनीहरु हराउन सक्दैन थिए। त्यसैले तिनीहरु बिमार हुनसक्दैन थिए, तिनीहरु अमर जाति थिए। त्यसैले उहाले आफ्नो चंगाईको शक्ति देखाउन सक्नुहुन्न थियो, उहाको आफ्नो मुक्ति देखाउन सक्नुहुन्न थियो। त्यसैले त्यसबेला पहिले, अब...

53 त्यसपछि, उहाले भन्नुभयो, "हामी केहि भौतिक कुरा बनाउने छौ।" त्यसैले उहाले पृथ्वी बनाउनुभयो। र जब उहाले पृथ्वी बनाउनुभयो, उहाले संसारको सबै प्राणीहरु बनाउनुभयो, र त्यसपछि उहाले मानिसलाई बनाउनुभयो। सबैथोक जुन पृथ्वीबाट आयो, भ्यागुता देखि शुरू गरेर जेलीफिस, एउटा पानीमा तैरिने रुपको शरीर, त्यहाँबाट शुरू गरेर... त्यस भ्यागुता देखि शुरू गरेर, जुन हामीले पाउने मध्येको सानो खालको जीवन हो, तिनीहरुले दाबी गर्छन कि त्यो भ्यागुता हो। सर्वश्रेष्ठ चाहि मानव जीवन हो। भ्यागुताबाट शुरू गरेर छेपारोसम्म, छेपारोबाट अझै बढ्दै बढ्दै, र हरेक पटक जब पवित्र आत्मा "हुस" गरी श्वास दिन थाल्छ, जीवन फेरी आउथ्यो; "हुस" महान जीवन आउथ्यो। र पहिलो कुरा, जुन कुरा परमेश्वरको स्वरूपमा आयो, त्यो एउटा मानिस थियो। केहि पनि पहिले त्यस स्वरूपमा बनाईएको थिएन, कहिल्यै पनि, न भविष्यमा नै कहिल्यै बन्ने छ, जुन मानिसभन्दा माथि हुनसक्छ, किनभने मानिस परमेश्वरको स्वरूपमा थियो। बुझ्नुभयो? त्यसपछि मानिस...

54 जब उहाले उहाको पहिलो मानिस बनाउनुभयो। अब, जब उहाले

उहाको स्वर्गदुतहरु बनाउनुभयो...उहाले मानिस बनाउनुभयो, "उहाले तिनीहरुलाई नर र नारी गरी बनाउनुभयो," सबैलाई एउटै इकाईमा बनाउनुभयो। उहा दुवै पुरुष र स्त्री हुनुहुन्थ्यो, नर र नारी। जब उहाले आदमलाई बनाउनुभयो र शरीरमा राख्नुभयो...याद गर्नुहोस् उत्पत्ति १ मा, उहाले नर र नारी बनाउनुभयो। उत्पत्ति २ मा, त्यहाँ भूमि खनजोत गर्नको लागि कुनै मानिस थिएन, शारीरिक मानिस थिएन। कुनै पनि मानिस थिएन जसले केहि समातेर भूमि खनजोत गर्नसक्थ्यो, यद्धपि त्यहाँ उहाको स्वरूपमा एउटा मानिस थियो। "र परमेश्वर एउटा..." [सभाले भन्छन्, "आत्मा"—सम्पा।] त्यो ठिक हो। बुझ्नुभयो? उहाले पहिलो मानिस बनाउनुभयो, "तिनीहरुलाई नर र नारी गरी बनाउनुभयो।" अब, जब उहाले पहिलो मानिसलाई बनाउनुभयो!

55 अब, याद गर्नुहोस्, सबैकुरा उहाको विचारमा थियो। र आईतबार राति म त्यस विषयबाट भएर गएको थिए। एउटा—एउटा वचन विचारको व्यक्त हो। परमेश्वरले सोच्नुभएको थियो कि कसरी उहा परमेश्वर बन्न सक्नुहुन्छ, कसरी उहाको उपासना हुनसक्छ, कसरी उहा एउटा चंगाईदाता हुनासक्नु हुन्छ, कसरी उहा एउटा मुक्तिदाता हुनसक्नुहुन्छ; जसै उहाले वचन बोल्नुभयो, त्यो सदाको लागि सिद्धियो। ओ, यदि परमेश्वरको छोराहरुले त्यसरी त्यस वचनमा थाम्न सके त। जब परमेश्वरले एउटा वचन बोल्नुहुन्छ, त्यो सिद्धिन्छ! निश्चय नै! उहाले पर्खिनुभएको थियो होला...घटनाक्रमले त्यसो भन्छ, या पुरात्वविद र सबैले त्यो भन्छ, तिनीहरुले दावी गर्छन् कि हुनसक्छ संसार लाखौ, लाखौ र लाखौ वर्ष पुरानो हो। मलाई थाहा छैन, यो खरबौ खरब वर्ष पनि हुनसक्छ। मलाई थाहा छैन यो कति पुरानो हो। परमेश्वर समय भित्र उपस्थित हुनुहुन्न। उहाले बोलेर सृष्टि गर्नु अगाडिको बेलाभन्दा अहिले उहासंग एक मिनेट पनि कम समय भएको छैन। उहा अझै पनि परमेश्वर हुनुहुन्छ। उहासंग कुनै समय छैन।

56 अस्तिको रात वा बिहान भन्दा पहिले मैले त्यसरी कहिल्यै पनि जानेको थिईन। उहा अनन्त हुनुहुन्छ, कुनै हिजो, भोलि होइन, सबै वर्तमानको अहिलेमा छ। के तपाईले कहिल्यै यो "म हुँ" शब्दलाई ध्यान दिनुभएको छ? "म थिए" वा "म हुनेछु" होइन। यो अनन्त "म हुँ" हो, बुझ्नुभयो, सधै "म हुँ," हो!

57 अब, उहाले सबै कुरा समयमा राख्न चाहनुभयो। केहिले उपासना

गर्नको लागि उहाले केहि कुरा बनाउन पर्ने थियो, त्यसैले उहाको गुणले यो उत्पादन गर्यो। त्यसपछि उहाले मानिस बनाउनुभयो। त्यसपछि, यो मानिसमा, उहाले एक्लोपन देख्नुभयो। त्यसैले, अब, उहाको महान् विचार देखाउनको लागि, जुन ख्रीष्ट र मण्डलीमा एउटा चित्र उहाले विचार गर्नुभएको थियो, उहाले माटोको अर्को अंश लिएर एउटा स्त्री बनाउनुभएन, तर उहाले आदमको एकतर्फि भागबाट एउटा करंग लिनुभयो; र आदमको आत्माबाट लिनुभयो, नारी भाग लिनुभयो र यो करंगमा राख्नुभयो। जब तपाईले कुनै पुरुषलाई देख्नुहुन्छ जसले केटिको जस्तो गतिविधि गर्छ, त्यहाँ केहि खराबी छ। बुझ्नुभयो, त्यहाँ केहि खराबी छ। तिनीहरु पूर्णरूपमा दुइ भिन्दाभिन्नै आत्माहरु हुन्। तर, संगै तिनीहरुले एक इकाई बनाउछन्, "यी दुइ एकै हुन्।" त्यसैले उहाले स्त्री र पुरुष बनाउनुभयो, र तिनीहरु कहिल्यै बुढो नहुनपर्ने हो, कहिल्यै नमर्न पर्ने, कहिल्यै सेतो नफुल्न पर्ने हो। तिनीहरुले खान्थे, पिउथे, सुत्थे, जस्तो हामीले गर्छौं, तर पाप के हो भनेर तिनीहरुले कहिल्यै पनि जानेका थिएनन्।

58 अब म यसलाई ठिक यहिनिर अर्को पाठ सर्पको सन्तानको लागि कुनै अर्को समयको निम्ति छोडेर जानेछु। जुन तिनीहरुले मलाई फेरी सम्झाउनको निम्ति भनेका छन्। तर मलाई हेर्न दिनुहोस् कि कसैले आएर मलाई त्यो भन्दा फरक देखाईदियोस्। त्यहि नै हो जुन म जान्न चाहनछु, बुझ्नुभयो।

59 अब, तर यी सबै भईसके पश्चात, जब पाप आयो, के घट्न गयो?

60 त्यहाँ माथि पर, माथि, लाखौ, सयौ लाखौ मिल, *त्यहाँ* एउटा विशाल अंतरिक्ष छ, र त्यो सिद्ध अगापे प्रेम हो। हरेक पटक जब तपाईले *यो* बाटो कदम चाल्नुहुन्छ, त्यो एक इन्ची साँघुरो हुन्छ। र तपाईलाई थाहा छ त्यो पृथ्वीमा आइपुग्ने समयसम्म त्यो कति सानो भईसक्छ। त्यो छायाको छायाको पनि छाया हो। त्यहि नै हो जुन तपाईसंग छ, त्यहि नै हो जुन म संग छ, एउटा छायाको छायाको पनि छायावाला अगापे प्रेम।

61 त्यहाँ तपाईमा केहि कुरा छ, यहाँको प्रत्येक स्त्रीमा केहि कुरा छ जो बिस वर्ष पार गरिसक्नुभएको छ, यहाँका हरेक पुरुषमा त्यहाँ केहि कुरा छ जो बिस वर्ष पार गरिसक्नुभएको छ, जुन रहनलाई चाह गर्छ। तपाईसंग केवल पाच वर्ष छ, जुन पन्ध्र देखि बिससम्मको हो। बिस वर्ष पछि तपाई मर्न थाल्नुहुन्छ। तर, पन्ध्र वर्ष देखि तपाई केवल तबसम्म

किशोर जवान हुनुहुन्छ। र त्यसपछि तपाई तपाईको बिस वर्ष पुगुन्जेलसम्म परिपक्क हुनुहुन्छ। र बिस वर्ष पछि, ओ, तपाईले भन्नुहुन्छ, “म एउटा मर्द जस्तो राम्रो छु।” तपाईले त्यो भन्न थाल्नुहुन्छ किनकी तपाई त्यो हुनुहुन्न। तपाईले जे सुकै गर्नुहोस् तपाई मर्दै र जल्दै हुनुहुन्छ। परमेश्वरले तपाईलाई त्यो उमेरसम्म बनाउनुभयो, तर त्यसपछि तपाई मार्दै जानुहुनेछ। अब के हुन्छ? अब तपाई मर्न शुरू गर्नुहुन्छ, तर त्यहाँ भित्र तपाईमा केहि कुरा छ जसले भन्छ, “म फेरी पनि अठार वर्षे जवान हुन चाहन्छु।”

62 अब म तपाईलाई केहि कुरा सोध्न चाहन्छु। यदि तपाई पाच सय वर्ष अगाडि जन्मेको भए, र तपाई आजको दिनसम्मै अठार वर्षकै रहिरहेको भए के हुन्थ्यो? यदि तपाई तपाइको पाचसय वर्ष अगाडिको धारणालाई प्राचिन कालिन बन्नुहुदैन भने! तिर्थयात्री पिताहरु यहाँ आउनुभन्दा पहिले, र तपाई एउटा जवान युवती त्यस प्रकारका धारणाका साथ हुनुहुन्थ्यो भने। किन, तपाई बरु बृद्ध भएर अगाडि बढेर पाच सय वर्ष जिउनु उत्तम हुनेथियो। बुझ्नुभयो, त्यहाँ केहि खराबी छ।

63 तपाईले भन्नुहुन्छ, “अँ, भाई ब्रन्हाम, अहिलेको अवस्थानै मलाई लगभग ठिकै लागेको छ। ओ, म—म अठार वर्ष हुँ, म सोह्र बर्षको हुँ, मलाई राम्रो महसूस हुन्छ।” प्रिय, तपाईलाई म केहि भन्न चाहन्छु। कसरी तपाईले भन्नसक्नुहुन्छ कि तपाईको आमा कसरी यस घडीमा जिउनसक्नुहुन्छ, यदि उहा यस मण्डलीमा हुनुहुन्न भने? कसरी तपाईले भन्नसक्नुहुन्छ कि तपाईको प्रिय केटा मित्र, वा केटि मित्र केहि समय अगाडि मारिएको छैन भनि? तपाई कसरी जान्नुहुन्छ कि बिहान तपाईको घरमा तपाई लाश हुनुहुन्न भनि? कसरी तपाई जान्नुहुन्छ कि तपाई आज राति मण्डलीबाट जीवितै जान सक्नुहुन्छ भनि? यो यति अनिश्चित छ। त्यहाँ केहि कुरा पनि निश्चित छैन। यदि तपाई पन्ध्र, बाह्र, उन्नाईस, पचहत्तर, या नब्बे होस् त्यहाँ केहि निश्चित छैन...सबै कुरा अनिश्चित छ। तपाईलाई थाहा छैन तपाई कुन दोषादमा उभीदै हुनुहुन्छ। तरै पनि अझै तपाई पन्ध्र, अठार वर्षको जवानमा फर्केर जान चाहनुहुन्छ। के कुराले तपाईलाई त्यसो गर्न लगाउछ?

64 अब, यदि तपाई फर्केर तपाइको अठार वर्षमा जानु भयो र त्यसमै रहनुभयो भने, र कहिल्यै पनि बिमार हुनुभएन र कहिल्यै...तपाईसंग अरु मानिसहरु पनि हुनपर्छ, किनभने तपाईले त्यसलाई बढाउदै लानुहुन्छ। बुझ्नुभयो। मानिसहरु अरु उमेरमा हुदै जान्छन् तर तपाई चाहि पुराकालिन

हुनुहुनेछ। यदि तपाई तिनीहरुसंगै बुढो हुदै जानुभयो भने यो भन्दा पनि खराब हुनेछ। तर त्यहाँ केहि कुरा छ जसले तपाईलाई त्यहा हुनको लागि बोलाउदै छ। त्यो एउटा सानो अगापे, त्यो सानो छाया जसले तपाईलाई... केहि कुरा जुन माथि छ।

65 अब, विगतको राति, या बितेको बिहानीमा, सात बजे तिर, जब पवित्र आत्मा, उहाको महानता र उहाको अनुग्रहमा, मेरो यस शरीरबाट निकालेर लानुभयो, म विश्वास गर्छु, म विश्वास गर्छु। हो या होइन, म भन्दिन, र त्यो भूमिमा प्रवेश गरे र ती मानिसहरुलाई देखे, र तिनीहरु सबै जवान थिए। र मेरो जीवनमा देखेको मध्ये सुन्दर मानिसहरु मैले देखे। र उहाले मलाई भन्नुभयो, "तिनीहरु मध्ये केहि नब्बे वर्षका थिए। तिनीहरु तपाईको प्रचारबाट प्रभुमा आएका थिए। तिनीहरु कराईरहेका थिए, 'मेरो भाई! मेरो भाई!'"

66 अब, त्यो स्वर्गीय शरीर हो, कि जब हामी मर्छौं हामी एउटा मिथ्य बन्दैनौ, हामी एउटा शरीर बन्छौ। यदि हामी, सबै जना मर्यौं भने, यदि यो समयमा अतोमिक बम्बले हामीलाई अहिले उडायो भने, अहिलेको पाच मिनेट पश्चात हामीले एक अर्काको हात मिलाई रहेका र एक अर्कालाई अँगालो हालिरहेका हुनेछौ, र चिच्याउने र प्रशंसा गर्ने र परमेश्वरलाई महिमा दिईरहेका हुनेछौ! हो श्रीमान्। र भाई र बहिनी स्पेंसर यहाँ बसिरहदा, मलाई लाग्छ यहाँ सबै भन्दा बृद्धा जोडिमध्ये एक हुनुहुन्छ, उहाहरु अठार, बिस वर्षको हुनुहुनेछ। भाई नेभिल विल्कुल एउटा जवान केटा हुनुहुनेछ, र म पनि एउटा जवान केटा हुनेछु। र हामी सबै विल्कुलै...त्यो वास्तवमै सत्य हो। "यदि यो भौतिक शरीर कुहिएर गएता पनि, हामीसंग अर्को शरीर पहिले नै पर्खेर बसिरहेको छ।"

67 जब एउटा सानो बच्चा आफ्नो आमाबाट बाहिर निस्किन्छ, एउटा प्राकृतिक जन्मको रूपमा, त्यसको सानो शरीर बेरिएको र खुट्टाहरु हल्लाईरहेको, र त्यस्तै हुन्छ। मेरो अभिव्यक्तिलाई नजर अन्दाज गर्नुहोस्, तपाई जवान महिलाहरु। तर जब त्यसो हुन्छ, तब यसले जीवनको शरीरलाई भट्टै हल्लाईदिन्छ। तर जब यो पृथ्वीमा आउछ, पहिलो कुरा, त्यसले आफ्नो श्वास समात्छ, र त्यसपछि त्यस बच्चामा आत्मिक शरीरको स्वभाव आउछ। त्यसलाई एक्लै छोडिदिनुस्, त्यसले आफ्नो सानो टाउको

र आफ्नो आमाको स्तनको खिलाप लान्छ र आफैलाई खुलाउन थाल्छ। यदि त्यसले त्यसो गरेन भने, दूध तल समेत आउदैन।

68 के तपाईले कहिल्यै बाच्छामा ध्यान दिनुभएको छ जब त्यो जन्मन्छ, त्यसले...जति चाडो त्यसले आफ्नो खुट्टामा उभिन सक्ने बल पाउछ? यो कसले भनेको हुन्छ? ठिक आफ्नो आमानिर हिडेर जान्छ, जान्छ र आफैलाई दूध खुलाउन थाल्छ। यो सहि हो!

69 जब यो भौतिक शरीर यस पृथ्वीमा ल्याईन्छ, त्यहाँ आत्मिक शरीर त्यसको लागि तयार बसेको हुन्छ। र जसै यो हुन्छ...ओ, हाल्लेलुयाह! "कि हामीले वास गरेको यो पार्थिव शरीर ढली गए तापनि स्वर्गमा अनन्तसम्म रहने परमेश्वरले दिनुभएको हाम्रो घछर्म जो हातले बनाईएको होइन।" जब हामी यसबाट निस्केर जान्छौ, हामी त्यो अर्कोमा प्रवेश गर्छौं; त्यसमा जसले चिसो पानी पिउनलाई खोज्दैन, पिउनको लागि पानीको आवश्यकता पर्दैन; त्यो शरीर जसले खादैन, त्यस शरीर जुन यस पृथ्वीको धूलोबाट बनेको होइन। तर तिनीहरु वास्तविक हुन्, र महसूस गर्न सक्छ र हात मिलाउन सक्छ, र प्रेम गर्छ र सबै कुरा सिद्ध हुन्छ। र त्यो शरीर त्यहाँ पारी पर्खिरहेको छ। यो त्यसको हिस्सा हो। त्यहाँ तिन ओटा छन्।

70 तपाईले तपाईको अनन्त जीवन ठिक यहाँ वेदीबाट आरम्भ गर्नुहुन्छ। यहि नै हो जहाँ तपाईले आफ्नो अनन्तकाल शुरू गर्नुहुन्छ। ओ, तपाईले अनन्त जीवन ठिक यहि शुरू गर्नुहुन्छ। तब तपाई नया गरी जन्मिएको हुनुहुन्छ, परमेश्वरको एउटा छोरा। र त्यसपछि तपाई जब मार्नुहुन्छ, तपाई शुरू गर्नुहुन्छ...जब तपाईको शरीरलाई मृत्युले हान्छ र मुटु धड्किन बन्द गर्छ, मरणशील चक्का स्थिर अड्किन थाल्छ, त्यो सानो छाया जुन एउटा छायाको पनि छाया हो, एकै सेकेन्डमा त्यो पनि एउटा छायाको छाया बन्दछ, त्यसपछि फेरी त्यो छाया बन्छ, त्यसपछि त्यो अझै थोरै बन्छ, त्यसपछि त्यो नाला बन्छ, त्यसपछि एउटा नदि बन्छ, र त्यसपछि त्यो सागर बन्छ, र केहि समय पछि तपाई आफ्नो प्रियहरुको जो त्यहाँ उभिरहेका छन् त्यस उपस्थितिमा तपाई उभिनुहुन्छ, एउटा अविनाशी शरीरको पोशाकमा पहिरिएको हुन्छ, जहाँ तपाईले एकअर्कालाइ चिन्नुहुन्छ र एक अर्कालाई प्रेम गर्नुहुन्छ, तपाई फर्केर फेरी जवान पुरुषर जवान महिलामा परिणत हुनुभएको छ। वास्तवमै सहि हो। त्यसले प्रभु येशूको आगमनको दिनसम्म त्यहाँ पर्खन्छ। र कुनै दिन त्यो उहाको महिमापूर्ण

शरीर...अब याद गर्नुहोस्, त्यो अगिको स्वर्गीय शरीर हो, महिमामय शरीर होइन, स्वर्गीय शरीर हो। र कुनै दिनमा आएर त्यो स्वर्गीय शरीरले स्वर्ग छोडेर येशूसंगै जान्छ।

71 "किनकि म तिमीहरुलाई यो भन्दछु," दोश्रो थेसोलोनिकी, ५ औ अध्याय, या पहिलो थेसोलोनिकी, ५ औ अध्याय, एक वा अर्को थियो, "म तिमीहरुलाई यो भन्दछु, भाईहरु, सुतिगएकाहरुका विषयमा तिमीहरु अन्जान बसेको म चाहदिन, र तिमीहरुले आशा नभएको मानिसहरु जस्तै शोक गर्न नपरोस्। किनकि यदि येशू मर्नुभयो र फेरी जिईउठ्नुभयो भनि विश्वास गर्छौं भने त्यसरी नै परमेश्वरले उँहामा सुतिगएकाहरुलाई येशूद्वारा ल्याउनुहुनेछ। प्रभुको वाचाद्वारा हामी तिमीहरुलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौ र प्रभुको पुनरागमनसम्म बाचिरहन्छौ, सुतिगेकाहरुलाई कुनै किसिमले पनि उछिन्नेछैनौ।" (उचित शब्द) "तिनीहरु जो सुतिगेका छन् कुनै पनि तरिकाले उछिन्नेछैनौ। किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको स्वरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरु चाँही पहिले बौरीउठ्नेछन्।" यी स्वर्गीय शरीर तल आउछन् र महिमित शरीर धारण गर्छन्। "तब हामी बाँचीरहेका र छोडिएकाहरु चाहि एकै पलमा, आँखाको निमेषमा परिवर्तन हुनेछौ प्रभुलाई आकाशमा भेट्न तिनीहरुका साथसाथै बादलमा उठाईलगिनेछौ, र यसरी हामी सधै प्रभुसंग रहनेछौ।"

72 "तब सम्म म दाखको यस फलबाट न त पिउने नै छु न त खाने नै छु, जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरुसंग नयाँ गरि पिउँदिन।" त्यो विवाह भोजमा। किनकि साडे तिन वर्षसम्म ख्रीष्ट–विरोधीले आफ्नो शासन गर्ने सिध्याउने छ, सारा संसार नष्ट गरिन्छ, यहूदीहरुलाई बोलाईन्छ, योसेफले आफैलाई यहूदीहरु माझ चिनाउछ। याद गर्नुहोस्, जब योसेफले आफैलाई आफ्ना दाजुभाईहरु माझ चिनाउछन्, त्यहाँ एउटा पनि अन्यजाति उपस्थित थिएन। जब उनले पठाए...तपाईलाई कथा थाहा छ। योसेफ, हरेक प्रकारले ख्रीष्टको एउटा हुबहु चित्रण। जब जोसेफले आफ्नो भाईको लागि जब पठाए, र तिनीहरु तल आए, र उनले हेरे र सानो बेन्जामिनलाई देखे, र उनले तिनीहरुलाई त्यहाँ देखे र त्यसपछि उनले...तिनीहरुले भने, "किन, यो केटा, हामीले हाम्रो भाई योसेफलाई मार्न नहुने थियो।" यहूदीहरुले यो जाने कि तिनीहरुले एउटा गल्ति गरे; अब जब ख्रीष्ट, जब उहाले आफैलाई तिनीहरु माझमा चिनाउदै

हुनुहुन्थ्यो। र योसेफ पुरै भरिए, उनी झन्डै रुन पर्यो, त्यसैले उनले आफ्नो श्रीमती र छोराहरुलाई त्यहाँ राखेनन्, र सबै पहरेदारहरु र सबै कुरालाई राखेनन् र तिनीहरुलाई दरवारमा पठाए। वास्तवमै सहि हो। र त्यसपछि यहूदीहरुको मात्रै उपस्थितिमा, उनले भने, "म योसेफ हुँ, तिमीहरुको भाई। म तिमीहरुको भाई हुँ।" र त्यसपछि तिनीहरु झुके र डरले काप्न थाले, र भने, "अब हामी जान्दछौ कि हामीले यो पाउछौ, किनभने हामीले हाम्रा भाईले मार्यौं। हामीले भनेका थियौ कि हामीले हाम्रा भाईलाई मार्यौं, र अहिले ऊ यस महान् राजा हो।"

73 उनले भने, "यो परमेश्वरले जीवन बचाउने उदेश्यले गर्नुभयो।" त्यहि वास्तविक कारणले नै परमेश्वरले यो गर्नुभयो, हामी अन्यजातिहरु लाई बचाउनको लागि। तर अन्यजाति दरबारमा थियो। हाल्लेलुयाह! उनको दाजुभाईहरुबाट इन्कार गरिएर, योसेफले, दुलहीलाई लिए; र दुलही चाहि अन्यजाति थिए, यहूदी थिएन। ठिक छ।

74 अब, अब तपाई कँहा जादै हुनुहुन्छ? हामीले यो महिमापूर्ण शरीर धारण गरे पछि, र महान् युग जुन आउनेवाला छ; जब यो महिमामय शरीर, यो स्वर्गीय शरीरलाई एउटा महिमामय शरीर बनाईए पछि। मैले के भन्न खोजिरहेकोछु त्यो तपाईले बुझ्दै हुनुहुन्छ? तब म हिडेर गएर भन्न सक्छु, "भाई नेभिल" तपाईलाई म एउटा चित्रण दिनेछु। मैले भन्ने छु, "भाई ह्युम्स, पापा भएको ठाउसम्म हामी जाउ यो बिहानीमा।" उहा परमेश्वर हुनुहुन्छ, अब हामीले उहालाई चिन्दछौ, उहा एउटा मुक्तिदाता हुनुहुन्छ, उहा एउटा चंगाईदाता हुनुहुन्छ।

75 त्यहाँ पापको सृष्टि भन्ने जस्तो कुरा कहिल्यै पनि थिएन। त्यो राम्रो तरिकाले कहिल्यै पनि गएन, के गयो र? पाप सृष्टि होइन। होइन, श्रीमान्। पाप एउटा विकृति हो। त्यहाँ केवल एउटा सृष्टिकर्ता हुनुहुन्छ, त्यो परमेश्वर हुनुहुन्छ। पाप त धार्मिकताको विकृति हो। व्यविचार के हो? धार्मिकताको आचारभ्रष्टता हो। झुट के हो? सत्यलाई गलत रुपमा प्रस्तूत गरिएको हो। निश्चित रूपमा यहि हो। श्रापको शब्द भनेको के हो? यो परमेश्वरको आशिषहरु परमेश्वरमा आशिषको सट्टामा एउटा श्रापको वचनमा परिणत गर्नु हो। पाप एउटा सृष्टि होइन। पाप एउटा विकृति हो। त्यसैले, शैतानले पाप सृष्टि गर्न सक्दैन थियो, त्यसले केवल परमेश्वरले जे सृष्टि गर्नुभएको छ

त्यसलाई बंग्याउने मात्र गर्यो। त्यो वास्तवमै सहि हो। मृत्यु केवल जीवनको विकृति हो।

76 अब यसमा ध्यान दिनुहोस्। तब म अगाडि जानेछु, र म भन्नेछु, "भाई ह्युम्स, तपाई र म, र भाई बिलर र केहि भाईहरु, हामी पापा कहाँ जाऔ, परमेश्वर कहाँ। र, भन्छु, आउनुहोस् एउटा सानो यात्रा गरौ। तपाई केटाहरुलाई पहाड मन पर्थ्यो जब तपाई..."

"हो, हामीले पक्कै मन पराउथ्यौ।"

77 "ओ, त्यहाँ कयौ पहाडहरु छन् त्यो पारी लाखौ मिल परको नया संसारमा। त्यहाँ निर जानुहोस् र घुम्नुहोस्।"

78 "मैले...?...हरेक दिन सूर्य उच्चमा उदाउदै आउछ। म तिमीहरुलाई सुन्नेछु। जबकि तिनीहरु बोल्दै गर्दा म तिनीहरुलाई सुन्नेछु।" यशैया ६६। यो साँचो हो।

79 र तपाईलाई थाहा छ, म त्यहाँबाट भएर हिडिरहेको छु, हामीहरु सबै त्यहाँबाट हिड्छौ केवल लगभग पाच सय वर्षसम्म, केवल सानो यात्रा हुनेछ, दस लाख, त्यसले केहि फरक ल्याउदैन, बुझ्नुभयो। र अब—अब त्यो सुन्नमा पागलपन लाग्छ, तर यो सत्य हो। बुझ्नुभयो, यो साँचो हो, किनभने त्यहाँ कुनै समय नै छैन, त्यो अनन्तकाल हो। र जब म त्यहाँ बाहिर जान्छु, म त्यहाँ तलबाट भएर जाँदछु, र तपाईलाई थाहा छ त्यहाँ म—म—म कसलाई भेट्ने छु? म भन्छु, "यदि त्यहाँ दिदि जोर्जी ब्रुस हुनुभएन भने! किन! दिदि जोर्जीलाई देखेको दिन देखि अहिले लामो समय भैसक्यो।" उहा सधै उस्तै देखिनुहुन्छ। बुझ्नुभयो? उहा कराडौ वर्षको हुनसक्नुहोला, तर उहा हुनसक्नेसम्मको जवान हुनुहुनेछ। उहाले कसैको ढाडमा कोट्टाउनुहोला, र मैले त्यहाँ हेर्छु, यो चिता, सिंह हो।

मैले भने, "तपाई कस्तो हुनुहुन्छ यस बिहानीमा, चिता?"

80 "मिआउ," एउटा सानो विरालो जस्तो। "ओ, म त्यहाँ केहि दिदिबहिनीहरुसंग बोलिरहे जस्तो चारैतिर ठूला फूलहरु थिए, हामी त्यहाँ तल रहेर चारैतिर हेरेको लगभग पाच सय वर्ष भयो, बुझ्नुभयो।" अब, त्यो सुन्दा पागलपन जस्तो लाग्छ, तर यो सत्य हो। त्यहि नै तरिकामा परमेश्वरले गर्नुभयो।

81 ठिक छ, तपाईको हृदयलाई आशिष भएको होस्, दिदि जोर्जी। कुनै हानि आउनेछैन, केहि त्यस्तो आउने छैन। साँझको बेलामा हामी पर्वतको

टुप्पोमा जानेछु, र भन्नेछौ, “ओ पापा, एकपटक म हराएको थिए। ओ, म एकपटक पापको फोहोरमा थिए, पापा, परमेश्वर, र तपाईले मलाई बचाउनुभयो।”

82 मानिसहरु जसले यो व्यक्त गर्ने प्रयास गरे तिनीहरु पागल भएर गए। त्यस व्यक्ति जसले *ओ परमेश्वरको प्रेम* को अन्तिम कविता लेखेका थिए, जुन एउटा संस्थाको अनौठो पर्खालमा लेखिएको थियो, जसले परमेश्वरको प्रेमलाई व्यक्त गर्ने प्रयास गरेको थियो। उहा पापीहरुलाई बचाउनको निम्ति कसरी तल आउनुभयो, र कसरी उहाले त्यसो गर्नुभयो, उहाको प्रेम जो तपाई र मलाई बचाउनको लागि तल आउनुभयो। आराधनाको बारेमा बोलौ, स्वर्गदुतहरुलाई त्यसको बारेमा केहि पनि थाहा थिएन! आराधना, स्वर्गदुतले केवल जानेका थिए...ऊ त्यहाँ उभिन्छ र आफ्नो पंखालाई अगाडि पछाडि घुमाउछ। “हाल्लेलुयाह, हाल्लेलुयाह!” तर, ओ, दया! तर अब मलाई थाहा भयो म हराएको थिए र अब म भेट्टाएको छु, म मरेको थिए, म फेरी जीवित भएको छु! ओ, परमेश्वर, म पाप थिए, म व्यर्थ थिए, र म तल त्यहाँ फोहोरमा थिए!

83 यहाँ निर उत्तम कुरा छ जुन जीवनले दिन सक्छ। के तपाई कहिल्यै यहाँ तल कोल्गेटको फोहोर जम्मा गर्ने ठाउमा जानुभएको छ। म पुगेको मध्ये त्यो सबैभन्दा गन्हाउने ठाउ थियो। त्यो पुरानो धुवा सुंघ्दा केवल मलाई बिमार बनाउथ्यो। त्यो पुरानो धुवामा र दुर्गन्धमा बस्नुपर्दा, त्यसले तपाईको पेटलाई बिमार बनाउथ्यो, क्यास्टर तेल लिए पछि केवल भित्रको कुरालाई बाहिर निकालीदिन्थ्यो। बुझ्नुभयो, तपाईलाई एकदम बिमार बनाउथ्यो! तपाईको चारैतिर मुसा दौडीरहेको हुन्थ्यो, तपाईलाई खाना खोजिरहेको हुन्थ्यो। र त्यो नै जीवनको सबै भन्दा राम्रो हो। र कसैले तपाईलाई आएर त्यहाँ बाट निकाल्छ। र तपाई वास्तवमै बुढो हुनुहुन्छ र निरीह हुनुहुन्छ। र तपाईलाई त्यहाँबाट निकाल्छ र तपाईलाई अठार वर्षको केटामा परिणत गरिदिन्छ, तपाईलाई पहाडको टुप्पोमा पुर्याईदिन्छ, स्वास्थ्य फुल्छ, त्यस्तो खालको स्वच्छ हावाको श्वास फेर्न पाउछ, चिसो ताजा पानी पिउन पाउछ। के तपाई कहिल्यै फेरी फर्केर त्यो फोहोर फाल्ने ठाउमा जान चाहनुहुन्छ? कदापि, कदापि, कदापि, कदापि फेरी फर्केर त्यो फोहोरको डङ्गुरमा नजानुस्।

84 अब, त्यहि नै हो यसको अर्थ, मित्रहरु। त्यो नै यो दर्शन हो, या अनुवाद,

या जेकेही होस्, एउटा दर्शन हो। म दर्शन भन्छु, किनकि मलाई डर छ कि त्यसलाई अनुवाद भन्दा कसैलाई चोट पुग्नसक्छ, त्यो नै थियो यो। अब, जब त्यहाँ परमेश्वर...उहामा छोरा र छोरीहरु ल्याउन परमेश्वरले के गर्नुभयो। अब, यी मानिसहरु को हुन्? कसरी तिनीहरुले कहिल्यै...यी मानिसहरुले यो योग्यता पाउनको लागि के गरे त? तिनीहरुले कसरी गर्न सके? परमेश्वरले, आदिमा, स्वर्गदुतहरु सृष्टि हुनुभन्दा पहिले नै...कतिजनालाई थाहा छ कि उहा असिमित हुनुहुन्छ? यदि उहा हुनुहुन्न भने, उहा परमेश्वर नै होइन। त्यसैले, परमेश्वर आफ्नो असिमित अनुग्रहमा, उहाले देख्नुभएको थियो कि लुसीफरले त्यसो गर्ने छ, यदि उहाले त्यसलाई बनाउनुभयो भने। उहाले तिनीहरूलाई स्वतन्त्र नैतिक अधिकारको आधारमा राख्नुहुनेछ। र तपाई अझै पनि त्यहाँ हुनुहुन्छ, त्यो ठिक हो, असल र खराबको रूखलाई हामी हरेकको अगाडि राखिएको छ, तपाईले आफ्नो चुनाव गर्नुहोस्। र लुसीफर पहिलो थियो गलत बाटो रोज्नेमा। र त्यसले आफ्नो पक्षमा घमण्डिहरुलाई तान्न थाल्यो, र सबैलाई आफ्नो तिर पार्ने कोशिष गर्न थाल्यो, कसैमाथि अधिरोहन गर्न प्रयास गर्यो। र त्यहि नै यो शुरू भयो। अब, यसलाई सुन्नुहोस्। त्यहि नै ठाउ थियो जहाँ पाप शुरू भयो। परमेश्वर, उहाको असिमित विचारमा, यो देख्नुभयो, र मात्रै एउटा बाटो देख्नुभयो...

85 अब, तपाईहरु त्रिएक विश्वासी भाईहरु, म तपाईहरुलाई चोट पुर्याउन चाहेको होइन, तर कसरी परमेश्वरको असल वचनको नाउमा परमेश्वरबाट येशूलाई तपाईहरुले एउटा अलग्गै व्यक्तिमा स्थान दिनसक्नुहुन्छ? यदि येशूले अर्को व्यक्तिलाई लिनसक्नुहुन्थ्यो र उसलाई संसारको मानिसहरहरुको उद्धार गर्नको निम्ति गएर मर्नको लागि बनाउनसक्नुहुन्थ्यो भने, उहा अन्यायी हुनुहुने थियो। त्यहाँ केवल एउटै मात्र तरिका थियो जुन परमेश्वरले गर्नसक्नुहुन्थ्यो, त्यो स्थान आफैले लिएर हुनेथियो! र उहाले मृत्युको पिडा चाख्नको लागि परमेश्वर देहधारी हुनुभयो, हामीबाट मृत्युको खिल र मृत्यु निकाल्नको लागि, ताकि हामी उहाको आफ्नैबाट उद्धार हुन सक्नको निम्ति। त्यसैकारणले उहा यदि उपासित हुनुहुनेछ। येशू एउटा मानिस हुनुहुन्थ्यो, निश्चय नै उहा मानिस हुनुहुन्थ्यो। उहा एउटा मानिस हुनुहुन्थ्यो, एम–ए–एन, कन्या मरियमबाट जन्मिएको। तर आत्मा जो उहामा थियो, कुनै नाप बिनानै परमेश्वर थियो, उहा शरीरमा ईश्वरत्वको परिपूर्णता वास गर्दथ्यो। उहा नै यहोवा–यिरे हुनुहुन्थ्यो, उहा यहोवा– राफा हुनुहुन्थ्यो, उहा नै यहोवा–मनस्से हुनुहुन्थ्यो, उहा यहोवा हुनुहुन्थ्यो,

हाम्रो रक्षक हुनुहुन्छ, हाम्रो ढाल हुनुहुन्छ, हाम्रो चंगाईदाता हुनुहुन्छ; उहा नै अल्फा, ओमेगा, शुरू र अन्त्य हुनुहुन्छ; उहा नै पहिलो, र अन्तिम; उहा हुनुहुन्थो, जो हुनुहुन्छ, र हुन आउनुहुनेछ; दाऊदको कूलको मूल, बिहानीको तारा, किन, किनकि उहा सर्वेसर्व हुनुहुन्छ। उहा पूरा ईश्वरत्वको परिपूर्णता वास गर्दछ!

86 र मृत्युको सधै एउटा खिल हुन्थ्यो, जसले मानिस खिल गाडथ्यो, "अ," शैतानले भन्छ, "त मेरो जालमा पेरिस, किनभने तैले मलाई सुनिस्। तँ मा खिल गाडेको छु, म तँलाई चिहानमा लानेछु। त्यो भेडाको रगतले तँलाई कुनै पनि हालत कत्ति पनि मद्दत गर्न सक्दैन, त्यो मात्र एउटा पशुको रगत हो।" तर परमेश्वर, उहाको विवेकमा, जान्नुहुन्थ्यो कि त्यहाँ एउटा थूमा आउनेछ, जो संसारको उत्पत्तिभन्दा अघि नै मारिएको छ। हो, श्रीमान्। र तिनीहरु...उहाले त्यस समयसम्मलाई पर्खानुभयो, समयको पूर्णता आउन्जेलसम्म पर्खनुभयो।

87 तर एकदिन जब थूमा आउनुभयो, यो मानिस, शैतान समेत मूर्ख भयो। त्यसले उहालाई चारैतिर हेर्यो, त्यसले भन्यो, "यदि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ भने, *यो* गर्नुहोस्। यदि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ भने, आश्चर्यको काम गर्नुहोस् र तपाईले त्यसो गरेको मलाई हेर्न दिनुहोस्। तपाईले त्यसो गरेको मलाई हेर्न दिनुहोस्। अँह, उसको अनुहारको चारैतिर एउटा चिर म बाँधीदिनेछु, तपाईलाई हराउनेछु। यदि तपाई एउटा अगमवक्ता हुनुहुन्छ भने, हामीलाई भन्नुस् कि तपाईलाई कसले हान्यो।" "म, म विश्वास गर्दिन कि तपाई नै पुत्र हुनुहुन्छ भनि। यदि तपाई हुनुहुन्छ भने हामीलाई सिधा भन्नुहोस् कि तपाई कसरी हुनुहुन्छ।" बुझ्नुभयो, सबै त्यस्तै खालको गरे। "ओ, भन्नुहोस् तपाई त्यहि हुनुहुन्छ भनि!" उहाले आफ्नो मुख खोल्नुभएन। ओ, ओ, के उहाले उहाको आँखा अगाडि ऊन तान्नुभयो त्यसबेला!

88 उहाले आफ्ना चेलाहरु तर्फ हेर्नुभयो, र भन्नुभयो, "यदि मैले चाहेको भए, मैले मेरो पितालाई भन्नसक्थे र उहाले मेरो निम्ति बाह्र पल्टनको स्वर्गदुतहरु पठाईदिनुहुन्थ्यो।" पिलातासले त्यो सुनेनन्, तपाईलाई थाहा छ।

89 "यदि तिमी यहूदीको राजा भए! ओ, त्यो राजा होइन। किन, त्यो रगताम्य भएको हेर। हे, तिमीहरु मध्ये केहि सेनाहरु त्यहाँ जाओ र त्यसको

मुखमा थूकीदेओ।” उहालाई थूके, निन्दा गरे, उहाको मुखबाट हातभरी आउने दारी निकालिदिए। “ओ, यो त्यो होइन, यो परमेश्वरको पुत्र होइन! म मेरो खिल उहामा हालिदिनेछु। म उहालाई त्यहाँ पुर्याउने छु। अब तपाई मेरो जालमा पर्नुभयो।”

90 जब उहाले अन्तिम पटक चिच्याउनुभयो, “एलि, एलि, मेरो परमेश्वर, मेरो परमेश्वर!” त्यो एउटा मनिष हुनुहुन्थ्यो। “तपाईले मलाई किन त्याग्नुभयो?”

91 गेथसमनीको बगैंचामा, अभिषेकले उहालाई छोडिदियो, तपाईलाई थाहा छ, उहा एउटा पापीको रूपमा मर्नुपर्ने भयो। उहाले एउटा पापीको मृत्यु मर्नुभयो, त्यो तपाईलाई थाहा छ; उहाको पापहरु त होइन, तर मेरो तपाईको पापहरु थियो। त्यहि नै हो जहाँ त्यो प्रेम आयो, कसरी उहाले मेरो पाप लिनुभयो! ओ, हाल्लेलुयाह, कसरी उहाले मेरो भाग लिनुभयो!

92 र त्यहाँ उहा हुनुहुन्थ्यो, उहाले आफ्नो मुख खोल्न सक्नुभएन। खिल हाल्ने वालाले भन्यो, “तपाईलाई थाहा छ, मलाई लाग्छ कि त्यो केवल एउटा सामान्य मान्छे थियो। उहा कन्याबाट जन्मेकै थिएन किनकि मैले उहामा मेरो खिल हालिदिएको छु।”

93 र यहाँ त्यो आयो, उहाभित्र त्यसको खिल भित्र हालिदियो, तर त्यो गलत समयमा थियो, केटा! त्यसबेला त्यसको खिल उहाले निकाल्नुभयो। त्यसबेला देखि त्यसले आफ्नो खिल कहिल्यै हाल्न सकेन, त्यसले आफ्नो खिल त्यहाँ नै छोडिदियो। तेस्रो दिनमा बौरी उठ्नु भयो, र भन्नुभयो, “हेर म मरेको थिए, र म फेरी सदाको लागि जिवित भई उठेको छु, मसंग मृत्यु र नरकको चाबी छ।” हो, श्रीमान्। त्यसले उहा को हुनुहुन्थ्यो भनि देख्न असल भयो। “र किनभने म जीवित भएको छु, र तिमीहरु पनि जीवित हुनेछौ। त्यो अझै पनि देखा परेको छैन...”

94 एकदिन, तेस्रो वा चौथौ दिन पश्चात, उहा पिताकहा माथि जानुभए पछि, उहा फेरी फर्कनुभयो, त्यसपछि केहिले सोधे, “ओ, उहा...उहा—उहा एउटा भूत हुनुपर्छ। उहा त्यस मान्छेको बारेमा केहि डरलाग्दो कुरा हुनपर्छ। र हामी...तपाईले उसलाई देख्नुभएको छ। तपाईले दर्शन देख्नुभएको छ।”

“होइन, उहा वास्तविक येशू हुनुहुन्छ।”

95 थोमाले, “मलाई पहिला उहाको हातहरु र सबैथोक हेर्न दिनुहोस, यदि त्यहि हो भने म तपाईलाई भन्नेछु।”

96 उहाले भन्नुभयो, “हेर, म यहाँ छु।” उहाले भन्नुभयो. “के तिमीहरुसंग माछा र रोटि छ त्यहाँ? मलाई खानाको निम्ति ल्याओ।” र तिनीहरुले उहालाई खानाको लागि ल्याए, र उहा त्यहाँ रहेर खानुभयो। र भन्नुभयो, “अब, के भूतआत्माले मैले खाए जसरी खान्छ? के आत्माको मासु र हाड हुन्छ जस्तो म संग अहिले छ? बुझ्नुभयो?” उहाले भन्नुभयो, “म उहि हुँ। म त्यहि हुँ।”

97 र पावलले भनेका थिए, “यो ठिक अहिले देखा परेको छैन कस्तो खालको शरीर हाम्रो हुन्छ, तर हामी जान्दछौ कि हामीसंग उहाको जस्तै शरीर हुनेछ।” के? के उहासंग थियोफेनि (अलौकिक) शरीर थियो? हो श्रीमान्! जब उहा मर्नुभयो, बाईबलले यो भन्छ कि “उहा,” यो एउटा व्यक्तिगत उच्चारण फेरी हो, “उहा पातालमा जानुभयो र कैदमा रहेका प्राणहरुलाई प्रचार गर्नुभयो।” हाल्लेलुयाह! उहाले यो कसरी गर्नुभयो? उहासंग महसूस गर्ने ज्ञानइन्द्रिय थियो, उहासंग सुन्न सकेन ज्ञानइन्द्रिय थियो, उहासंग बोल्ने ज्ञानइन्द्रिय थियो, उहाले त्यहि खालको शरीरबाट प्रचार गर्नुभयो जुन शरीरमा मैले त्यस रातमामा ती महिमितहरुलाई देखेको थिए। उहाले नरकमा भएका ती प्राणहरुलाई प्रचार गर्नुभयो, जसले नोआको दिनहरुमा पश्चाताप गरेका थिएनन्।

98 तर जब उहा इष्टरको दिनमा बौरीउठ्नु भयो, र यो सम्भव थिएन कि त्यस शरीर कुहिन मिल्दैन थियो, ‘किनकि दाऊद अगमवक्ताले पहिले नै यो देखेका थिए, “किनभने तपाईले मेरो प्राणलाई चिहानमा छोड्नुहुनेछैन, न त तपाईले आफ्ना पवित्र जनको शरीर कुहुन दिनुहुनेछ। मेरो शरीरले आशामा विश्राम लिनेछ, किनभने उहाले मेरो प्राणलाई चिहानमा छोड्नुहुनेछैना, न त तपाईले आफ्ना पवित्र जनको शरीर कुनुन दिनुहुनेछ” र कुहुन भन्दा बहत्तर घण्टा अगाडि, त्यो थियोफेनी शरीर, त्यो शरीर जुन तल गयो र ती कैदमा रहेका प्राणहरुलाई प्रचार गर्नुभयो, जसले नोआको दिनहरुमा पश्चाताप गरेनन्, फेरी बौरी उठ्नुभयो, र मरणशील मरणशिलतामा राखियो, र उहा आउनुभयो र खानुभयो, र उहाले हामीलाई भन्नुभयो कि उहा एउटा मानिस हुनुहुन्छ। हाल्लेलुयाह!

99 त्यहि नै तरिकामा हामी उहालाई देख्ने छौ, भाई इभान्स। त्यो त्यहि समय हो जब उहाले दाऊदको सिंहासनमा विराजमान हुनुहुनेछ। हाल्लेलुयाह! त्यो तब हो जब हामी माथि र तल हिड्नेछौ, अब, म तपाईहरुसंग यात्रा गर्नेछु त्यस पारी पर्वतमा लाखौ वर्षसम्म, बुझ्नुभयो, केवल केहि दिनहरु, केवल केहि मिनेटहरु, हामी त्यहा पारी जानेछु, त्यहाँ चारैतिर बस्नेछौ।

100 र यो खाने समय आउछ, तपाईलाई थाहा छ, पहिलो कुरा तपाईलाई थाहा छ, दिदि वूडले भन्नुभएको थियो...मैले भनेको थिए, "दिदि वूड, ठिक छ, तपाई यत्तिका समयसम्म कहाँ हुनुहुन्थ्यो? मैले तपाईलाई धेरै समय देखि देखेको थिईन...यस्तो लाग्छ कि यो पन्ध्र मिनेट भएको छ।"

"ओ, त्यो त दुइ हजार वर्ष अगाडि हो, भाई ब्रन्हाम।"

101 "अ–ह। तपाई कस्तो महसूस गर्दै हुनुहुन्छ?" ओ, पक्कै पनि तपाई अरु नभएर राम्रो महसूस गर्दै हुनुहुन्छ।

102 "भन्नुहुन्छ, यहाँ आओ केटाहरु, तपाईहरु सबैलाई म केहि देखाऊन चाहन्छु, भाईहरु, मेरो प्रिय भाईहरु। यहाँ निर पानीको मुहान छ, तपाईले पिए मध्यको सबैभन्दा उत्तम। र, ओ, हामीले एउटा राम्रो चिसो पानी पिउनेछौ। म त्यहाँसम्म पुग्नेछु र त्यो एउटा महान् अंगुरको झुप्पा ल्याउने छु, र हामीहरु त्यहाँ तल बस्नेछौ र त्यो खानेछौ।" के त्यो अद्भूत हुनेछैन? त्यो वास्तवमै त्यस्तै हो। त्यहि नै हो।

103 हामीले यो कहाँबाट पायौ? हामीले यो कसरी थाहा पायौ? परमेश्वरले, संसारको उत्पत्ति हुनभन्दा अघि देखिने, हामीलाई पूर्व नियुक्त गर्नुभयो! कसलाई? तिनीहरुलाई जो प्रतिज्ञाको देशमा छन्।

*उँहाको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उँहाले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो*

*यस हेतुले कि उँहाले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।*

ताकि हामीले उहाको प्रशंसा गर्नसकौ जस्तो उहाले भन्नुभएको छ। त्यहि जो उहा हुनुहुन्छ, परमेश्वर। हामी उहाको प्रशंसा गर्न चाहन्छौ।

*...यस हेतुले कि उँहाले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।*

*उँहाको अपार अनुग्रह अनुसार ख्रीष्टको रगतद्धारा हामी उँहामा उद्धार, हाम्रा पापको क्षमा पाउछौं।*

104 म अब फर्केर अभिग्रहण (धर्म पुत्र स्विकार्नु) तिर जानुपर्छ, तर म "पापहरु," मा एकछिन रोकिन चाहन्छु, के तपाईले त्यो ध्यान दिनुभयो? तपाईलाई थाहा छ परमेश्वरले एउटा पापीलाई त्यसले पाप गरेकोले दोषी ठहराउनुहुन्न? उहाले त्यसलाई पापीनै रहेकोले दोषी ठहराउनुहुन्छ। यदि एउटा पापीले एउटा चुरोट पिउछ भने, उहाले त्यसलाई यो गरेको कारणले दोषी ठहराउनुहुन्न; ऊ जसरी पनि पापी नै हो, बुभ्नुभयो? बुभ्नुभयो? उसमा कुनै पनि पाप छैन, पापीमा। ऊ केवल एउटा पापी हो, बुभ्नुभयो, ऊमा कुनै पापहरु छैन। तर तपाईमा पाप छ, तपाईहरु जो इसाई हुनुहुन्छ। तपाईले ध्यान दिनुहोस् कि यहा उहाले मण्डलीसंग बोल्दै हुनुहुन्छ। मण्डलीलाई सिधा राक्छ। बुभ्नुभयो? बुभ्नुभयो? "पापबाट क्षमा," एस–आई–एन–एस। हामीले पाप गर्छौं। तर पापी केवल एउटा पापी हो, परमेश्वरले त्यसलाई क्षमा दिनुहुन्न।

105 अब, तपाईले भन्नुहुन्छ, "ठिक छ, यो व्यक्ति यहाँ गयो र एउटा व्यक्तिलाई गोली हान्यो। तपाईले त्यो विषयमा के गर्न जानुहुनेछ?" त्यो कुनै तरिकाले मेरो सरोकारको विषय होइन। म एउटा सुधारक होइन। म एउटा प्रचारक हुँ। कानूनले त्यसको कुरा समाधान गर्छ, तिनीहरु हुन् सुधारक। तिनीहरु..."ठिक छ," भन्नुहुन्छ, "उसले व्यविचार गर्यो।" त्यो–त्यो कानूनको विषय हो। त्यो ऊ र कानूनको बीचको कुरा हो। म—म—म—म म एउटा सुधारक होइन, मैले मानिसहरुलाई सुधार गर्ने गर्दिन। म त तिनीहरु परमेश्वरलाई चिनेर परिवर्तन भएको चाहन्छु। म एउटा प्रचारक हुँ, बुभ्नुभयो, मेरो काम उसलाई परमेश्वर तर्फ ल्याउने हो। यदि उसले पाप गर्यो भने, त्यो उसको कुरा हो, ऊ एउटा पापी हो। परमेश्वरले त्यस व्यक्तिलाई अभै उच्च स्तरमा दण्ड दिनुहुनेछ। ऊ शुरूवात मै पापी हो, ऊ शुरू गर्नमा नै त्यसमा दण्डित छ। ऊ यहासम्म कि पहिलो अधारसम्ममा पनि पुगेन, ऊ—ऊ—ऊ कहिँ पनि पुगेको छैन। ऊ शुरू गर्नको लागि नै पापी छ। ऊ मा कुनै पापहरु छैन, ऊ एउटा पापी हो।

106 तपाई बाहिर गएर भन्नसक्नुहुन्न, *"यो* सम्म चाहि रात हो, *यो* सम्म चाहि रात होइन।" होइन, यो सबै नै रात हो, केवल सबै रात हो। त्यहि नै हो जे परमेश्वरले भन्नुभयो। त्यो ठिक हो, ऊ केवल एउटा पापी हो, त्यहि नै सबै हो। "अब, उसले यो गर्यो, *यो* सम्म रात हो, *यो* वास्तवमै यहा उज्वल रात हो।" मलाई थाहा छ, तर यो सबै केवल रात हो, र त्यहि नै हो। बुझ्नुभयो?

107 मैले यो भन्न सक्दिन, "यहाँनिर ठिक *यति* चाहि उज्यालो हो।" होइन, यो केवल सबै नै उज्यालो हो, तपाई हो भनेर तपाईले किटान गर्न सक्नुहुन्न। बुझ्नुभयो? तर यदि ऊ एउटा *यो* सानो कालो भाग हो, तब त्यहाँ यसमा अन्धकार छ।

108 त्यसैले "पापहरु," एस–आई–एन–एस, हामीमा पापको लागी (के बाट?) उहाको रगत, अमूल्य रगतबाट क्षमा छ।

*...उहाको अपार...*

109 हामीले कसरी यो बिर्सन सक्छौ? किनभने हामी योग्यका छौ, हामीले हाम्रा पापहरुबाट क्षमा पाउनको लागि केहि कुरा गर्यौं? उहाको के?

*...अनुग्रह;*

110 ओ, प्रभु! मेरो हातमा केहि बोकेर म ल्याउदिन, प्रभु। केहि म गर्न सक्दिन, त्यहाँ केहि पनि छैन जे मैले गर्न सक्छु। हेर्नुहोस्! उहाले मलाई नियुक्त गर्नुभयो, उहाले मलाई बोलाउनुभयो, उहाले मलाई चुन्नुभयो। मैले उहालाई कहिल्यै चुनिन। उहाले मलाई चुन्नुभयो, उहाले तपाईलाई चुन्नुभयो, उहाले हामी सबैलाई चुन्नुभयो। हामीले उहालाई चुनेनौ। येशूले भन्नुभयो, "तिमीले मलाई चुनेनौ, मैले तिमीलाई चुने।" उहाले भन्नुभयो, "मेरो पिताले नल्याएसम्म कुनै पनि मानिस म कहाँ आउनसक्दैन, र ती सबै जातिलाई मेरो पिताले मलाई दिनुभएको छ म कहा आउने छन्। धर्मशास्त्र पूरा हुनको लागि विद्रोहको पुत्र बाहेक, ती कोहि पनि हराउने छैनन्।" तपाईले बुझ्नुभयो? भन्नुभयो, "तर ती सबै जतिलाई मेरो पिताले मलाई दिनुभयो, म कहा आउनेछन्।"

111 ओ, म अति नै ढिलो भईसकेको छु, होइन र? र म कहिल्यै यसबाट बाहिर निस्किन सकेको छुइन। मैले यसमा अझै पनि शुरू नै गरेको छैन। म छिट्टो गर्छु, म केहि त्यो कुरामा ठिक यहाँ आउन पर्नेछ केवल चाडो गर्नेछु, र हामी हतारमा छौ। म केहि मिनेटमै यो अभिग्रहणमा फर्केर जान पर्नेछ। ओ,

के मलाई माफ गर्न सक्नुहुनेछ केवल केहि मिनेटको लागि? आउनुहोस् यहाँ यसमा जाऔ, यहाँ केहि मानिसहरु केवल यस रातको लागि त्यहाँ जोर्जियाबाट आउनुभएको छ, तिनीहरुको हृदयमा आशिष नभएको होस्। अब, भाई जर्जियन, र टेक्सास र जहाँ कहिँबाट तपाईहरु हुनुहुन्छ, यो ५ औ पदलाई सुन्नुहोस्। केहि बेर हामी यसैमा रहिरहौ।

*हुनसम्मलाई अघिबाटै नियुक्त गर्नुभएको थियो...*

112 त्यो शब्द "सम्म" ले के अर्थ दिन्छ, त्यस शब्द "सम्म"? त्यसको अर्थको कि हामी केहि कुरामा हुनलाई आउदैछौ। "म पानीको मुहानसम्म जादैछु। म कुर्सीसम्म जादैछु।" ह्युम्स तपाईले बुझ्दै हुनुहुन्छ? "म मेचसम्म जादैछु।"

अब, उँहाको इच्छाको *लक्ष्य (खुसी) अनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उँहाले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो*

113 कतिसम्मको इच्छाको खुसी? त्यो कसको खुसी थियो, कसको भलाई? उहाको आफ्नै। उहाको आफ्नै इच्छाको उहाको आफ्नै असल खुसीद्वारा।

114 अब, "अभिग्रहण" भनेको के हो? अब म यसलाई ल्याउने छु, मलाई थाहा छैन कतै...यसबाट भएर जान मसंग समय हुनेछैन, तर पनि म छुनेछु। त्यसपछि यदि त्यहाँ कुनै प्रश्न भए, केहि समय पछि कुनै बेला संदेशमा तपाईले मलाई केहि सोध्न सक्नुहुनेछ। सुन्नुहोस्, तपाईको अभिग्रहण (धर्म पुत्र/पुत्री) तपाईको जन्म होइन। तपाईको अभिग्रहण तपाईलाई स्थापित गरिएको हो। जब तपाई नया गरी जन्मनुभयो, यूहन्ना १:१७, म विश्वास गर्छु कि जब हामी परमेश्वरको आत्माद्वारा जन्मन्छौ, हामी परमेश्वरको छोराहरु हौ। तर हामी पूर्व नियुक्त गरीएका हौ। अब यहाँ म तपाईलाई के सम्झाउन चाहदै छु भने, यी अन्तिम दिनका छोराहरु, तपाईले देख्नुहुन्छ। ... बुझ्नुभयो? हामीहरु अभिग्रहण गरिएको सन्तान (हुनको) निम्ति नियुक्त गर्नुभयो।

115 अब, अब हामी यहाँ छौ। अब, यसले पेन्टिकोष्टलहरुलाई थोरै चित्त दुखाउछ। तिनीहरुले भन्छन्, "म नया गरी जन्मेको छु! प्रभुको प्रशंसा हो, पवित्र आत्मा पाएको छु!" ठिक छ। तपाई परमेश्वरको एउटा छोरा हुनुहुन्छ। त्यो सहि हो। तरै पनि अझै म बोलिरहेको त्यसको बारेमा होइन। बुझ्नुभयो,

तपाईलाई अभिग्रहण गरिएको सन्तान हुनको लागि निक्युक्त गरिएको थियो। अभिग्रहण, यो एउटा छोरामा स्थापित गर्नु हो।

116 म त्यसको अति नै नजिक छु, किनकि बेक्कीले मलाई त्यो भनेको थियो कि म त्यसको अति नजिक छु, तपाई पछाडि हुनुभएकाहरुले सुन्नसक्नुभएको छैन। म...

117 देख्नुभयो, एउटा बालक। कतिजनालाई थाहा छ पुरानो करारमा अभिग्रहण (धर्म पुत्र/पुत्री) को नियम के थियो? पक्कै पनि तपाईले हेर्नुभएको छ। एउटा छोरा जन्मियो। मलाई लाग्छ कि मैले यो कुनै प्रवचनमा भएको थिए। त्यो के थियो, जिन, तपाईलाई याद छ? त्यो एउटा टेपमा छ। ओ, त्यो के थियो? म—म—म—म—मैले त्यसमा छोएको थिए। ओ, हो, मलाई याद भयो, *उसलाई सुन्। उसलाई सुन्;* सन्तानको अभिग्रहण।

118 अब, पुरानो करारमा, जब एउटा—जब परिवारमा एउटा बच्चा जन्मन्थ्यो, ऊ बच्चा हुन्छ जब ऊ जन्मन्छ, किनभने ऊ आफ्नो परिवारबाट जन्मेको हुन्छ, ऊ त्यस परिवारको छोरा र सबैकुराको उत्तराधिकार हुन्छ। अब, यो छोरा गुरुले हुर्काउथ्यो। गलाती, ५ औ अध्याय, १७ औ देखि २५ औ पदमा सम्म। ठिक छ। उसलाई गुरुले हुर्काउथ्यो, पालक, शिक्षकहरुले। अब, उदाहारणको लागि, यदि मेरो एउटा छोरा जन्मियो भने, भन्नुहुन्छ, म एउटा पिता हुँ र...

119 र त्यहि नै कारणले किंग जेम्समा, कतिजनाले सोच्नुभएको छ त्यो किंग जेम्स भर्जनमा पढ्दा अचम्मै मजा लाग्छ, भनिएको छ, "मेरो पिताको घरमा धेरै कोठाहरु छ"? एउटा घर, धेरै कोठाहरु। देख्नुभयो? वास्तवमै, ती दिनहरुमा जब बाईबल किंग जेम्सको लागि अनुवाद गरिदै थियो, एउटा *घर* एउटा "शासन क्षेत्र" थियो "मेरो पिताको *शासन क्षेत्रमा* धेरै घरहरु छन्।" एउटा घरभित होइन, शासन क्षेत्रहरुमा, तर उहालाई यस शासन क्षेत्रको पिता भनिन्थ्यो। तिनीहरुको यो बाईबलिय नै थियो, बाईबलमा त्यहि नै तरिकामा थियो।

120 जब बुवाको एउटा महान् ठूलो हजार–एकड खेती जमिन हुन्थ्यो, वा केहि अरु कुरा हुन्थ्यो, ऊ संग केहि समूहका मानिसहरु *यहाँ* रहेका हुन्थे। ऊ संग केहि हातहरु *यहाँ* रहेका हुन्थ्यो जसले भेडाहरुको रखवाली गर्थे, यहाँ अर्को कोहि हुन्थे जसले गईबस्तुको हेरचाह गर्थ्यो, ऊ संग यहाँ अर्को हुन्थ्यो जो सयौ मिल टाडा माथि गएको हुन्थ्यो, अनि ऊ संग ठिक *यहाँ*

अर्को हुन्थ्यो जसले बाख्राहरुको हेरचाह गरिरहेको हुन्थ्यो, र ऊ संग अर्को खच्चरहरु र अरु धेरै कुराहरुको हेरचाह गर्ने हुन्थ्यो। ऊ—ऊ संग एउटा बिल्कुल ठूलो राज्य हुन्थ्यो। र ऊ आफ्नो गधामा चाढथ्यो र चारैतिर जान्थ्यो र हरेकलाई हेर्थ्यो तिनीहरुले भेडा ऊन निकाल्ने र ती सबै कार्य कसो गरिरहेको छ भनी। ऊ संग समय हुदैन थियो...

121 जब म त्यहाँ जान्छु तपाईले मलाई सुन्नसक्नुहुन्न। म—म—म यहि पछाडि बस्ने कोशिष गर्छु। के तपाईले मलाई सुन्न सक्नुहुन्छ अहिले, ठिक छ, यहाँ? हेर्नुहोस्।

122 उसले त्यो चढेर टाडा जान्थ्यो, र टाढा जान्थ्यो, उसको राज्यको हेरचाह गर्ने कोशिषमा हिड्थ्यो। त्यसैले अब उसले चाहन्छ...ऊसंग भएको सबैकुराको त्यो छोरा नै उत्तराधिकारी हुनेवाला थियो। त्यो नै उत्तराधिकारी हो।

123 र जब हामी परमेश्वरको राज्यमा जन्मियौ, येशू ख्रीष्टद्वारा, हामी स्वर्गको उत्तराधिकारी हौ, येशूसंग संयुक्त–उत्तराधिकारी, किनभने उहाले हाम्रो स्थान लिनुभयो। उहा हामी (पाप) बन्नुभयो, ताकि हामी उहा (धार्मिक) बन्नसकौ। बुझ्नुभयो? उहा म बन्नुभयो ताकि म उहा बन्नसकूँ, बुझ्नुभयो, उहासंगै संयुक्त–उत्तराधिकारी। ठिक छ, अब यो याद गर्नुहोस्, तपाईहरु प्रत्येकलाइ।

124 अब, याद, परमेश्वरले तपाईलाई नियुक्त गर्नुभयो, उहाको पूर्वज्ञानद्वारा, कि तपाई यसमा आउदै हुनुहुन्छ। सबैले यो बुझ्नुभयो, आफ्नो हात उचाल्नुहोस्, बुझ्नुभयो। परमेश्वरले, पूर्वज्ञानद्वारा, तपाईलाई प्रतिज्ञाको देशमा आउनलाई नियुक्त गर्नुभयो। आज इसाईको लागी प्रतिज्ञाको देश के हो? केवल तपाईको हात उचाल्नुहोस् यदि तपाईलाई थाहा छ भने। "प्रतिज्ञा तिमीहरुको लागि र तिमीहरुका छोराछोरीहरुका लागि, र तिनीहरूका लागि जो टाढा टाढामा रहेकाहरुका लागि। र यो अन्तिम दिनहरुमा पूरा हुन आउने छ, परमेश्वर भन्नुहुन्छ, कि म मेरो आत्मा सबै जातिहरुमा खन्याउने छु, तिमीहरुका छोराहरु र छोरीहरुमा।" र यशैया २८:१८ मा, "किनकि यस्तो छ—गरिबस, गरिबस, शासन गर, शासन गर, यँहा अलिकति, त्यहाँ अलिकति। जे असल छ त्यसमा रहिरह। त्यसो हो भने, अन्य भाषा र अरु नै बोलिद्वारा परमप्रभु यस प्रजासित बोल्नुहुनेछ, जसलेई उँहाले भन्नुभयो, विश्राम गर्ने ठाउँ यहि हो, थाकेकाहरुले यहि

नै विश्राम गरुन्। अनि आरामको ठाउँ यहि। तापनि तिनीहरुले सुन्ने मन गरेनन्।" बुझ्नुभयो, ठिक त्यहि नै हो।

125 त्यो के थियो? ठिक त्यहि मानिसहरु जस्तो जो कनान बाट, वा मिश्राबाट आएका थिए, त्यो उजाडस्थान बाट भएर आएका थिए, र ठिक त्यहाँ पुगे, त्यस भूमिबाट आएको अंगूर चाख्नेसम्मको नजिक पुगे। भाई, त्यहाँ, ती मानिसहरुले मलाई यो ल्याएको चाहनुहुन्छ, त्यहाँनिर हिब्रू ६ मा। कसरी मैले यो गर्नसक्छु? ती सिमारेखा निरका विश्वासीहरु, तिनीहरु कहिल्यै त्यहाँ पारी जानेछैनन्! तिनीहरु त्यहाँ जानसक्ने छैनन्। येशूले भन्नुभयो।

तिनीहरुले भने, "हाम्रा पूर्खाहरुले उजाडस्थानहरुमा मन्न खाए।"

126 र येशूले भन्नुभयो, "तिनीहरु, सबैजना, मृत छन्।" त्यो अलग्याईयो। तिनीहरु सबैजना मरे। त्यो सहि हो। भन्नुभयो, "तर म जीवनको रोटि हुँ जो परमेश्वरबाट, स्वर्गबाट आए। जसले यो रोटि खाँदछ, त्यो कहिल्यै मर्नेछैन। त्यो सहि हो। हो, श्रीमान्, यदि त्यसले यो खायो भने त्यसले अनन्त जीवन पाउनेछ, त्यो अदनको बगैंचाको जीवनको रूख हुँ।"

127 अब, हेर्नुहोस्, यी मानिसहरु यति नजिक आइपुग्छन्! हेर्नुहोस्, यदि तपाईले हिब्रू ६ मा ध्यान दिनुहुन्छ भने, त्यसमा फर्केर जानेछैनौ, तर हिब्रू ६ मा, "यी मानिसहरुले एकपटक भाग लिएका थिए, र यति नजिक थिए, कि स्वर्गीय वरदानहरु चाखेका थिए।" तिनीहरु वरपर बस्थे, तिनीहरुले चंगाई भएको देखेका थिए, तिनीहरुले मानिसहरुलाई परमेश्वरको शक्तिमा देखेका थिए, तिनीहरुले जीवनहरु परिवर्तन भएका देखेका थिए, तर तिनीहरुले त्यसमा हात पनि राख्दैनन्। होइन श्रीमान्। होइन श्रीमान्। "र आउनेवाला संसारको शक्तिसमेत चाखेका थिए; र यदि तिनीहरुले आफैलाई पश्चातापमा पूनः नया बनाउनु पर्दथ्यो, यो देखेर कि तिनीहरुले आफैलाई परमेश्वरको पुत्रसंग क्रूसमा टाँगीदिएका छन्, र रगतको मूल्य गनेका थिए जहाँ तिनीहरु पवित्र पारिएका थिए..."

128 "म त्यो मण्डलीसंग सम्बन्धित छु जसले पवित्रीकरणमा विश्वास राख्दछ।" त्यो जहाँसम्म जानसक्छ त्यहाँ सम्म राम्रै हो, तर तपाई धेरै टाढासम्म जान सक्नुहुन्न। बुझ्नुभयो? हो, श्रीमान्। उजाडस्थानले तिनीहरुलाई पवित्रीकरण गरेको थियो। हो, वास्तवमै गरेको थियो। तिनीहरुसंग काँसाको सर्प र काँसाको वेदी थियो, र त्यहाँ सबै कुरा थियो,

पवित्रीकरणको लागि, तर तिनीहरुले विश्रामको लागि प्यालेसटाईनमा प्रवेश गरे।

129 हिब्रू ४ मा हेर्नुहोस्, के उनले भनेका छैनन्, “अर्को विश्राम”? परमेश्वरले सातौ दिन बनाउनुभयो र तिनीहरुलाई सातौ दिनमा विश्राम दिनुभयो। अर्को ठाउमा उहाले विश्रामको बारेमा बोल्नुभएको छ, “र आज दाऊदमा।” त्यसपछि उहाले तिनीहरुलाई अर्को विश्राम दिनुभयो, “हे सबै थाकेका र बोझले दबिएका हो, म कँहा आओ, म तिमीहरुलाई विश्राम दिनेछु।” यस विश्राममा प्रवश गर! किनकि हामीहरु जो यस विश्राममा प्रवेश गरेका छौ, हाम्रा कामहरुबाट हामीलाई आराम दिईएको छ किनकि परमेश्वरले उहाको आफ्नै शबाथबाट त्यो गर्नुभयो। निश्चय नै। त्यहाँ तपाईको शबाथ छ, विश्राम। त्यहाँ तपाईको वास्तविक विश्राम छ त्यस प्रतिज्ञाको देशमा।

130 पवित्र आत्मा मानिसहरुको प्रतिज्ञा हो। र किन तिनीहरु शिक्षित विद्वान प्रचारकहरु चाहन्छन् जसले तिनीहरुले छोटा–छोटा लुगा र कपाल काट्न दिन्छन्, र लिपस्टिक लगाउन दिन्छन्, र पुरुषहरुले जुवा खेल्न र बियर पिउन्न र फोहोर चुटकिला भन्न दिन्छन्, त्यसरी नै जिउन दिन्छन्, र आफैलाई मण्डलीको सदस्य भन्छन्? किन तिनीहरुले त्यस्ता कुराहरु लिन्छन् र पवित्रआत्माको अगुवाईलाई इन्कार गर्छन्। किन, बाईबलले भनेको छ परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुइधारे तरवारभन्दा बढी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसको जोर्नी–जोर्नी र हादको गुदीसम्मलाई भाग–भाग पारुन्जेल वारपार छोड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ। हो, यहासम्म कि मनको विचार समेत जाँच्छ।

131 र यदि हामीले संसारलाई प्रेम गर्छौं वा संसारका थोकलाई प्रेम गर्छौं भने, परमेश्वरको प्रेमसमेत हामीमा छैन। “धेरै जना बोलाईएका छन् तर थोरै मात्र चुनिएका छन्, किनकि ढोका कठिन छ र बाटो साँघुरो छ जसले जीवनमा डोहोर्याउदछ, तर त्यहाँ थोरै मात्रै हुनेछन् जसले यो भेट्टाउनेछन्। धेरैजना त्यस दिनमा मकँहा आउनेछन् र राज्यमा बस्ने छन्।” येशूले भन्नुभयो, “अब्राहम, इसाहाक, र याकूबसंग बस्ने छन्। तर त्यसदिन तिनीहरुलाई फालिनेछन्, र जसले भन्नेछन्, ‘प्रभु हामीले तपाईको नाउमा यो गरेनौ? के हामीले प्रचार गरेनौ? के हामी डाक्टर *यो–र–यो* र रेभरेंड

*यो–र–यो* बनेनौ?' मैले तिमीहरुलाई कहिल्यै चिनेको छैन, ए अधर्म काम गर्नेहरु हो, म बाट दूर होओ, म तिमीहरुलाई चिन्दिन। तिनीहरु सबै जो प्रभु, प्रभु भन्दछन् तिनीहरु स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा बस्नुहुने मेरा पताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ।"

132 त्यहाँ तपाई हुनुहुन्छ, प्रतिज्ञाको देशमा प्रवेश गर्दै हुनुहुन्छ। हामी कसरी त्यसमा जान सक्छौ? हामी त्यसको लागि नियुक्त गरिएका छौ। मण्डलीलाई, परमेश्वरको पूर्वज्ञानद्वारा, पूर्वनियुक्त गरिएको थियो (के को लागि?) उहाको महिमाको लागि, उहाको अनुग्रहद्वारा, उहाको महिमासम्म, र परमेश्वरको आराधना र महिमाको लागि। पापा, त्यहाँ आदिमा बसिरहनुभएको थियो, स्व–विद्यमान (स्व उपस्थित), उहाको वरिपरी केहि पनि थिएन, केहिले उहाको उपासना गरेको चाहनुभयो, त्यसैले उहाले एउटा मण्डलीलाई पूर्वनियुक्त र पहिले नै चुन्नुभयो गर्नुभयो, संसारको उत्पत्ति हुनभन्दा अघि, र तिनीहरुको नाउ थूमाको जीवनको पुस्तकमा राख्नुभयो, जब तिनीहरु...संसारको उत्पत्ति हुनभन्दा अगाडि नै मारियो, ताकि तिनीहरु परमेश्वरको महिमामा र उहाको प्रशंसामा अन्त्यको समयमा देखा परेको होस्, जब सबै कुराहरु एउटै मानिसमा, ख्रीष्ट येशूमा भेला हुनसकेको होस्। महिमा भएको होस्! त्यहि नै हो। त्यहि नै केवल...र त्यो ठिक त्यहि छ, मेरो भाई बहिनीहरु। त्यहाँबाट कहिल्यै पनि नहट्नुहोस्।

133 परमेश्वरले आफ्नो चुनावको अनुग्रहद्वारा, तपाईलाई बोलाउनुभयो। परमेश्वरले आफ्नो चुनावको अनुग्रहद्वारा, तपाईलाई पवित्र पार्नुभयो। परमेश्वरले आफ्नो चुनावको अनुग्रह र शक्तिद्वारा, तपाईलाई बप्तिष्मा दिनुभयो र तपाईलाई विश्रामको भूमीमा राख्नुभयो। तिनीहरु जो यस विश्राममा प्रवेश गरेका छन् भड्केर जानबाट सुरक्षित भएका छन्। तिनीहरुले आफ्नो मजदूरीबाट स्वतन्त्र भएका छन् किनकि परमेश्वरले त्यो तिनीहरुको खातिर गरिदिनुभयो। तिनीहरुसंग बयान गर्न नसकिने आनन्द छ, र महिमाले भरिएका छन्। जीवनको रूख तिनीहरुमा फुलेका छन्। तिनीहरुमा संयम, नम्रता, भलाई, विस्वासको धैर्यता, विश्वास, विनम्रता, संयमता, र ती सबै छन्। तिनीहरुमा जीवनको रुख यसकारणले फक्रेको छ किनभने तिनीहरुको आशा ख्रीष्ट येशूमा अडिएको छ, पवित्र आत्माको साक्षी विश्वासीहरुमा चिन्हहरु र आश्चर्यको कामहरुद्वारा गवाहि दिईएको छ। "विश्वास गर्नेहरुमा यो चिन्हरु हुनेछ।" जसै तिनीहरु त्यसबाट भएर

जान्छन्, तिनीहरुले विमारीहरुलाई निको पार्नेछन्, तिनीहरुले भूतहरु धपाउनेछन्, तिनीहरुले अन्यभाषाहरुमा बोल्नेछन्, तिनीहरुले दर्शनहरु देख्ने छन्। तिनीहरु...र तिनीहरु परमेश्वरसंग हिड्नेछन्, परमेश्वरसंग बोल्नेछन्। कुनै दुष्टले तिनीहरुलाई हल्लाउन सक्नेछैन, तिनीहरु स्थिर हुन्छन्, खोजिरहेका हुन्छन्...?...ती विगतका कुराहरु भूलेर, तिनीहरु येशू ख्रीष्टको त्यस महान् उच्च बोलावटलाई लिएर हिड्नेछन्। त्यहाँ तिनीहरु छन्। तिनीहरु त्यहाँ छन्। त्यो मण्डली हो।

134 तिनीहरु कसरी त्यहाँ पुगे? तपाईले भन्नसक्नु हुन्न कि, "ठिक छ, प्रभु, तपाईलाई थाहा छ, एकदिन मैले चुरोट पिउन शूरू गरे, र म गिरे, तब मैले सोचे म..." ओ, होइन, होइन, होइन, होइन।

135 पूर्व नियुक्त! उहाले हामीलाई बोलाउनुभयो र जब हामीले उहालाई पच्छयायौ त्यसबेला हामीले भन्यौ, "परमेश्वर, हामी हराईका थोयौ र अपूरो थियौ। हामीसंग यहाँसम्म कि हामीले आफैलाई बचाउनेसम्म को पनि विचार थिएन। हामी सुँगुरको जस्तो स्वभावमा थियौ, हामी सुँगुर जस्तो फोहोरी थियौ।"

136 तपाई एउटा सुँगुरको बाँधमा जानुहोस् र तपाईले त्यो पुरानो बोनेको तिर हेर्नुहोस्, र भन्नुहुन्छ, "अब, हेर् पुरानो पित्त, म तँलाई केहि भन्न चाहन्छु। तैले रक्सी पिउनु गलत कुरा हो।"

137 उसले भन्छ, "ओइंक, ओइंक।" बुझ्नुभयो? अब, यो उतिनै हो जति तपाईले आफैलाई बचाउनु हो। त्यो नै हो।

138 तपाईले भन्नुहुन्छ, "केटि, तपाईले यस्तो खालको लुगा लाउनु राम्रो होइन, तपाईले राम्रोसंग लुगा लाउनुपर्छ। तपाईले *यसो* गर्नुपर्छ। तपाई त्यहाँ जानुहुदैन...तपाईले त्यस्तो कार्ड पार्टी गर्नु राम्रो होइन। तपाईले चुरोट पिउनु राम्रो होइन। श्रीमान्, तपाईले *यो* गर्नु हुदैन, तपाईले *त्यो* बोक्नुहुदैन।"

139 उसले तपाईलाई भन्ने छ, "*ओइंक, ओइंक। म ओइंक ओइंकसंग* सम्बन्धित हुँ।" अ–हँ। "ओइंक," त्यो नै केवल त्यत्ति हो जति तिनीहरुलाई थाहा छ। "ठिक छ, म तिमीलाई थाहा दिन चाहन्छु कि म तिमी जत्तिकै राम्रो छु, ओइंक–ओइंक।" बुझ्नुभयो, तिनीहरुले पवित्र आत्माको अगुवाईलाई इन्कार गर्छन्, किनभने बाईबलले भनेको छ कि,

यदि तपाईले संसारलाई प्रेम गर्नुहुन्छ वा संसारको थोकलाई प्रेम गर्नुहुन्छ, परमेश्वरको प्रेम तपाईमा छैन।

140 के कुराले तिनीहरुलाई फरक बनाउछ? तपाई एउटा पवित्र जाति हुनुहुन्छ। तपाईले के गर्नुभयो? त्यस देशबाट बाहिर प्रवेश गर्नुभयो। तपाई अर्को भूमीमा हुनुहुन्छ। तपाई कसरी त्यहाँ पुग्नुभयो? त्यो नै प्रतिज्ञाको देश हो। कुन खालको प्रतिज्ञा हो? “अन्तिम दिनहरुमा यो हुन आउनेछ, परमेश्वर भन्नुहुन्छ, सबै जातिमा म मेरो आत्मा खन्याउने छु।” एउटै आत्माद्वारा हामी एउटै प्रतिज्ञाको देशमा बप्तिष्मा भएका छौ। आमेन। भाई र बहिनीहरु हो, हाल्लेलुयाह, हृदयको शुद्धताका साथ, कुनै इर्ष्या छैन, कुनै शत्रुता छैन, केहि पनि छैन! म मतलब गर्दिन कि यदि एउटा भाई भड्केर हिडेको छ भने, उसले जे सुकै गरेता पनि, तपाई उसको पछि बचाउनलाई जानुहुनेछ।

141 म एउटा भाईको पछि गएको थिए, धेरै समय बितेको छैन, जुन भाई भड्केर गएको थियो। एउटा जवान केटाले मलाई भन्यो, “त्यस पापीलाई जान दिनुहोस्। त्यसलाई एक्लै छोड्दिनुस्।”

142 मैले भने, “यदि म कुनै पनि त्यस अवस्थामा पुगे जुन बेलामा मेरो भाई प्रति मेरो हृदय जादैन भने, तब त्यो मेरो वेदीमा जाने समय हुनेछ, किनभने म अनुग्रहबाट गिरेको हुनेछु।” मैले भने, “म तबसम्म जानेछु जबसम्म उसको शरीरमा श्वास रहेनछ, र म उसलाई कुनै रेखामा आएर भेट्ने छु।” हो, श्रीमान्। र मैले उसलाई भेटे पनि, हाल्लेलुयाह, र फर्काएर ल्याए। हो, श्रीमान्। अहिले उनी बगालमा फर्केर सुरक्षित छन्। हो श्रीमान्। ऊ संसार जत्तिकै निश्चित रूपमा भड्केर जानसक्थ्यो।

143 केहि समय अगाडि जब मैले त्यस गरिब महिला त्यहाँ बसिरहेको देखेको थिए, र शेरिफ प्रहरीले मलाई बोलाउनुभयो, भन्नुभयो, “किन, उनी कैदीले बन्ने खालको ज्याकेटमा रहन पर्छ भनि।” भन्नुभयो, “उनी अचेत छिन्, उनको दिमाग गैसकेको छ।” उनी—उनी, तिनीहरुले उनलाई होटेलमा राखे। तिनीहरु आए।

मैले भने, “त्यो सबै ठिकै हो।”

144 भन्यो, शेरिफले भन्यो, “किन, बिल्ली!” मैले उसलाई राम्ररी चिन्दछु, र सानै बच्चा हुदा देखि नै चिन्दथे। उहाले भन्नुभयो, “यदि त्यहाँ कुनै कुरा छ जसबाट मैले तिमीलाई सहायोग गर्नसक्छु।”

मैले भने, “त्यो ठिकै छ।”

उहाले भन्नुभयो, “के तिमीले त्यस महिलालाई मद्दत गर्नसक्छौ?”

मैले भने, “सक्दिन, तर *उहाले* सक्नुहुन्थ्यो।” मैले भने, “केहि मिनेट पर्खनुस्।”

145 त्यसैले तिनीहरुले उनलाई त्यहाँ बाहिर लिएर आए। र जब उनी केहि बेरमा शान्तिको साथ गयो। त्यो के थियो? हामीले उनको लागि प्रार्थना पठायौ। आमेन! उनी यति...

146 तिनीहरुले भने, “के तपाईलाई चाहिन्छ?” उनको पति लाइ भन्यो, “के तपाईले डाक्टर चाहनुहुन्छ?”

147 भन्नुभयो, “एउटा डाक्टले उसलाई केहि गर्न सक्दैन।” र त्यो सहि हो। उनी पागल थियो; डाक्टरले उसलाई केहि गर्न सक्दैनथ्यो।

भन्नुभयो, “हाम्रो मात्रै एउटा आशा *त्यहाँ* जानु हो।”

र उहाले भन्नुभयो, “बिल्ली, मैले त्यो बुझ्दिन।”

मैले भने, “म तपाईले बुझ्ने भन्ने अपेक्षा पनि गर्दिन, बुझ्नुभयो, म त्यो तपाईमा अपेक्षा पनि गर्दिन।”

148 तर, ओ, प्रभु, न त मैले नै त्यो बुझेको छु! होइन। तर, भाई, स्वर्गको परमेश्वर...म टाडा, एकसमयमा त्यहाँ पारी थिए, केहि कुरा मेरो पछि आयो। आमेन! यो यसकारणले होइन किनकि म त्यहाँ आउन चाहन्थे, तर, होइन, केहि कुरा मेरो पछि आयो। किनभने संसारको उत्पत्ति हुन भन्दा अगाडि, नै परमेश्वरले नियुक्त गर्नुभयो, हाल्लेलुयाह, जो उहाको नै हुनेछ, उहाको आदर र महिमाको लागि। सुन्नुहोस्, तिनीहरु जसलाई उहाले पहिले चिन्नुभयो, उहाले के गर्नुभयो? उहाले तिनीहरुलाई बोलाउनुभयो। त्यो ठिक हो? के उहाले तपाईलाई बोलाउनुभयो? हो! उहाले तपाईलाई किन बोलाउनुभयो? उहाले तपाईलाई पहिले नै चिन्नुभयो। तिनीहरु जसलाई उहाले पहिले नै चिन्नुभयो, उहाले बोलाउनु पनि भयो; तिनीहरु ज–जसलाई उहाले बोलाउनुभयो, उहाले तिनीहरुलाई धार्मिक तुल्याउनुभयो। के त्यो ठिक हो? र तिनीहरु जसलाई उहाले धार्मिक तुल्याउनुभयो, उहाले तिनीहरुलाई माहिमित पनि पार्नुभयो! आमेन! त्यहि नै हो जुन बाईबलले भनेको छ। तिनीहरु जसलाई उहाले पहिले नै चिन्नुभयो, उहाले बोलाउनुभयो। सबै पुस्तालाई! तिनीहरु जसलाई उहाले बोलाउनुभयो,

उहाले पहिले नै महिमित पार्नुभएको छ। के? म यहाँ धर्मशास्त्र पढ्नेछु। ठिक छ

*उँहाको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उँहाले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो*

*यस हेतुले कि उँहाले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।*

149 ओ, के तपाईले त्यो बुझ्नुभयो? उहाको महिमामय प्रशंसाको लागि! ताकि उहा त्यो अनन्त युगहरुमा बास गर्न सक्न जुन आउने वाला छ, र उहाको बालकहरुले बोलाउने छ, “अब्बा, पिता! अब्बा, पिता!”

150 र स्वर्गदूतहरुले भन्नेछन्, “तिनीहरुले के को बारेमा बोलिरहेका छन्? तिनीहरुले के को बारेमा कुरा गरिरहेका छन्?”

151 यति सुन्दर तरिकाले उडन्ते पुत्रमा देखाईएको छ। “म हराएको थिए।” “यो मेरो छोरा हो। यो हराएको थियो र अब यो भेट्टाईएको छ। यो मरेको थियो, र यो फेरी जीवित भएको छ। त्यो मोटो बछेडो ल्याओ, सर्वोत्तम पोशाक ल्याओ, र औंठी ल्याओ र यसको औंलामा लगाईदेओ। र...” कुनै आश्चर्य छैन जब बिहानीको ताराहरुले संगै गाए, परमेश्वरको छोराहरुले आनन्दले कराए, जब तिनीहरुले मुक्तिको योजना देखे, परमेश्वरले संसारको उत्पत्ति हुनभन्दा अघि नै तपाईको नाउ त्यस पिस्तकमा राखीदिनुभयो।

152 अब तपाईले भन्नुहुन्छ, “क्याल्भिनले त्यस्तै केहि विश्वास गरेको थियो।” मैले क्याल्भिनलाई विश्वास गरिन। क्यल्भिन एउटा हत्यारा थिए। क्यल्भिनले एउटा व्यक्तिलाई मृत्युमा पुराए किनभने उसले येशूको नाउमा बप्तिष्मा दिए। ऊ एउटा पापी थियो, आफैमा परिवर्तन हुन आवश्यक थियो। हो श्रीमान्। तर उसले के भन्यो, केहि कुराहरु जुन उनले भनेका हतिय, त्यो सहि थियो। तर उसले के...उसको गतिविधि, एउटा व्यति जसले मान्छे को हत्या केवल त्यस कारणले गर्यो, अत्यन्त डरलाग्दो, त्यो पापपूर्ण छ। ठिक छ।

*जुन अनुग्रह उँहाले हामीलाई प्रशस्त मात्रामा दिनुभयो।*

153 ओ, पर्खनुस्, मैले त्यो “अभिग्रहण,” पाईन, के पाए र? के म धेरै नै ढिला भैसके? हेरौ यो घडीले के भन्छ यहाँ, कुन समयमा हामीले शुरू गरेका

थियौ। ठीक छ। केवल—केवल दस मिनेट जति लिऔ यी मानिसहरुको खातिर जो त्यति टाढाबाट आउनुभएको छ। हेर्नुहोस्, हेर्नुहोस्।

154 "अभिग्रहण," म तपाईलाई देखाउने छु कि यो अहिले गरिएको छ। एउटा पिताको ठूलो राज्य छ, उनले चारैतिर रेखदेख गर्छ। अब उसको एउटा छोरा जन्मियो। ओ, ऊ अत्यन्त खुसी छ! (त्यो परमेश्वर हुनुहुन्छ) त्यसैले तपाईलाई थाहा छ त्यस पिताले के गर्छ? उहाले एकदमै उत्तम हुर्काउने मान्छे, वा शिक्षक खोज्नुहुन्छ। तपाईलाई थाहा छ एउटा शिक्षक के हो, थाहा छैन? त्यो एउटा विद्यालयको शिक्षक हो। उहाले पूरा राज्यमा पाउनेसक्ने सबै भन्दा सर्वोत्तम विद्यालयको शिक्षक खोज्नुहुन्छ। (र त्यसपछि अब जादै गर्नेछौ, सुन्नुहोस्) र उहाले पाउनसक्ने सम्मको सबै भन्दा सर्वोत्तम विद्यालयको शिक्षक खोज्नुहुन्छ। उहाले एउटा जस्तो पाए त्यस्तै शिक्षकलाई चाहनुहुन्न, उहाले आफ्नो छोरालाई एउटा वास्तविक उहाको छोरा बनाउन चाहनुहुन्छ।

155 के तपाई आफ्ना छोराहरु त्यस्तै चाहनुहुन्न र? निश्चय पनि, तपाईले दिनसक्ने सबैभन्दा राम्रो दिनुहुन्छ! हो, श्रीमान्। त्यसैले यदि संसारिक मानिस त्यो सोच्छ भने, तपाईलाई के लाग्छ परमेश्वरले आफ्ना छोराछोरीको बारेमा के सोच्नुहुन्छ? उहाले गर्नसक्नेसम्मको सर्वोत्तम दिनुहुन्छ।

156 त्यसैले, उहाले एउटा मानिस खोज्नुहुन्छ जो सच्चै नै इमान्दार छ। अब, उहाले मानिसलाई...मानिसले यो भनेको चाहनुहुन्न, "अब, हेर्नुहोस्, म—म...सानो छोरा, तिमीले केवल त्यो गर जे तिमीलाई गर्न मन पर्छ, छोरा।" "ओ, हो, पिता, अ-ह, र त्यसमा ठिकै छ, ऊ एउटा राम्रो केटा हो।" उसको ढाडमा थोरै सुम्सुमाएर र उसको टोपीमा चलाएर छोडने। होइन, होइन। त्यो मान्छे ठिक अहिले नै निष्कासित हुनेछ। पक्कै पनि। उहाले त्यो मान्छे खोज्नुहुन्छ जो सत्य रहन्छ। यदि त्यो केटा राम्रै गर्दैछ, त्यो उहालाई भनिदिन्छ। यदि राम्रो गरेको छैन भने के गलत गरेको छ त्यो भनिदिन्छ।

157 र यदि संसारिक पिताले त्यो सोच्छ भने...के तपाईले चाहनुहुन्न कि त्यस मानिस इमान्दार भएको, के त्यो विद्यालयको शिक्षक तपाईको बच्चाको लागि इमान्दार भएको चाहनुहुन्न? पक्कै पनि। ठिक छ, तपाईलाई के लाग्छ परमेश्वरले के सोच्नुहुन्छ होला? र उहालाई थाहा छ; हामीले गर्दैनौ,

उहाले गर्नुहुन्छ। हामी सिमित छौ, हामीले भन्न सक्दैनौ। तर उहा असिमित हुनुहुन्छ र उहालाई थाहा छ।

158 त्यसैले, तपाईलाई थाहा छ पिताले के गर्नुभयो? उहाले कहिल्यै यसो भन्नुभएन, “मेरो बच्चाहरुलाई हेर्नको लागि म पपलाई ल्याउने छु।” न त उहले यसो नै भन्नुभयो, “म एउटा बिशप ल्याउने छु।” होइन। होइन। उहाले त्यसो गर्नुभएन, किनभने उहालाई थाहा छ कि पप गलत हुनसक्छ, त्यसरी नै बिशप पनि हुनसक्छ। बुझ्नुभयो? उहाले कहिल्यै पनि भन्नुभएन कि, “मेरा मण्डलीहरुलाई गर्न म एउटा सर्वाधिकारी निरिक्षक ल्याउनेछु।” होइन, होइन।

159 उहाले पवित्र आत्मा ल्याउनुभयो। पवित्र आत्मा नै उहाको शिक्षक हुनुहुन्छ, उहाको छोराछोरी हुर्काउनको लागि। ठिक छ। तब तपाईले कसरी थाहा पाउन सक्नुहुन्छ कि पवित्र आत्माले यो जान्दछ? उहाले मानिसको ओठबाट भएर बोल्नुहुन्छ। तपाईले कसरी थाहा पाउन सक्नुहुन्छ कि उहाले सत्य बोलिरहनुभएको छ? जब तपाईले देख्नुहुन्छ कि पवित्र आत्माले एउटा ओठबाट भएर बोलिरहनुभएको छ त्यसले हरेक पटक सत्य बोलिरहेको हुन्छ, भविष्यवाणी गरिरहेको र सिद्ध रूपमा त्यो पूरा हुन आएको देख्नुहुन्छ, जस्तो शामूएलले भनेका थिए, तब तपाईहरुले त्यो सत्य हो भनि थाहा पाउनुहुनेछ। त्यो सबै साचो बन्दै आउछ। किनभने परमेश्वरले भन्नुभयो, “यदि कसैले भन्छ र त्यो पूरा हुन आउदैन भने, त्यसलाई नसुन, किनभने म त्यससंग हुदिन। तर यदि त्यो हुन आउछ भने त्यसको कुरा सुन,’ किनभने म त्यससंग छु।” बुझ्नुभयो? त्यहाँ तपाई हुनुहुन्छ। त्यहि नै तरिकामा परमेश्वरले काम गर्नुहुन्छ।

160 अब, उहा वरपर जानुहुन्छ। अब तपाईलाई के लाग्छ कि शिक्षकले के भन्ने छ यदि उहा माथि पिता कँहा जादै हुनुहुन्छ भने? र भन्नेछ, “तपाईको—तपाईको छोराछोरीले विचित्र व्यवहार गर्दै छन्। म तपाईलाई भन्दैछु, त्यो तपाईको केटा, त्यो, त्यो एउटा आवारा हो। त्यो केटा एकदम काम नलाग्ने छ, मैले यस्तो मान्छे कहिल्यै देखेको छैन! तपाईलाई थाहा छ त्यसले के गर्छ? र त्यो तपाईको छोरी! ओ, ह्यु, मलाई थाहा छैन तपाईले त्यससंग के गर्नुहुनेछ। हम। ठिक छ, तपाई थाहा छ? उनी देख्दामा ठ्याक्कै...उनी जतिखेर पनि बाहिर भएका त्यो प्यालेस्टाईनको

अरु केटिहरु जस्तै रंगढंग गरेर हिड्छिन्। हो, श्रीमान्, उनी ठ्याक्कै अरुले गरेको जसरी हिड्छिन्।”

“मेरी छोरीले?”

161 “हो, तपाईको छोरीले।” त्यहि नै हो जे पवित्र आत्माले आज मण्डलीको बारेमा भन्ने। कुनै आश्चर्य छैन कि हामीमा जागृति हुदैन। बुझ्नुभयो? अब, त्यो सत्य हो।

“तपाईको छोराको बारेमा चाहि के नी? उस्तै हो।”

“के रे?”

162 “तपाईलाई थाहा छ तपाईले भन्नुहुन्थ्यो ती भेडाहरु त्यहाँ माथिको हरियो खर्कमा चाराईनु पर्छ, त्यहाँ भेडाको खुराक पाउने ठाउँमा। हो, तपाईलाई थाहा छ त्यसले के गर्यो? उसले तिनीहरुलाई त्यहाँ तल गाँजाबारीमा लग्यो। विल्कुल त्यहाँ तल लग्यो र तिनीहरु सबैलाई त्यहाँ तल खाडीमा लग्यो, र तिनीहरुलाई त्यहाँ गाँजाको बारीमा चारैतिर रहन दियो, ती पुरानो हिलो फोहोर खाना दियो, र तिनीहरु यस्तो दरिद्र छन् कि तिनीहरु त्यसबाट निस्किनै सक्दैनन्।” त्यो बिशपहरु, पाष्टरहरु हुन् जसले शक्तिलाई इन्कार गर्दछन्। “अँ, म तपाईलाई साँचो कुरा भन्छु, मैले कहिल्यै पनि मेरो जीवन त्यस्तो अत्तालिएको भेडाको झुण्ड देखेको छुइन।” उहालाई त्यो मन पर्दैन। होइन। “र तपाईलाई थाहा छ के? तिनीहरुले त्यहाँ गाईबस्तुलाई यहि नै चराउछन्, तपाईलाई थाहा छ तपाईले तिनीहरुलाई त्यहाँ माथि अल्फाफामा चराउनु भन्नुभएको थियो, तिनीहरुलाई मोटो बनाउनको लागि?”

“हो।”

“तपाईलाई थाहा छ त्यसले तिनीहरुलाई के दिईरहेको छ?”

“अँह थाहा छैन।”

163 “त्यो पुरानो गाँजामा। हो। उसले तिनीहरुलाई ती समाजहरु र सबै कुराहरु शामिल हुने बनाएको छ। तपाईले त्यस्तो कहिल्यै आफ्नो जीवनमा देख्नुभएको छैन। तपाईले तपाईको पूरा जीवनमा त्यस्तो कहिल्यै देख्नुभएको छैन। तपाईलाई थाहा छ त्यसले के गरिरहेको छ? त्यहाँ संगै गएर ठूलो चुरोट खाएको छ, पछाडि गिरेको छ। उसंग आफ्नो श्रीमती छ, ती फलिस्तीहरुले गरेको जस्तै छोटो छोटो लुगाहरु लगाएर हिडेको छ।

हो।" आजको मण्डलीको बारेमा त्यो प्रकारको संदेश पवित्र आत्माले लान परेको छ। अब, तपाईले यस बारेमा के सोच्नुहुन्छ?

164 त्यो अभिग्रहण हो। उहाले के...उहाले के गर्नुभयो? उहाले हामीलाई अभिग्रहण (धर्म पुत्र/पुत्री) मा पूर्व नियुक्त गर्नुभयो। उहाले हामीलाई पवित्र आत्मा दिनुभयो; तर, पर्खनुहोस्, अभिग्रहण गर्नुभयो, यसको बारेमा हामी कुरा गर्दैछौ, अभिग्रहण!

165 "अँ, तपाईलाई थाहा छ उहाले के गर्नुहुन्छ? कुनै दिनमा बिशप आयो र भन्यो। उसको तल त्यहाँ सानो चंगाईको सेवा भईरहेको थियो, र त्यहाँबाट बिशप आयो। एउटा मान्छे, एउटा भाई आयो र बिरामीको लागि प्रार्थना गर्दै हुनुहुन्थ्यो। र उहाले भन्नुभयो, 'तपाईले त्यो बन्द गर्नुस्!'"

"'ओ, ओ, हो, बिशप बुवा, म त्यो गर्नेछु।'"

"'तिमीले सहकार्य नगर्नु।'"

"'ओ, होइन, होइन विशप बुवा, पक्कै पनि गर्दिन।'"

166 "र यहाँ म आए र उसलाई ठिक तपाईको वचनबाट सत्य भनिदिए। बुझ्नुभयो, यहाँ त्यो छ। मैले तपाईको व्यवस्था उसको लागि पढिदिए ठिक के गर्ने भनेर, र उसले ती कुरा नै सुन्दैन। उसले भन्छ, 'ओ, त्यो अर्को युगको लागि थियो, अर्को छोराको लागि कुनै अर्को समयमा थियो। त्यो मेरो लागि होइन।'" त्यहाँ तपाई हुनुहुन्छ। अब त्यो सत्य हो मित्र। अब के तपाईले देख्नुहुन्न कहानिर मण्डलीले आफ्नो स्थान गुमाएको छ, किन हामीमा जागृति आएको छैन, किन हामीमा ती कुराहरु जारी रहेको छैन? त्यहनिर यो रहेको छ।

167 यहोशूले भन्छ, "गाद, म तिमीले...नक्सा अनुसार ठिक यहाँ निर तिम्रो ठाउ हो, तिम्रो ठाउँ यहानिर पर्छ, ठिक यहाँनिर। तिमी यहाँ भित्र आऊ गाद, र यहानिर बस। बेन्जामिन, तिमी ठिक यहाँ तल निर जाउ। र तिमीहरु सबै पलिश्तीहरुको सिमाबाट टाडा रहो, त्यो पुरानो नृत्य सहित, त्यसरी नाच्दै, र ती सबै स्त्रीहरु रंगढंग लाएर र रमाइलो समय मनाएर।" र यहासूले आफ्नो टाउको कनाउदै, र भन्यो, "अब के?" अब ठिक त्यहि नै अहिले घटिरहेको छ; सबै होइन। परमेश्वरलाई धन्यवाद। सबै नै त होइन, तर अधिकांश। ठिक छ।

168 अब त्यसो हो भने के हुन आउने छ त? त्यहि नै जो भयो। के तपाईले त्यो व्यक्तिलाई कल्पना गर्नुहुन्न, पवित्र आत्माले पिताको अगाडि त्यसो

भन्नुपर्दा लज्जित भएको? ओ, प्रभु, “म—म—मैले उहालाई भनिदिए, तर उसले—उसले—उसले सुन्ने चाहदैन। मैले उसलाई त्यो भनिदिए, अनि ठिक त्यस पुस्तकबाट उसलाई पढ्न लगाए। मैले उसको लागि एउटा सानो सेवक ल्याए र उसलाई येशू ख्रीष्ट, हिजो, आज सधै भरि एकसमान हुनुहुन्छ भनि देखाए। र तपाईलाई थाहा के? उसले एउटा त्यो पुरानो बाख्रा चराउने गोठालो यहाँ ल्यायो र उसलाई त्यो अर्को युगको हो भन्न लगायो। बुझ्नुभयो? र त्यो त्यहाँ आउदा यति खराब गन्ध गनाएको थियो त्यहाँ, त्यो बाख्राको गन्ध, तपाईलाई थाहा छ, चुरोट, र तपाईलाई थाहा छ, त्यस्तै अन्य कुराहरुको गन्ध गनायो जब त्यो व्यक्ति यहाँ आयो। बुझ्नुभयो? तर म तपाईलाई भन्छु बाख्रा गोठालोहरुले काफी तक्माहरु आफुमा लगाएको थियो। म भन्छु तपाईलाई, यदि तपाईलाई त्यसको नाउ कागजमा लेख्नु पर्यो भने, त्यो लेख्न (उसको मृत्युलेख) लगभग आधा पाना नै जान्छ उसको उपाधिहरु लेख्दामा नै। हो, श्रीमान्, तिनीहरुले त्यस मानिसलाई त्यहाँ त्यो देशमा निश्चित रूपमा मन पराउछन्, तर, म तपाईलाई भन्छु, कि त्यस व्यक्तिलाई निश्चित रूपमा थाहा छैन भेडालाई कसरी खुवाउने भनेर। त्यस व्यक्तिको बारेमा त्यो एउटा कुरा हो। उसले केवल मेरो कुरा नै सुन्दैन।” पवित्र आत्माले यसरी भन्नुहुन्छ। “मैले उसलाई यो भन्न कोशिष गरे कि तपाई हिजो, आज र सधैभरी एक समान हुनुहुन्छ, तर उसले—उसले विल्कुलै गर्दैन। त्यो नै मेरो जीवनमा मैले देखेको मध्ये अहिले सम्मकै कायर हो। हो। र मण्डलीले त्यसैलाई नै अध्यक्ष, एउटा बिशप, र त्यस्तै कुरा बनाएको छ, सबै मान्छेले त्यसैको कुरा सुन्छ। र त्यसपछि तपाईलाई थाहा छ? तिनीहरु ती कुराहरु लिन्छन्...तिनीहरुसंग एउटा सानो पुरानो एउटा कुरा छ त्यहाँ तल जसलाई तिनीहरुले एउटा ‘टेलिभिजन’ भन्छन्। तपाईले त्यो सानो पुरानो कुरा त्यसरी खोल्नुहुन्छ, र—र ती महिलाहरू आउछन् र जारी राख्छन्, ती सबै थरिका छोटो लुगामा आउछन्। र तपाईलाई थाहा छ, तपाईको अधिकांश छोरीहरु...”

“पक्कै पनि त्यस्तो त होइन।” बुझ्नुभयो?

169 भन्नुहुन्छ, “हो, तिनीहरु त्यस्तै छन्। हो, तिनीहरुले यहि गर्दैछन्। हम। तिनीहरु मध्य केहिले जागृतिको निम्ति कराउदैछन्, पिता, ती मध्ये केहिले वास्तवमै त्यो चाहन्छन्। ती मध्य केहि वास्तवमै ठिक बाटोमा हिडिरहेका छन्, ती मध्ये केहि आफु बस्न सक्नेसम्म वचनमा ठिक तरिकामा खडा भई बसेका छन्। अरु, मलाई थाहा छैन तिनीहरुलाई के गर्ने हो, तिनीहरु–

तिनीहरु सहि बाटोबाट धेरै नै टाढा छन्। तपाईलाई थाहा छ अरु तिनीहरुले के गर्दैछन्? ती राम्राहरुको यसो भन्दै गिल्ला गर्दैछन्, 'तिनीहरु केवल चटकीको झुण्डहरु हुन्।'"

"अँ, त्यसले मलाई चित्त दुखेको महसूस गराउछ।"

170 अब आनुहोस् चित्र परिवर्तन गरौ। अब पिता, उहाको पुत्र चाहि असल केटा हो। उसको पिता संग ठिक यहाँ एउटा शिक्षक छ, पवित्र आत्मा। जुन बाटोमा पवित्र आत्माले, उहाले भन्नुहुन्छ, "म हिड्ने छु," शिक्षकले भन्नुभयो, "म..."

171 बच्चाले भन्यो, "म ठिक तपाईसंगै हिड्नेछु। म ठिक तपाईसंगै हिड्नेछु।"

"ओ, त्यो डाँडा एकदमै उच्च छ, छोरा।"

172 "म ठिक तपाईसंगै जानेछु। म तपाईसंग ढुक्क छु। यदि म थाक्न थाले भने, उहाले मेरो हात उचाल्नुहुनेछ र पक्रनुहुनेछ।"

"तर त्यहाँ डाँडा माथि सिंहहरु छन् त्यहाँ!"

173 "तपाई मेरो छेउमा हुन्जेल त्यसले केहि फरक पर्ने छैन, त्यसले केहि पनि भिन्नता ल्याउने छैन। म ठिक तपाईसंग हिड्नेछु।"

"त्यहाँ माथि समस्या छ, त्यहाँ चिप्लो कठिन चट्टान छ।"

174 "तपाईले मेरो हात समातुन्जेल मलाई केहि वास्ता छैन त्यसको, म विल्कुल तपाईसंगै हिड्नेछु। म ठिक तपाईसंगै हिड्नेछु।"

"ओ, तपाईलाई थाहा छ के? तपाईको बुवाले त्यसो गर्ने गर्नुहुन्थ्यो, बुझ्नुभयो। त्यो राम्रो हो। हो, श्रीमान्।"

175 त्यहाँ डाँडाको माथि आऊ। "ओ," उहाले भन्नुभयो, "तपाईलाई थाहा छ पिता? तपाईको छोरा पुरानो ब्लकको एउटा टुक्रा जस्तो छ। ऊ वास्तवमै त्यस्तो छ। ठिक तपाई जस्तै छ। हरेक वचन जुन तपाईले भन्नुहुन्छ, उसले 'आमेन' त्यसलाई भन्छ। मैले—मैले उसलाई एकदिन बाईबल पल्टाएर देखाए, र त्यसले यसो भनेको थियो, 'येशू ख्रीष्ट हिजो आज सधैभरी एक समान हुनुहुन्छ।' तपाईलाई थाहा छ उसले के भन्यो? उसले चिच्यायो र आफ्नो हात माथि हावामा उचाल्यो, र भन्यो, 'हाल्लेलुयाह! आमेन!' ओ! र तपाईलाई थाहा छ यहानिर यसले यसो भन्छ, तपाईको वचनमा, तपाईलाई

थाहा छ, कहानिर तपाईले भन्नुभयो, 'तिनीहरु जसले मलाई विश्वास गर्छ, मैले गरेका कामहरु त्यसले पनि गर्नेछ'?"

176 "हो, मलाई याद छ मेरो छोराको लागि त्यो लेखेको। हो, मलाई याद छ त्यो लेखेको।"

177 "ओ, जब उसले त्यो देख्यो, ऊ केवल ठूलो स्वरले करायो र दया बाया यसो भन्दै उफ्रियो, 'हाल्लेलुयाह, प्रभु। सारा संसार मबाट निकाल्नुहोस्। मलाई त्यस्तो बनाउनुहोस्! हो, श्रीमान्। र ती सबै कुरा बनाउनुहोस् जुन उहाले गर्नुभयो!"

178 "ओ," परमेश्वरले यसलाई भन्नुभयो, "म—म त्यो छोराको निम्ति खुसी छु। त्यो असल छोरा हो। ठिक छ। केहि वर्षको लागि उसमा नजर लगाईराख, हेर—हेर ऊ कस्तो हुदै आउनेछ, र कसरी उसले प्रगतिशिल हुदै जानेछ।" केहि समय पछि केहि वर्ष वित्दै जान्छ। "उसले कस्तो गर्दैछ?"

179 "ओ, प्रभु, ऊ अनुग्रहमा समेत बढ्दै गईरहेको छ! ओ, उ केवल... उसले काठ छिल्दै छ। म तपाईलाइ भन्दैछु, ऊ—ऊसले ती भेडाहरुलाई ठिक तपाईले जस्तै गरी सम्हाल्न सक्छ। उसले कहिल्यै पनि तिनीहरुलाई समुद्री सिवार दिदैन। उसले तिनीहरुलाई कहिल्यै खान नहुने फूल दिदैन। जब तिनीहरु ऊ कहाँ आएर 'हामी मण्डलीमा जोडिन चाहन्छौं' भन्दै आउछन्; उसले यसो भन्छ, 'तपाईहरु चुप लाग्नुहोस्, तपाईलाई त्यो आवश्यक छैन! होइन, श्रीमान्। यहाँ छ जे हामीलाई आवश्यक छ, "पश्चाताप गर र तिमीहरु प्रत्येकले आफ्नो पाप क्षमादानको निम्ति येशू ख्रीष्टको नाउमा बप्तिष्मा लिओ। अनि तिमीहरुले पवित्र आत्माको वरदान पाउने छौ।"' हो, श्रीमान्, त्यहि नै हो जो उसले त्यहाँ भन्यो।"

"ओ, के उसले वास्तवमै त्यो भन्यो?"

"हो, श्रीमान्, उसले निश्चित रूपमा यहि भन्यो।"

"ठिक छ, त्यो त ठिक मैले लेखेकै जस्तो हो।"

"उसले ठिक यहि तरिकामा भन्यो।"

"हम!" हो, श्रीमान्।

180 "तिनीहरु मध्ये केहिले भने, 'तर तिमीहरुमाथि शक्ति प्राप्त नगरून्जेल तिमीहरु यहि शहर यारूशालेममा बसिरहो। तर पवित्र आत्मा तिमीहरुमा

आउनुभए पछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरुले यरूशालेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।' जब उसले त्यो पढ्यो, तिनीहरुले चिच्याए, 'हाल्लेलुयाह, त्यहि नै हो जुन तपाईहरुलाई आवश्यक छ! तपाईलाई थाहा छ उसले के गर्यो? जबसम्म तिनीहरुले बुझ्नेनन् तबसम्म उसले तिनीहरुलाई ठिक त्यहाँनिर लग्यो, र ठिक त्यसैमा बस्यो।"

181 "र यदि तिनीहरुले झमेला ल्याउन थाले भने, उसले भन्थ्यो, 'हुप, हुप, हुप, केहि समय पर्खनुस्, केहि समय पर्खनुस्। त्यो तरिकामा बाख्राले व्यवहार गर्छ, भेडाले होइन। बुझ्नुभयो? बुझ्नुभयो?' ओ, कुनै बेला तिनीहरु उ प्रति थोरै अप्रसन्न हुन्थे, तर उसले तिनीहरुलाई थोरै ढाडमा मायाले सुम्सुम्याउठे, र भन्थ्यो, 'एक मिनेट पर्खनुस्, इस–इस, इस–इस, इस। त्यो सबै ठिकै छ।' उसलाई वास्तवमै थाहा छ ती भेडाहरुलाई कसरी नियन्त्र गर्ने भनि। हो, श्रीमान्, म तपाईलाई भन्दैछु।"

182 "तपाईलाई थाहा छ के? मैले प्रधान बिशप *त्यस्तै–त्यस्तैले* उसलाई भन्यो कि ऊ त्यो शहरमा आएर सभा गर्न अनुमति छैन।' तर, तपाईलाई थाहा छ, मैले उसलाई एकप्रकार अगुवाई गरे, मैले भने, 'जसरी पनि त्यहाँ जाउ।' बुझ्नुभयो? यी टेपहरु छोडिदेउ, र तिनीहरुलाई बाहिर जान नदेऊ।' हामी जसरी पनि गैरे छोडयौ! यी यहाँका शहरहरुमा गयौ, तिनीहरुले भने, 'अ, हामी प्रायोजन गर्ने छैनौ...'"

183 "र तपाईलाई थाहा छ, शैतान त्यहाँ तल आयो, र भन्यो, 'म तपाईलाई बाजी राख्छु कि मैले उसलाई यो शहरबाट बाहिर राख्न सक्छु।' मैले भने, 'तैले त्यसो गर्न सक्ने छैनस्। यदि मैले उसलाई जानलाई भने भनि, ऊ जानेछ। म तपाईलाई पक्का भन्नसक्छु कि ऊ जानेछ।' 'होइन, होइन, होइन, होइन, होइन, म उसलाई भन्नेछु।" म तल जानेछु र भन्नेछु, "अब, मेरा हरेक दलालहरुलाई, तैले गएर एकट्ठा गर्। तैले ती अन्धोभक्तहरु मध्ये कोहि पनि चाहदैनस् त्यहाँ तल, ती पुरानो दिव्य चंगाई र ती पुरानो पवित्र आत्माको चिजहरु। त्यो त प्रेरितहरुको समयतिरै नै वितेर गैसक्यो। तलाई थाहा छ कि त्यसबेल त्यो राम्रो थिएन।" तिनीहरुलाई त्यो पुरानो फोहोर खुराक दिन खोज्दै थियो, सबै त्यस्ता कुराहरु दिन खोज्दै थियो। तिनीहरु...

184 "तर तपाईलाई थाहा छ, ऊ ठिक त्यहाँ तल जसरी पनि गयो। ठिक त्यहाँ तल गयो र अल्फाफा फालिदियो...र तपाईलाई थाहा छ के, ती भेडाहरुले खाना थाले, तिनीहरु मोटाउन सक्नेसम्मको चाडो मोटाए। हो, श्रीमान्। जब तिनीहरुको चगाई र सभा हुदैथियो, तपाईलाई थाहा छ, अधिकांश जवान मानिसहरुले शुरू गरे। तिनीहरुले, हेरे कतै तिनीहरुसंग ठूलो पराल छ कि जस्तो त्यो अल्फाफा थियो। तपाईलाई थाहा छ त्यसलाई तिनीहरुले के गरे? तिनीहरु छिमेकीकहाँ जादा सम्म त्यो राम्रो थियो, भन्यो, 'यो चाख्नुस्! यो चाख्नुस्! यो चाख्नुस्!' बुभ्नुभयो, त्यहाँको वातावारण चाख्दा थियो यहाँ अहिलेको जस्तो थियो। यहाँनिरको जस्तो। ठिक यहानिर जस्तो, बुभ्नुभयो। 'केवल पश्चाताप गर्नुहोस् तपाईहरु हरेकले, र येशूको नाउमा बप्तिष्मा लिनुहोस्, बुभ्नुभयो, तपाईले पवित्र आत्मा पाउनुहुनेछ। यो ती सबैको लागि हो जसले इच्छा गर्छ, इच्छा हुनेले आओस्, ऊ यहाँ आओस् र हेरोस यहाँ बाईबलले के भन्छ।' बुभ्नुभयो? र तिनीहरुले विल्कुलै महान् समय बिताईरहेका छन् त्यहाँ तल।"

185 "ओ, त्यो मेरो छोरा हो! त्यो केरो केटा हो। ठिक छ, तिमीलाई लाग्छ ऊ राम्रो परिपक्क छ?"

186 "हो, पक्कै पनि छ," भन्नुभयो पवित्र आत्माले। "मैले उसलाई परिक्षा पनि दिएको छु। त्यो केटालाई मैले *यो* तरिकामा परिक्षा लिए, उसलाई *त्यो* तरिकामा परिक्षा लिए। मैले उसलाई बिमारले हाने, त्यसको अधिनमा पारे। मैले उसलाई घिसारे। मैले शैतानलाई त्यसले गर्नसक्ने सबै कुरा गर्न दिए। ऊ फेरी उठेर आउथ्यो। ऊ पहिलेको जस्तै भएर आउथ्यो। बुभ्नुभयो, फेरी उठेर आउथ्यो। मैले उसलाई बिमार बनाए। मैले *यो* गरे। मैले उसलाई अस्पतालमै फाले। मैले उसलाई बाहिर ल्याएर *यो* गरे। मैले *त्यो* गरे। मैले उसकै श्रीमती उसको विरुद्ध बनाए। मैले उसको छिमेकिलाई उसैको विरुद्धमा पारे, मैले सबै उसको विरुद्धमा पारे। ती सबै उसलाई थोरै पनि फरक पारेन। भन्नुभयो, 'यद्धपि उहाले मारे पनि, म उहालाई भरोसा गर्नेछु।' मैले उसको परिवारलाई मारे। मैले *यो* खोसे, मैले *यो* गरे, मैले *यो* सबै कुरा गरे, मैले *यो* गरे, *त्यो* गरे, *अन्य* कुरा गरे। अभै पनि ऊ खडा भई बस्यो, 'यद्धपि उहाले मलाई मारे पनि, म उहाको सेवा गर्नेछु! उहा मेरो हुनुहुन्छ!'"

187 “ओ, ठिक छ, म विश्वास गर्छु कि हामीलाई उसलाई एकदिन कुनै विशेष स्थानमा ल्याएर उसलाई धर्मपुत्र अर्थात अभिग्रहण गर्नुपर्छ।”

188 अब, जब पुरानो करारको पिताले बुझ्नुभएको थियो कि उहाको पुत्र एउटा युगमा आउने छ र अभिग्रहणको लागि एक मौसममा तयार गरिएको छ। तिनीहरु उहाको छोराछोरी भएरै जन्मिएका थिए, तर, जब तिनीहरु ठिक त्यस समयमा छोरा भए। तर तब तिनीहरु कहिल्यै पनि बच्चाको रूपमा, केवल सामान्य बच्चाको रूपमा मात्रै हुनेछैन जबसम्म तिनीहरु परिपक्व हुदैनन् र तिनीहरु के हुन् भनि देखाऊदैनन्। तब उहाले तिनीहरुलाई बोलाएर निकाली ल्याउनुहुन्छ।

189 अब यहाँ हामी छौ मण्डली। के तपाई तयार हुनुहुन्छ? अब यो थोरै ढिलो भैसकेको छ, केवल केहि मिनेटको लागिसबैले आफ्नो आफ्नो टोक्नुस्, तपाईको प्राणलाई चिमोट्नुस्, र तपाईको हृदय खिच्नुस्। बुझ्नुभयो? अब हामी मण्डलीलाई स्थापित गर्न जाँदैछौ। अब जब मण्डली त्यो स्थानमा पुग्छ, उहाले भन्नुहुन्छ, “मनस्से तिमी यस स्थानको हौ। इफ्राईम, तिमी यहानिरको हौ।”

190 तब उहाले त्यसलाई एउटा निश्चित स्थानमा राख्नुहुन्छ, पिताले त्यसो गर्नुहुन्छ, र उहाले त्यसलाई यसरी उच्च स्थानमा राख्नुहुन्छ, र उहाको एउटा समारोह छ, र तिनीहरु सबै आउनेछन्। र उहाले भन्नुभयो, “यो मेरो छोरा हो भनि सबैले चिनेको म चाहन्छु। र अब उप्रान्त तपाईहरु हरेकले यो जानेको म चाहन्छु, कि यो नाउ...म यसलाई यसरी पोशाक लगाईदिनेछु, एउटा विशेष पोशाक यसरी लगाईदिनेछु। र उसको नै उत्तिकै राम्रो छ जत्तिको मेरो नाउ छ। यो मेरो छोरा हो, मैले यसलाई मेरो परिवारमा धर्मपुत्रको रूपमा स्वीकार छु, यद्धपि ऊ जन्मेको दिन देखिनै यो मेरो छोरा हो। उसले पवित्र आत्मा प्राप्त गएको दिन देखि नै, ऊ मेरो छोरा भएको थियो। तर अब म उसलाई अधिकारको उपयुक्त स्थानमा राख्ने छु।” जे उसले निकाल्छ त्यो निकालिनेछ, जे उसले प्रयोग गर्छ त्यो प्रयोग गरिनेछ:

191 “र साँचो, साँचो म तिमीहरुलाई भन्दछु, यदि तिमीले यस रुखलाई भन्यौ, यदि तिमीले यस पहाडलाई भन्यौ, ‘हटिजा,’ र आफ्नो हृदयमा कुनै संका गर्दैनौ, तर तिमीले जे भनेको छौ त्यो पूरा हुनेछ भनि विश्वास गर्छौ भने, तिमीले जे भनेको छौ त्यो तिमीले पाउने छौ।” बुझ्नुभयो? त्यहाँ तपाई हुनुहुन्छ; त्यहाँ तपाई हुनुहुन्छ। बुझ्नुभयो? “त्यो मेरो छोरा हो।”

तपाईहरु कतिलाई थाहा छ कि अभिग्रहण अर्थात धर्मपुत्र...तिनीहरुले प्रमाणित गरिसके पछि तिनीहरुले धर्मपुत्रमा अभिग्रहण गर्छन्...तिनीहरु जतीले बाईबल पढेका छन्, त्यो स्थापित पुत्र हो।

192 अब, परमेश्वरले त्यहि नै आफ्नो पुत्रसंग गर्नुभयो हाब उहाले येशूलाई परवर्तनको डाँडामा लानुभयो। उहाले पत्रूस, याकूब र यूहन्नालाई त्यहाँ माथि लानुभएको थियो, त्यो पृथ्वीको तिनवटा साक्षीहरु हुन्। त्यहाँ माथि डाँडामा येशू, मोसा र एलिया, र परमेश्वर हुनुहुन्थ्यो। त्यहाँ तिनीहरु डाँडा माथि थिए। र, पहिलो कुरा तपाईलाई थाहा छ, तिनीहरुले माथि हेरे, र येशू तिनीहरुको अगाडि महिमित हुनुभएको थियो। त्यो ठिक हो? कतिजनालाई थाहा छ त्यो नै धर्मशास्त्र अनुसार हो? उहाले के गर्नुभएको थियो? उहा—उहाले अमर पोशाक पहिरिनुभएको थियो। र उहाले भन्नुभयो, “उहाको पोशाक सूर्य जस्तै चम्किएको थियो।” के त्यो ठिक हो? र बादलले उहाहरुलाई छोपीदियो। र पत्रुस र याकूब र तिनीहरु डराए। र तिनीहरुले त्यहाँ हेरे, र त्यहाँ उहासंग मोसा र एलियाले कुरा गरिरहेको देखे। र मोसा पहिले नै मरिसकेको थियो, र अज्ञात चिहानमा आठ सय वर्षसम्म गाडिएको थियो। र एलियाले स्वर्गमा रथको यात्रा गरेर गएका थिए, त्यो समयभन्दा पाँचसय वर्ष अगाडि। ओ! तर तिनीहरु अझै पनि त्यहाँ थिए! त्यहाँ तिनीहरु उहासंग कुरा गर्दै थिए। बुझ्नुभयो। उहाले येशूलाई त्यहाँ माथि तिनीहरुलाई हेर्नको निम्ति लानुभएको थियो, यो सबै के को विषयमा थियो भनेर हेर्न, त्यहाँ हेर्नको लागि, उहालाई यी कुराहरु देखाउनको निम्ति लानुभयो। र तिनीहरुले उहासंग कुरा गरे, उहासंग संवाद गरे।

193 त्यसपछि जब पत्रुसले फेरी हेरे र त्यो महिमा येशूबाट हटिसकेको थियो, तिनीहरुले येशूलाई मात्र देखे, र एउटा आवाज बादल माथिबाट आयो, र यसो भन्यो, “यिनी मेरो प्रिय पुत्र हुन्, उसलाई सुन! उसको नाउ मेरो जत्तिकै उत्तम छ अब। उहालाई सुन!” त्यहि नै हो, अभिग्रहण गरिएको, वा पुत्र हरु स्थापित गरियो।

194 अब, त्यहि नै हो जहाँ परमेश्वरले पेन्टिकोष्टल चर्चलाई एफिसीको पुस्तकमा ल्याउन खोज्दै हुनुहुन्छ। बुझ्नुभयो? तपाई बुझ्दै हुनुहुन्छ? अब हामीले यसलाई बन्द गर्न तिरा लाग्नुपर्छ किनभने धेरै नै ढिलो भईसकेको छ, बुझ्नुभयो, साना नानीहरुलाइ निन्द्रा लागिसकेको छ। र म ठिक यो तलको पदमा जान चाहन्छु, यो अन्तिम भागमा, “प्रतिज्ञाको पवित्र आत्माद्वारा छाप

लगाईएका हौ।" हामीले त्यो आईतबार हेर्नेछौ, बुझ्नुभयो। हेर्नुहोस्। अब, कसरी, के ले हामीलाई यस भित्र ल्याउदछ, र कसरी हामीलाई यसबाट स्थापित गरिन्छ।

195 तर अब, त्यो "स्थान," मा तपाई कसरी हुनुहुन्छ? पहिलो त तपाई पवित्र आत्माद्वारा त्यस राज्यमा जन्मनुहुन्छ। कतिजनालाई यो कुरा थाहा छ? ठिक छ। अर्को कुरा, तपाई पूर्व नियुक्त केमा भयो? अभिग्रहणमा। त्यो के हो? तपाई त्यो स्थानमा स्थापित हुनको लागि पूर्व नियुक्त गरिनुभयो।

196 ओ, बहिनी स्कट, म विश्वास गर्छु कि यो यहि भईरहेको छ। के तपाई नै होइन र जो माथि घरमा हुनुहुन्थ्यो आज? एउटा शिक्षा संसारको कुनै ठाउमा भईरहेको छ, देशको विभिन्न भागतिर भएको छ, मैले यो विषयमा धेरै नै सुनेको छु, कि येशू यहाँ पृथ्वीमा हुनुहुन्छ, एउटा शरीरमा हिडिरहनुभएको छ, उहा आउनुहुन्छ र *यो* गर्नुहुन्छ। त्यो एउटा झुट हो! उहाको पवित्र आत्मा यहाँ हुनुहुन्छ, र उहाले आफ्नो मण्डलीलाई स्थापित गर्ने कोशिष गर्दै हुनुहुन्छ, उहाको मण्डली क्रममा राख्नको लागि, प्रतिज्ञाको देशमा स्थापित गर्नको लागि, ताकि तिनीहरु प्रवेश गर्न सकुन्...ताकि सबै शत्रुहरुलाई निकाल्न सकोस्।

197 मनस्सेले यो जमिन लिन सक्दैन। मेरो चंगाईको सेवकाई हुनसक्दैन जबकि आधा जस्तो संसार...जब...म त्यहा बाहिर गएर येशूको नाउको बप्तिष्मा प्रचार गर्छु, र त्रिएकका भाईहरुले यो भनिरहेका हुन्छन्, "ओ, यो व्यक्ति एउटा पुरानो येशू मात्रै मान्ने हो।" र म यहाँनिर गएर दिव्य चंगाई गर्न सक्दिन जबकि आधा जस्तो मानिसहरुले भन्छन् कि, "दिव्य चंगाई राम्रै हो," र अधिकांशले प्रभुको आश्चर्यको कार्यहरुको आनन्द लिन्छन् र भन्छन्, "ठिक छ, म विश्वास गर्छु कि भाई ब्रन्हाम एउटा अगमवक्ता हुनुहुन्छ, तर तपाईलाई म केहि भन्छु। जबसम्म आत्मा उहामा हुनुहुन्छ, र उहाले हृदयको कुरा भन्नसक्नुहुन्छ, उहा प्रभुको दास हुनुहुन्छ। तर उहाको शिक्षा कुहिएको छ, त्यो राम्रो छैन।" जो जतिले पनि त्यस्तो खालको वकवास सुन्छ? त्यो कि त परमेश्वरबाट हो कि त परमेश्वरबाट होइन। त्यो ठिक हो। यो कि त सबै परमेश्वर हुनुहुन्छ वा सुन्य परमेश्वर हो। त्यहि नै तरिकामा यो हो। तर कसरी तपाईसंग हुनसक्छ? मनस्सेले आफ्नो जग्गा राख्ने छैन, इफ्राईमले आफ्नो जग्गा राख्नेछैन, गादले आफ्नो जग्गा राख्ने छैन, बेन्जामिनले आफ्नो जग्गा राख्ने छैन, तिनीहरु सबै यहाँ

फलिश्तीहरुसंग मिलेर हिडेका छन्। कसरी हामी स्थापित हुनेवाला छौ? तर हामी त पवित्र आत्माबाट भएर जन्मेका छौ, हामीहरु सबै। के त्यो सहि हो? हामी के मा जन्मेका छौ? पूर्वानियुक्त...त्यसपछि त्यसबाट जन्मिसके पछि, ख्रीष्टको शरीरमा स्थापित गरिन हामीहरु अभिग्रहणमा पुर्वनियुक्त गरियौ। तपाईले बुझ्दै हुनुहुन्छ मेरो भनाईको अर्थ?

198 ख्रीष्टको शरीर भनेको के हो? केहि प्रेरितहरु हुन्, कोहि अगमवक्ताहरु हुन्, केहि शिक्षकहरु हुँ, केहि प्रचारकहरु हुन्, र केहि पाष्टरहरु हुन्। के त्यो सहि हो? हामीहरु त्यसको लागि बोलाईएक हौ। अरुसंग अन्यभाषाको वरदानहरु छन्, अन्यभाषाको उल्थाहरु, विवेक, ज्ञान, आश्चर्यकर्म, चमत्कारका कामहरु, यी सबैथरिका वरदानहरु। र अब तिनीहरुले के गर्नेछन्? तिनीहरुले त्यो थोरै अभ्यास गरे। के चाहि? त्यसलाई खुकुलो छोडिदिनुहोस् जस्तो मलाई के हो थाहा छैन। एउटा उठ्यो, अन्य भाषाहरुमा बोल्न थाल्यो, र अर्को अगी बढ्दै गयो, बोल्दै, “ब्लर, ब्लर, ब्लर, ब्लर, ब्लि” अहँ। प्रचारकले प्रचार गरिरहेको हुनेछ, वेदीको बोलावट गर्नेछ, र कोहि उठ्नेछ, अन्यभाषामा बोल्नेछ र “हाल्लेलुयाह, परमेश्वरको महिमा भएको होस्।” भन्दछ। यदि प्रचारकले आफ्नो सदेशमा लगातार जान्छ भने, अभिषिक्त भई, तब मानिसहरुले भन्दछन्, “ओ पुरानो विश्वासमा घटेको मान्छे।” बुझ्नुभयो, यो तिनीहरुलाई राम्ररी शिक्षा नदिएकोले भएको हो।

199 बाईबलले भनेको छ कि अगमवक्ताहरुको आत्मा अगमवक्तामा राखिएको हुन्छ। परमेश्वर होलमालको परमेश्वर हुनुहुन्न। जब म यहाँनिर उभिरहेको छु, वा एउटा सेवक जो परमेश्वरको अभिषेक मुनि उभिरहेको छ। चाहे तपाईले जतिसुकै अन्यभाषाहरुमा बोल्न चाहे तापनि, तपाईले आफ्नो शान्ति राखीरहनुहुन्छ जब सम्म परमेश्वरले यो कार्य पुरा गर्नुहुन्न। तब यदि तपाईले अन्यभाषाहरुमा बोल्नुभयो भने, त्यो केवल कुनै धर्मशास्त्रलाई दोहोर्याउने मात्रै हुदैन, ‘किनभने परमेश्वरले भन्नुभएको छ कि व्यर्थको दोहोर्याउने काम नगर। तर यो त्यो संदेश हुनेछ जुन सिधा कसैको लागि हुनेछ। मलाई सोध्नुहोस्, कहिल्यै, तपाईको औला राख्नुहोस कि पवित्र आत्माले, हृदयको कुराहरु जान्ने, कसैलाई बारम्बार एउटा धर्मशास्त्र बाट दोहोर्यान लगाएको छ भनि। यसले तिनीहरुलाई तिनीहरुमा भएको कुनै खराबी कुरा भन्दछ र केहि कुरा जुन तिनीहरुले गरेका छन्, र केहि कुरा

जुन तिनीहरुले गर्नुपर्नेछ वा कुनै कुरा जुन हुन आउनेछ, वा त्यस्तै नै कुरा हुनेछ। के त्यो ठिक छ?

200 त्यस्तै नै अन्यभाषा र अनुवादमा लागू हुन्छ! यदि त्यहाँ मण्डलीमा कोहि छ जसले अन्यभाषामा बोल्छ र अर्कोले त्यसलाई अनुवाद गर्छ, त्यसले यो भनेको होस्। भाई नेभिलले उठेको होस् र अन्यभाषामा बोलेको होस्, र यहाँ भएको भाईले त्यसको अनुवाद दिएको होस्, भनेको होस्, “यो यहाँ भएको मानिसलाई यो भन् कि हिजो यो व्यक्ति यहाँ गयो र उसले गर्न नहुने काम गर्यो। र आज डाक्टरले उनलाई भन्यो कि उमा क्यान्सर छ। त्यो कुरा गएर सहि बनाऊ, यहाँ फर्केर आऊ र परमेश्वरसंग सहि भएर बस।”

त्यो व्यक्तिले भन्छ, “साच्चै नै त्यो सत्य कुरा हो।” त्यसो हो भने परमेश्वर तपाईसंग हुनुहुन्छ।

201 तर कसरी हामीले यस तरिकामा यसलाई गर्न जानेछु? बुझ्नुभयो? यो केवल, “ब्लम्प, ब्लर, ब्लर, ब्लर।” केवल हवाताल हो, कुनै तरिकाले त्यसको ठाउ छैन। अब त्यो...बुझ्नुभयो, एफिसीकाहरुले कोशिष गर्दै थिए...बुझ्नुभयो, तिनीहरुले यो कुरालाई गुमाए। हेर्नुहोस् तिनीहरुले त्यो कसरी छुट्टाए? हामी पुत्रहरुको अभिग्रहणमा पूर्वनियुक्त भयौ! अब कति जनाले बुझ्नुभएको छ मेरो अर्थ, तपाईहरुको हात उठाउनुहोस। अभिग्रहण! हामी परमेश्वरको आत्मामा जन्मेका हौ, निश्चय पनि, पवित्र आत्मा प्राप्त गरेका हौ, र कराउछौ, “अब्बा, पिता! हाल्लेलुयाह! परमेश्वरको महिमा भएको होस्!” हामी त्यहि हौ, त्यो ठिक हो, हामी उहाको छोराछोरी हौ, तर हामी कहिँ पुग्न सक्दैनौ। हामीले फलिश्तीलाई भगाउन सक्दैनौ।

202 त्यहाँ बिल्ली ग्राहाम उभिएको हेर्नुहोस्। र त्यो मुस्लिमले भनेको थियो, “यसलाई प्रमाणित गर्नुस्।”

203 त्यहाँ तल ज्याक को उभिएको हेर्नुहोस्। र त्यो नास्तिक, यो चर्च अफ क्राईस्टले त्यो नास्तिकको हात मिलाएको थियो, र हात समातेको थियो। एउटा इसाई हुन पर्ने थियो, र जो लेविस जस्तो दुष्टसंग हात मिलाईराखेको थियो, र स्वतन्त्र विचारक, र परमेश्वरलाई समेत गालि दिएर भनेको थियो, “त्यहाँ कुनै पनि तरिकाले परमेश्वर भन्ने जस्तो केहि पनि कुरा छैन” र त्यस्तै अन्य कुरा भनेको थियो। र त्यो मण्डली जसले आफैलाई चर्च अफ क्राईस्ट भन्दछ, ऊ संग हात मिलाउदै थियो, र भाई ज्याक को को विपक्ष लिईरहेको थियो। कसरी हामीले केहि कुरा गर्न जादैछौ? र पेन्टिकोष्ट र

धेरै जना उहाको विरुद्धमा बसेका छन्, जब, यो भूमीको हरेक प्रचार उहासंग पाईलामा पाईला राख्न पर्ने हो र भन्न पर्ने, "परमेश्वर, तपाईको शक्ति तल पठाउनुहोस्।" बुझ्नुभयो, त्यहाँ हामी छौ, जहाँ त्यो स्थापित गर्न सकिदैका।

204 इफ्राईम बस्न नै चाहदैन। ती मध्ये एउटा यहानिर जान्छ, हामीले पाउछौ कि मनस्से यहानिर जान्छ र भान्छा, "ओ, मेरो प्रभुले मलाई राम्रो मकै बारी दिनुभएको छ।" त्यसपछि यहाँनिर अर्को आउछ, गादले भन्छ, "अँ, अब, एक मिनेट पर्खा। मैले त जौ रोप्न पर्ने, तर मैले त मकै पनि पाउनेछु। हाल्लेलुयाह!" तपाईले बुझ्नुभयो? तपाईको मकै संग कुनै काम छैन; तपाईले जौ ल्याउनुहोस्, जौ तपाईले हुर्काउन पर्ने भागको हो। तपाईले भेडा गोठालो गर्ने होइन जब कि तपाईले गाई बस्तुको गोठालो गर्ने जिम्मेवारी छ। परमेश्वरले मण्डलीलाई उपयुक्त स्थानमा राख्न चाहनुहुन्छ। तर ती प्रत्येकले एउटै कुरा गर्न चाहन्छन्। "हाल्लेलुयाह" र तपाईले तिनीहरुलाई यसको बारेमा केहि पनि भन्न पाउनु समेत हुन्न। अँह पाउनुहुन्न। तिनीहरुमा अझै पनि त्यो बाख्राको व्यवहार छ, "बट, बट, बट, बट, बट, बट।" देख्नुभयो, तपाईले केहि भन्न पाउनुहुन्न। त्यो सहि हो। अब के त्यो सहि होइन र? र तपाईले मण्डलीलाई उपयुक्त स्थानमा राख्न सक्नुहुन्न। बुझ्नुभयो?

205 मण्डली खासमा छोराछोरीको अभिग्रहणमा पुर्वनियुक्त हुन पर्ने हो, जहाँ मानिस...परमेश्वरले मानिसलाई लिएर आफ्नो परिवार धर्मपुत्रको रूपमा अभिग्रह गर्न सक्नुहुन्छ, र उसलाई केहि कुरा दिनुहुन्छ। जहाँ पहिलो, त्यो कोशिष गर्छ र हेर्छ त्यो ठिक छ या छैन भनि। बाईबलले भन्छ आत्मालाई जाँच। यस मानिसले केहि निश्चित कुराको दाबी गर्छ, कोशिष गर्छ र हेर्छ कतै त्यो सहि छ या छैन भनि। यदि त्यो सहि छ भने, ठिक त्यो संगै अघि बढ्छ। त्यसपछि भन्छ, "प्रभु, हामीलाई केहि कुरा पठाउनुहोस्।" र त्यसैमा अघि बढ्दै जान्छ, बुझ्नुभयो, ठिक त्यसैमा अघि बढ्छ जबसम्म अरुले त्यसको स्थान लिदैन। र जब फलिश्तीहरुले आफुलाई बढाउनलाई जान्छ। तब छोटो लुगा जाँच, कपाल तलसम्म बढ्न थाल्छ, मुहारहरु धोईन्छ; चुरोटहरु बन्द हुन्छ। त्यो सहि हो। जब मण्डली आफ्नो शक्तिशालि ताकतमा आउन थाल्छ, जब हामीमा हानानिया र सफरिया, र त्यसके अन्य हुन्छन्। हो, श्रीमान्। तपाईले देखुनुहुनेछ जब पवित्र मण्डली आफ्नो शक्तिमा संगै खडा हुन्छन्, परमेश्वरको पुत्रको रूपमा

उपयुक्त स्थानमा स्थापित हुन्छ, परमेश्वरको परिवारमा अभिग्रहण हुन्छ, शक्तिशाली मण्डली आफ्नो महिमामा उभिरहेको हुन्छ। ओ, त्यसैको लागि उहा आउदै हुनुहुन्छ।

206 हेर्नुहोस् हामी कति टाढा छौ त्यहाँ बाट, दाजुभाई? तपाईहरु यहाँसम्म कि धर्मशास्त्रमा समेत संगै आउनसक्नुहुन्न। र कुनै पनि मानिस, कुनै पनि मानिस जसले बाईबलमा पानीको बप्तिष्मा देख्न सक्दैन, येशू ख्रीष्टको नाउमा, त्यो कि त अन्धो हो वा कुनै मानसिक स्थितिमा गलत छ। त्यो सहि हो। र त्यहि नै हो जहाँ ठूलो लडाई छ।

207 म—म कुनै पनि व्यक्ति जसले मलाई कुनै धर्मशास्त्रको पद ल्याउन सक्छ जहाँ कोहि पनि येशू ख्रीष्टको नाउ भन्दा बाहेक अरु कुनै अर्को नाउमा बप्तिष्मा दिलाएको देखौनासक्छ, यो नया मण्डलीमा। या, त्यो व्यक्ति कुनै अर्कै तरिकामा बप्तिष्मा गराएको छ, त्यो व्यक्ति पवित्र आत्मा पाउनको लागि फेरी पनि येशू ख्रीष्टको नाउमा बप्तिष्मा हुन पर्छ। तपाई आएर मलाई देखाउनुहोस्। त्यहाँ त्यस्तो केहि पनि छैन। त्यहाँ कुनै त्यस्तो आज्ञा छैन। जब येशूले त्यहाँ निर भन्नुभयो, "सारा जातिकहाँ जाओ, तिनीहरुलाई पिता र पुत्र र पवित्र आत्माको नाउमा बप्तिष्मा देओ।" पिता, पुत्र न त पवित्र आत्मानै, यी कुनै पनि नाउ होइन, कुनै पनि होइन। पत्रुस आए, ठिक दस दिन पश्चात, भन्यो, "पश्चाताप गर र तिमीहरु प्रत्येकले आफ्नो पाप क्षमादानको निम्ति येशू ख्रीष्टको नाउमा बप्तिष्मा लेओ।" र बाईबलको सबै ठाउमा।

208 र त्यसपछि यहानिर केहि त्यसरी बप्तिष्मा भएका थिए, कुनै अर्कै तरिकामा, यूहन्नाद्वारा भएका थिए, केवल पाप क्षमादानको लागि। पावलले भने, "तपाईहरु प्रत्येकले फेरी पूनः बप्तिष्मा लिनु पर्छ। तपाईहरु फेरी आउन पर्नेछ।"

209 "ओ, तर हामी एउटा महान् पवित्र व्यक्तिद्वारा बप्तिष्मा भएका छौ। उनले येशूलाई बप्तिष्मा दिलाए।"

210 "ठिक छ, यो सुसमाचार हो। यो परमेश्वरको आत्मा हो जो मलाई प्रकट गरिएको थियो। म परमप्रभुको एउटा प्रेरित हुँ, र यदि स्वर्गबाट स्वर्गदूत नै आएर अर्कै केहि प्रचार गर्यो भने पनि..."

211 आउनुहोस् म त्यो पढ्नेछु। बाईबलले भन्छ, "यदि स्वर्गदूत..." पावलले भन्छन्, "यदि स्वर्गबाट कुनै स्वर्गदूत आएर अर्को केहि प्रचार

गर्यो भने पनि,” बिशप, प्रधान बिशप, पप, अध्यक्ष, जो कोहि त्यो व्यक्ति भएतापनि, “यदि त्यसले मैले तिमीहरुमा प्रचार गरेको सुसमाचार भन्दा बाहेक अर्कै केहि प्रचार गर्यो भने, त्यो श्रापित हुनेछ।” त्यहाँ कुनै...हामीमा त्यो भन्दा बाहेक अर्को रिति छैन। छैन श्रीमान्। तिमीले केवल...त्यहाँ केवल अरु त्यस्तो केहि छैन। तिमी, हामी...र त्यसपछि—त्यसपछि, हेर्नुहोस्, किन मानिसहरुले यी कुरा देख्न सक्दैनन्? किन हो मानिसले यो विश्वास गर्न सक्दैनन्? [सभामा कसैले भाँच्च, “पुर्व नियुक्त”—सम्पा] बुझ्नुभयो? कसैले ठिक ठाउमा हान्नुभयो, वंशाणु। “पुर्वनियुक्त,” ठिक त्यहि हो। किन? “तिनीहरु जसले मेरो पिताले मलाई दिनुहुन्छ” (के?) “म कहा आउनेछ” कसरी ठ्याक्कै! “ती सबै जसलाई मेरो पिताले मलाई दिनुभएको छ, म कहाँ आउनेछन्।” मैले के गर्न खोज्दै छु यहाँ, मैले यहाँ भेट्टाउन खोज्दैछु? यहाँ हामी छौं। ठिक छ।

212 म यो पद पढ्नेछु र त्यसपछि म तपाईलाई भन्नेछु पावलले के, ती कुराहरु जुन...त्यहि संदेश जुन आज राति मैले प्रचार गरेको छु, यहाँनिर छ जहाँ पावलले पूर्वनियुक्त के भनेको छ, येशू ख्रीष्टको नाउमा पानीको बप्तिष्माको बारेमा, पवित्र आत्माको बप्तिष्माको बारेमा, मण्डलीको उपयुक्त स्थानको बारेमा, र अन्य त्यस्तै कुराहरुमा। यहाँ निर छ जहाँ उनले भनेका छन्।

> *मलाई आश्चर्य लागिरहेछ* (यी गलातीकाहरुलाई भन्दै), *कि ख्रीष्टको अनुग्रहमा तिमीहरुलाई बोलाउनुहुनेलाई यति चाँडै त्यागेर तिमीहरु भिन्न सुसमाचारतिर लागिरहेछौ...*
>
> म तिमीहरुबाट लज्जित छु, अर्को शब्दमा भन्दा, तिमीहरुले अरु कोहिलाई आउन दिएर तिमीहरुलाई यस सुसमाचारबाट टाडा लागेको छ, *अर्को सुसमाचार लागेको छ*
>
> *वास्तवमा अर्को सुसमाचार छैन, तर यस्ता कोहि कोहि छन्, जसले ख्रीष्टको सुसमाचारलाई भ्रष्ट पर्न खोज्छन्।*

213 तर हेर्नुहोस्। अब, याद गर्नुहोस्, त्यो पावल नै थिए जसले प्रत्येक व्यक्तिलाइ येशू ख्रीष्टको नाउमा बप्तिष्मा लिन बाध्य गराए, आएर फेरी पनि येशू ख्रीष्टको नाउमा बप्तिष्मा लिन लगाए। कति जनालाई थाहा छ त्यो पावल नै थिए जसले यी रहस्यहरु संसारको उत्पत्ति हुनभन्दा अगाडि देखि लुकाएर राखेको थियो त्यो उसलाई प्रकाश गरिएको छ, कि हामी पुत्रहरु

हुनको लागि पहिले नै पूर्वनियुक्त गरिएका थियौ, धर्मपुत्रको अभिग्रहणमा नियुक्त गरिएका भनेका थिए। त्यो पावल नै थिए। यहाँ हेर्नुहोस् उनले के भनेका थिए।

*हामीले प्रचार गरेका सुसमाचारको विपरित हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गर्यो भने पनि त्यो व्यक्ति श्रापित होस्।*

214 केवल यो नभन्नुहोस्, "म तपाईसंग सहमत छुइन, महोदय।" केवल उसलाई श्रापित हुन दिनुहोस्। मलाई अर्को पद पढ्न दिनुहोस्।

*हामीले अघि देखि नै भनेजस्तै म फेरी अहिले पनि भन्दछु, तिमीहरुले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरित अरु कसैले तिमिहरुलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस्।*

215 त्यो सहि हो। अब, भाई, बहिनीहरु, यदि त्यो परमेश्वर हुनुहुन्थ्यो कुनै दिनमा भने, र म यो आशा राख्दै भन्छु कि यो अनादरयुक्त हुदैन होला, जसले मलाई यो सानो हेर्नको लागि ल्याएको छ...अब, म उत्तेजित हुन्छु; मलाई लाग्दैन कि म उत्तेजित हुन्छु, म केवल प्रचार गर्नमा अशिषित हुन्छु। म आफुभन्दा पछाडि हुन्छु र म तपाईहरुलाई यहाँ तबसम्म राख्छु जब तपाईहरु निन्द्रा लाग्ने र थकित हुनुभयो भनि जान्दछु। ओ, म...यदि तपाई—यदि तपाईले केवल यो जान्न सक्नुभयो कि म तपाईलाई स्वर्गमा भएको यति धेरै चाहन्छु! बुझ्नुभयो? र जब म, फेरी एकपटक म यो भन्छु, जब म...जब उहाले भन्नुभयो...मैले भने, "यसले गर्नेछ..."

उहाले भन्नुभयो, "अन्त्य कस्तो हुनेछ भनि हेर्न चाहन्छौ?"

216 र मैले पछाडि फर्केर हेरे र मैले आफैलाई त्यो पलंगमा पल्टिरहेको देखे। पक्कै पनि तपाईले मलाई लामो समय देखि चिन्नुभएको छ कि यो जान्नमा कि—कि—कि म तपाईलाई सत्य कुरा भन्दछु। म तपाईलाई केहि कुरा सोध्न चाहन्छु, जस्तो शामूएलले साऊल अभिषेक गर्न भन्दा अगाडि तिनीहरुलाई सोधेका थिए, के मैले परमप्रभुको नाउमा सत्य बाहेक अरु केहि कुरा तिमीहरुलाई भनेको छु? के त्यो सहि हो? यो सधै सत्य रहेको छ। के म कहिल्यै तपाई कहाँ आएर पैसाको लागि बिन्ति गरेको छु वा कुनै त्यस्तो कुराको लागि गरेको छु? छैन, बुझ्नुभयो, मैले कहिल्यै त्यसो गरेको छुइन। के मैले तपाईहरुलाई ख्रीष्टमा दोहोर्याउनेको लागि आफ्नो सबै मेहेनत दिने कोशिष बाहेक अरु केहि गरेको छु? वास्तवमै।

217 अब तिनीहरुले भन्न चाहन्छन् कि म मानसिक रोगि हुँ, तपाईलाई थाहा छ, एउटा मस्तिष्क सम्बन्धि अतिबादी। अवश्य पनि, ती कुराहरु विरोधी भई आउनेछन्, त्यसो हुन्छ भनि बाईबलले भनेको छ। जसरी याम्ब्रेस र यान्नेस मोसाको विरुद्धमा खडा भए, तिनीहरुले लगभग उहि नै कार्य गरे जुन मोसाले गरेका थिए, मोसाले गरेसम्म गरे। त्यो सहि हो। तर याद गर्नुहोस्, याम्ब्रेस र यान्नेसले चंगाई गर्न सक्दैन थिए। तिनीहरुले निको पार्न सक्दैन थिए। तिनीहरुले विपत्तिहरु ल्याउन सक्थे, तर त्यसलाई हटाउन सक्दैन थिए। बुझ्नुभयो? ठिक छ। अब, परमेश्वर चंगाईदाता हुनुहुन्छ। परमेश्वरको वचन सत्य नै रहन्छ।

218 म तपाईहरुसंग इमानदार रहने कोशिष गरे। मैले तपाईहरुलाई सत्यता भन्ने प्रयास गरे। मैले—मैले...लगभग एकतिस वर्षसम्म, म यो पुलपिटमा खडा भएको छु, तल र माथि, एकतिस वर्षसम्म, र कुनै दिन यो पुलपिटबाट बाहिर महिमाको लागि छोडेर जानसक्छु। त्यहाँ एउटा श्रीमती, एउटा छोरी, पिता, भाई, सबै दफ्नाईएको छ, प्रिय मित्रहरु। मैले तिनीहरुको डिब्बा र फूलहरु यहाँ रहेको देखेको छु। र म जान्दछु कि कुनै दिन त्यो मेरो पनि हुनेछ। अब, त्यो सत्य हो। तर साचो रूपमा, मेरो पुरा हृदयले, म मेरो पूरा हृदयबाट तपाईलाई भन्छु, म विश्वास गर्छु कि मैले तपाईलाई प्रभु येशू ख्रीष्टको साँचो सुसमाचार प्रचार गरेको छु, र पवित्र आत्माको बप्तिष्मा प्राप्त गरेको छु। र जुनसुकै बेलका तपाईले पनि प्राप्त गर्नुहुनेछ, त्यसले तपाईलाई आनन्द, शान्ति, चिरसहिष्णुता, भलाई, नम्रता, कोमलता, धैर्यता र विश्वास ल्याउने छ।

219 र त्यो दिन, त्यस बिहानीमा मलाई के भएको थियो, मलाई थाहा छैन। मैले अझै पनि भन्न सक्दिन कि म यहि यो शरीरमा भएर एउटा दर्शन देखे, या मलाई यहाँबाट कुनै अर्को ठाउमा त्यहाँ माथि लगियो। मलाई थाहा छैन, म भन्न सक्दिन। मलाई थाहा भएको यो मात्र हो, कि म—म सधै मर्न देखि डराउथे, त्यो सानो डंकको स्थान। तर येशू मलाई लिन आउनुहुन्न भन्ने कुराको डर कहिल्यै पनि भएन, अब, म त्यो देखि डराएको थिईन, किनकि म—म त्यो देखि डराउदिन थिए; तर यदि म तपाईलाई भेट्टुला र केवल एउटा सानो पुरानो हावामा उडिरहेको तुषार हुनेछु। तर अब म देख्दछु। जब मैले ती मानिसहरुलाई देखे, तिनीहरु वास्तविक थियो। र तिनीहरु ती मानिसहरु थिए जो कुनै बेला यहा यस पृथ्वीमा मसंग सम्बन्धित थिए, यहाँसम्मकि मेरो पहिलो श्रीमती पनि थिईन्। उनी मेरी श्रीमती मात्रै थिईनन्,

उनी मेरी बहिनी थिईन्। उनले मलाई कहिल्यै पनि आफ्नो श्रीमान् भनेर बोलाईनन्, उनले मलाई उसको डार्लिंग भाई भनेर बोलाईन्। त्यहाँ कुनै शारीरिक सम्बन्ध थिएन, त्यस्तो खालको कुनै भावनाहरु थिएन, त्यो हुन सक्दैन थियो; त्यो सिद्ध थियो, त्यो मिठो थियो, त्यो सिद्ध थियो।

म आश्चर्यमा छु, मलाई थाहा छैन, म चकित छु: के उनी त्यस्तो देखिन्थ्यो उनले पृथ्वी छोड्नुभन्दा अघि, जब उनी त्यहाँ अस्पतालमा थिईन्, जब मैले उसलाई बोलाएको थिए? र उनले भनेकी थिईन्, "बिल्ली, तिमीले यो प्रचार गरेको छौ, तिमीले यसको विषयमा कुरा गरेको छौ, तर," उनले भनेकि थिईन्, "तिमीलाई थाहा छैन यो के हो।" उनले भनेकि थिईन्, "मलाई यहाँ रहने कुनै चाहना छैन।"

220 म सोच्छु यदि त्यो नै हो भने, त्यो इश्वरीय, सन्तमय बुढो मान्छे एफ.एफ बोस्वोर्थ, जो यो पुलपिटमा उभेका थिए, जसले मसंगै संसारको विभिन्न भागहरुमा प्रचार गरेका थिए। बुढो एफ. एफ. बोस्वोर्थ, तपाईहरु सबैले लगभग उहालाई चिन्नुहुन्छ, बुढो सन्त व्यक्ति। दुइ घण्टा अगाडि, उहाले छोडेर जानुभन्दा करिब एक वा दुइ हप्ता अगाडि, म उहाकहाँ गएको थिए र त्यहाँ उहा लेटिरहनुभएको थियो, लगभग नब्बे वर्ष बुढो व्यक्ति। उहाको सानो बुढो हातहरु म कहा आयो, उहाको सानो तालु भएको शिर र त्यो मुहारको सेतो दाह्री। मैले त्यो बुढो मान्छेलाई मेरो अँगालोमा ताने र कराए, "मेरो पिता, मेरो पिता, इस्राएलको रथहरु र घोडचढीहरु।"

किनकि यदि त्यहाँ कहिल्यै कुनै पनि एउटा मान्छे जसले पेन्टिकोष्टलाई प्रतिनिधित्व गर्यो र एउटा साँचो प्रेरित थियो भने, त्यो एफ.एफ बोस्वोर्थ हुनुहुन्थ्य्यो, सफा, सिधा, र साँचो सुसमाचार, बुझ्नुभयो, त्यो बोस्वोर्थ हुनुहुन्थ्यो। र जब मैले उहालाई मेरो अँगालोमा राखे, र मैले कराए, "मेरो पिता, मेरो पिता, इस्राएलको रथ र घोडचढीहरु।"

221 उहाले भन्नुभयो, "छोरा, क्षेत्रमै रहिरह।" भन्यो, "यी जवानहरुलाई विदेशी क्षेत्रमा लिऊ, यदि तिमीले सक्छौ भने, तिनीहरु धेरै अन्धविश्वासमा लाग्नुभन्दा अगाडि नै जाउ। तिमीसंग भएको त्यो साँचो सुसमाचार तिनीहरु कहाँ लैजाउ।" उहाले भन्नुभयो, "जे हुनसक्छ त्यस्तोसम्म हुन अझै पनि तिम्रो सेवकाई शुरू भएको छ।" भन्नुभयो, "तिमी एउटा पूरा नया ब्रन्हाम हौ।" भन्नुभयो, "तिमी जवान हौ, छोरा।"

मैले भने, "भाई बोस्वोर्थ, म चालिस वर्षको भईसकेको छु।"

222 उहाले भन्नुभयो, "तिमीले अझै पनि शुरू गरिसकेको छैनौ।" उहाले भन्नुभयो, "यी पेन्टिकोष्टल प्रचारकहरुलाइ यी धेरै वाहियात कुराहरुसंग त्यहा पुग्न, र कुराहरुमा विष हाल्न नदेउ, र तिमी त्यहाँ पुग्नभन्दा अगाडि सबै कुटनीतिज्ञहरूलाई र सबै देशलाई त्यसको विरुद्ध हुन नदेउ।" भन्नुभयो, "अघि बढ्दै जाउ, तिमीले पाएको सुसमाचार संगै अघि बढ्दै जाउ।" उहाले भन्नुभयो, "म—म विश्वास गर्छु तिमी परमप्रभु हाम्रो परमेश्वरको एउटा प्रेरित या एउटा अगमवक्ता हौ।"

223 मैले उहालाई हेरे, मैले उहालाई मेरो अगालोमा हाले। मैले भने, "भाई बोस्वोर्थ, म तपाईलाई एउटा प्रश्न सोध्न चाहन्छु। तपाईको प्रचारको यी सबै वर्षहरु मध्ये तपाईको सबैभन्दा खुसीको कुन हो?"

उहाले भन्नुभयो, "ठिक अहिलेको समय हो, भाई ब्रन्हाम।"

मैले भने, "तपाईलाई थाहा छ तपाई मर्दै हुनुहुन्छ।"

उहाले भन्नुभयो, "म मर्न सक्दिन।"

मैले भने, "किन...किन तपाईले यो तपाईको खुसीको समय हो भनि भन्नासक्नुहुन्छ?"

224 त्यहाँनिर एउटा सानो ढोका थियो। उहाले भन्नुभयो, "म यहाँनिर मेरो मुहार ढोकातर्फ फर्काएर लेटिरहेको छु। कुनै पनि समय, मैले प्रेम गरेको एकजना, र उहा जसको निम्ति मैले प्रचार गरे र खडा भए, यी सबै... मेरो जीवनभरी, उहा मेरो लागि त्यो ढोकामा आउनुहुनेछ, र म उहासंग जानेछु।" मैले उहालाई हेरे, र सोचे, म—मैले उहि तरिकाले हेर्दै थिए जस्तो मैले अब्राहाम, इसाहाक, या याकूबलाई हेरेको हुन्थे।

225 मैले उहाको हात समाते, मैले भने, "भाई बोस्वोर्थ, हामी दुवैले एउटै परमेश्वरलाई विश्वास गर्छौं, हामीले उहि कुरा विश्वास गर्छौं। परमेश्वरको कृपाले म मेरो शरीरमा भएको अन्तिम श्वासले छोडेसम्म प्रचार गर्छु। मैले जानेसम्मको साँचो भएर म परमेश्वरको निम्ति जिउने छु। म कुनै पनि तर्फमा वा ठाउमा सुसमाचारमा सम्झौता गर्ने छुइन। मैले साँचो जिउने जानेसम्मको सत्य भई जिउनेछु। भाई बोस्वोर्थ, म तपाईलाई एउटा उत्तम देशमा जिउनेछु जहाँ तपाई बुढो हुनुहुनेछैन, तर जवान हुनुहुनेछ।"

226 उहाले भन्नुभयो, "तिमी त्यहाँ हुनेछौ, भाई ब्रन्हाम, तिमी चिन्ता नलिनु।"

227 र उँहा बित्नुभन्दा एक घण्टा वा दुइ घण्टा अगाडि...लगभग दुइ महिना पश्चात, मैले सोचे कि उहा तब मर्दै हुनुहुन्छ, मेरी श्रीमती आईन् र उहालाई हेरिन् (उहाले सधै उनको बारेमा सम्भ्फीरहनुहुन्थ्यो), र त्यसपछि श्रीमती बोस्वोर्थ। र लगभग उहा लेटनु भएको दुइ घण्टा भएको थियो, सुतेको। उहा उठ्नुभयो, उहाले हेर्नुभयो, उहा आफ्नो पलंगबाट उफ्रनुभयो। उहाले भन्नुभयो, "आमा, अँ, मैले तपाईलाई धेरै समय देखि देखेको थिईन! ड्याड! भाई जिम, किन," भन्नुभयो, "हेरौ, तपाई मैले जोलिएट, इलिनोइसमा प्रभुमा ल्याएकाहरु मध्ये एक हुनुहुन्छ।" उहा बितेको लगभग पचास वर्ष भईसकेको थियो। बुभ्नुभयो? हो! उहाले भन्नुभयो, "तपाई बहिनी *यो—र—यो* हुनुहुन्छ। हो, मैले तपाईलाई प्रभुमा विनिपेगको सभामा प्रभुमा डोहोर्याएको थिए। हो। किन, यहाँ *बहिनि यो—र—यो* हुनुहुन्छ। मैले तपाइलाई देखेको थिईन...हो, बुभ्नुभयो, तपाई प्रभुमा *यो—र—यो* बेलामा आउनुभएको थियो।" र उहाले प्रभुमा अगुवाई गरेकाहरुलाई सिधा दुइ घण्टासम्म उहाले हात मिलाईरहनु भयो। फर्केर आफ्नो ठाउमा जानुभयो, र तल लेट्नुभयो, आफ्नो हात बान्नुभयो, र त्यहि नै गर्नुभयो। के भाई एफ.एफ बोस्वोर्थलाई त्यस रातमलाई देखाउनुभएको देशमा प्रवेश गर्न दिनुभयो? यदि त्यो हो भने, उहा त्यहाँ आज जवान मानिस हुनुहुन्छ। परमेश्वरले उहाको प्राणलाई विश्राम दिनुभएको छ। र म यति विश्वासयोग्यको जीवन जिउन सँकू कि म त्यो देशमा प्रवेश गर्न सँकू। र यति सत्य हुन सकू एउटा—एउटा ख्रीष्टको दास बन्न सकू।

228 म मेरो जीवन देखि लज्जित छु। म लज्जित छु। म—म—म...यदि मैले तपाई मानिसहरुको विरुद्धमा केहि पाप गरेको छु भने, तपाई—तपाईले त्यो मकहाँ आएर भन्नको लागि ऋणी हुनुहुन्छ। बुभ्नुभयो? परमेश्वरले उहाको अनुग्रहद्धारा जे पनि मलाई गर्न दिनुहुन्छ त्यो अनुसार सिधा जिउनेमा प्रयास गर्दछु। बुभ्नुभयो? बुभ्नुभयो? तर, हेर्नुहोस्, मित्रहरु, यदि तपाईले मेरो जीवनको बारेमा कुनै पनि गलत कुरा छ भनि जान्नुहुन्छ भने तपाई आएर मलाई त्यो भन्नुहोस्। र, हेर्नुहोस्, यहाँ उभिएर सत्य सुसमाचार प्रचार गर्नको लागि म तपाईहरु प्रति आभारी छु। म तपाई प्रति आभारी छु किनकि तपाईहरु प्रत्येकको मुहार, जवान पुरुष र महिलाहरु, लाई त्यहाँ पारी म देखे अपेक्षा गर्दछु। यो केवल तपाईहरु अहिले भएको ठाउबा त्यो ठाउसम्म एउटा श्वास मात्रै टाढा छ। अब त्यो सहि हो। त्यो त्यहाँ छ।

229 र सबै अनुग्रहको परमेश्वर, स्वर्गको परमेश्वर, अपवित्र भएर होइन, तर सत्यनिष्ठा भई, "पापा," त्यस महान् दिनमा जब हामी फेरी त्यस दिनमा प्रस्तूत गरिनेछ यहि हाम्रो पृथ्वीको शरीरमा, ताकि हामीले त्यस देशको अंगूर र फलहरु पिउन, र खाना सकौ। "तिनीहरुले घरहरु निर्माण गर्ने छन् र अरु वास गर्ने छैनन्। तिनीहरुले दाखको बोट रोप्नेछन् र अरुले त्यो खाने छैनन्।" बुझ्नुभयो? एउटा मान्छेले दाखको रूख रोप्छ, र उसको छोराले त्यो लिन्छ, र त्यसपछि उसको छोराले पनि लिन्छ। तर यसको मामिलामा त्यो हुनेछैन; उसले त्यो रोप्नेछ र त्यहि रहनेछ। बुझ्नुभयो, त्यो ठिक हो। हामी त्यहाँ सदाको लागि हुनेछौ। र हुनसकोस् कि त्यो देशमा, मैले तपाईहरु प्रत्येकलाई देख्न सँकू।

230 र म जान्दछु कि म यहाँ त्रिएकका सेवकहरुको सामू पनि बोल्दैछु। र मेरा दाजुभाईहरु, यो म तपाईहरुको चित्त दुखाउनलाई भन्ने गर्दिन। म पनि त्रिएक नै हुँ, म त्रिएकमा विश्वास गर्छु, परमेश्वरको तिनओटा गुणमा (पिता, पुत्र, र पवित्र आत्मा), तर तिन ओटा परमेश्वरमा विश्वास गर्दिन। बुझ्नुभयो? म विश्वास गर्छु कि त्यहाँ परमेश्वरको तिनओटा गुण छ, पक्कै पनि, म त्यो मेरो पूरा हृदयले विश्वास गर्छु, "पिता, पुत्र र पवित्र आत्मा," तर तिनीहरु एक परमेश्वरहरु होइनन्। ती केवल तिन गुणहरु हुन्...या परमेश्वरको तिन कार्यभारहरु हुन्छ। परमेश्वरले एकपटक पिताको रूपमा रहनुभयो, पुत्रमा, र अहिले पवित्र आत्माको रूपमा कार्य गर्दै हुनुहुन्छ। त्यो एउटै तिन कार्यहरुमा हुनुहुन्थ्यो। र तिनीहरुमा...

231 र पिता, पुत्र र पवित्र आत्मा, परमेश्वरको नाउ होइन। परमेश्वरको एउटा नाउ छ, र उहाको नाउ येशू हो। बाईबलले भनेको छ, "स्वर्गको परिवारको नाउ येशू हो, र पृथ्वीको परिवारको नाउ येशू हो।" त्यो सहि हो। त्यसैले परमेश्वरको एउटा नाउ थियो, मानवीय नाउ। उहा...उहाको एउटा नाउ थियो यहोवा–यिरे, यहोवा–राफा, त्यो उहाको इश्वरत्वको उपाधि थियो। तर उहासंग एउटा नाउ थियो जुन येशू हो! र त्यो उहा हुनुहुन्छ।

232 र साच्चिकै मेरा दाजुभाईहरु, यदि तपाई मसंग असहमत हुनुहुन्छ भने, याद गर्नुहोस्, म—म तपाईलाई हरअवस्थामा त्यो पारीको देशमा भेट्नेछु। बुझ्नुभयो? म—म त्यहाँ तपाईसंगै हुनेछु। र परमेश्वरले तपाईहरुलाई आशिष दिनुभएको हो। र म तपाईलाई प्रेम गर्छु।

233 र म अब मण्डलीले यो याद गरेको चाहन्छु, आईतबार बिहान हामीले यहाँबाट लिनेछौ र म तपाईहरुलाई दुइ बजे भन्दा बढी नराख्ने प्रयास गर्नेछु, ताकि हामीले दिवासेवाको सभा गर्न सक्नेछौ, यदि सम्भव हुनसके, र यदि मैले गर्नसके जस्तो मैले आजको राति गरेको छु, साडे दस। के तपाईहरु मलाई क्षमा दिनुहुन्छ? मित्रहरु, प्रिय, हामीसंग पर्याप्त समय अब बाकि छैन। म—म तपाईलाई "प्रिय" भनि बोलाउछु किनभने तपाई प्रिय हुनुहुन्छ। तपाई—तपाईहरु मेरो प्रियहरु हुनुहुन्छ। तपाईलाई थाहा छ के? यहाँ धर्मशास्त्रमा आउनुहोस्। पावलले भनेका थिए, "म तिमीहरु प्रति इश्वरीय डाहका साथ डाह गर्छु (उनको मण्डली), किनकि मैले तिमीहरुलाइ मगनी गरिदिएको छु।" त्यहाँ तपाई हुनुहुन्छ, बुझ्नुभयो। त्यो नै हो। "किनकि म तिमीहरुलाई एउटा पतिको दुलहीको रूपमा उहासंग मगनी गरिदिएको छु।"

234 अब, यदि त्यो सत्य हो भने त्यस दिनमा, उहाले भन्नुभयो...तिनीहरु, मानिसहरुले मलाई भनेका थिए, भने, "येशू तपाईकहाँ आउनुहुनेछ, र तपाईले हामीलाई उहामा प्रस्तूत गर्नुहुनेछ," एउटा कन्या दुलहिको रूपमा। "वचनद्वारा न्याय गरिएको जुन तपाईले तिनीहरुलाई प्रचार गर्नुभएकोछ।" र, हेर्नुहोस्, यदि मैले तपाईहरुलाई त्यहि प्रचार गरेको छु जुन पावलले आफ्नो मण्डलीलाई प्रचार गरेका थिए, यदि उहाको समूह हाम्रोसंग मिल्छ भने, 'किनकि हामीमा एउटै कुरा छ। आमेन। आउनुहोस् हाम्रा शिरहरु झुकाऔ जब हामी यो भन्दै गर्छौ, "परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्।" अब...?...हाम्रो प्रिय पाष्टर भाई नेभिल।

***अभिग्रहण*** *2* NEP60-0518

(Adoption [2])

**अभिग्रहण शृंखला**

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा बुधबार साँझमा मे 18, 1960 मा ब्रन्हाम टेबरनेकल, जेफरसनभिल, इन्डीयाना, संयुक्त राज्य अमेरिकामा प्रचार गरिएको हो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2020 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org